



# जलउपयोग गुरुयोजना

## गुराँस गाउँपालिका, दैलेख

२०८०

# गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रानिमत्ता, दैलेख,
कर्णाली प्रदेश, नेपाल

## धन्यवाद ज्ञापन

तथ्य एवम् प्रमाणमा आधारित भएर निर्माण गरिएको योजना नै विकासको पुञ्ज हो । तथ्यमा आधारित निर्णय प्रक्रिया आजका स्थानीय तहको आवश्यकता हो । आज स्थानीय तहमा रहेको राजनैतिक खिचातानी, पूर्वाग्रह अनि यसले निर्णय प्रक्रियामा पारेको प्रभावलाई चिर्न सूचनामा आधारित विकासको आवश्यकता भएको हो । यही कुरालाई मध्यनजर गरी गुराँस गाउँपालिका र हेल्भेटास नेपालको सहकार्यमा जलउपयोग गुरुयोजना निर्माण गरिएको हो । हामी आज खानेपानी, सरसफाइ, स्वच्छता, सिंचाइ, उर्जा, वातावरण तथा पर्यावरणको क्षेत्रमा कहाँ छौं, नेपाल सरकारको दिगो विकास लक्ष्य हासिल गर्नका लागि सन् २०३० सम्ममा कहाँ पुग्ने हो र ५ वर्षमा कुन कोसेढुङ्गा सम्म पुग्न आवश्यक छ, त्यहाँ पुग्नका लागि हामीले कुन रणनीति अंगिकार गर्ने हो भन्ने विषयलाई यस गुरुयोजनाले स्पष्ट मार्गदर्शन गरेको छ । यो गुरुयोजना गुराँस गाउँपालिकाले बनाएको हो, यसका लागि हाम्रो ठूलो स्रोत, साधन र समय खर्च भएको छ । यस गुरुयोजनालाई कार्यान्वयन गरी जनताको जीवनस्तरमा सुधार ल्याउनु हाम्रो कर्तव्य हो ।

जलस्रोत सम्वन्धि विभिन्न ऐन, कानून, नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई दिएको अधिकार एवम् अन्य प्रचलित कानूनहरुको अधिनमा रही यो गुरुयोजना निर्माण गरिएको छ । गाउँपालिकाभित्र रहेका स्थानीय स्रोत साधनको उच्चतम परिचालन, स्थानीय जलस्रोतको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग, सरकारी नीजि साझेदारिता, समुदायमा आधारित संघसंस्थाहरुको क्षमता विकास आदि रणनीतिलाई यस योजनाले आत्मसात गरेको छ । यो योजना निर्माणको क्रममा विभिन्न सहभागितात्मक विधि, समावेशी योजना प्रक्रियाको अवलम्वन गरिएको छ । योजना निर्माणमा हामी सवैले अमूल्य समय तथा श्रम खर्चिएका छौं । हामीले खर्चिएको समय र श्रम जनताको विकासका लागि उपयोगी भयो वा भएन भनेर खबरदारी गर्ने काम पनि हामी जनप्रतिनिधिहरुको हो । यो योजनामा हामीले हरेक वडा तथा वस्तीहरुको खण्डीकृत तथ्याङ्क निकै मेहनत गरेर संकलन मात्र गरेका छैनौं, ती सूचनाहरुको विश्लेषण, प्रक्षेपण तथा अद्यावधिक गर्ने काममा पनि उत्तिकै समय खर्चिएका छौं ।

यस जलउपयोग गुरुयोजनाले हामीलाई दिशावोध गराउने छ । हामीलाई सही बाटोमा डोऱ्याउने छ र  हामी गन्तव्यमा पुग्नेछौं । नेपाल सरकारको सन् २०३० सम्मको गन्तव्यलाई  भेटाउनका लागि जलस्रोत क्षेत्रको विकास प्रक्रियालाई छिटो, छरितो र सहज बनाउन अहोरात्र खट्ने सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजीवी, महिला, गाउँपालिकाका कर्मचारीहरु लगायत गाउँपालिकामा क्रियाशिल विभिन्न संघसंस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

यस गाउँपालिकाको NWASH अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपूर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउने हेल्भेटास नेपाल, सहजीकरणमा सहयोग पुर्याउने  सोसेक नेपाल प्रति विशेष आभार प्रकट गर्न चाहन्छु । साथै गुरुयोजना निर्माण क्रममा यस गाउँपालिकामा सम्पन्न भएका क्षमता विकास क्रियाकलापहरु, सर्वेक्षणहरु र योजना तर्जुमा गोष्ठीका क्रममा सहजिकरण गर्ने सम्पूर्ण विज्ञहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

यस गाउँपालिकाले आगामी दिनमा जलस्रोतसंग सम्वन्धित नयाँ तथा मर्मत सम्भार सम्बन्धी खानेपानी, सरसफाइ, स्वच्छता, सिंचाइ, उर्जा, वातावरण तथा पर्यावरण संरक्षण आदि क्षेत्रका योजना छनौट गर्दा तथा कार्यान्वयन गर्दा अनिवार्य रुपमा यस जलउपयोग गुरुयोजनामा निर्धारण गरिएको प्राथमिकताक्रम तथा रणनीतिको अनिवार्य रुपमा पालना गरी कार्यान्वयन गर्ने गराउने र लगानी सहकार्यका लागि प्रदेश सरकार र सङ्घीय सरकारहरुसंग समन्वय गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

धन्यवाद ।

---

अध्यक्ष
गुराँस गाउँपालिका

# गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रानिमत्ता, दैलेख,
कर्णाली प्रदेश, नेपाल

## दुई शब्द

गुराँस गाउँपालिकाको जलउपयोग गुरुयोजना भनेको जलस्रोतको क्षेत्रमा गरिने विकासका लागि हाम्रो अग्रिम तयारी हो । यो गुरुयोजनाले हामीलाई जलस्रोत व्यवस्थापनको क्षेत्रमा बाटो देखाउने छ । हेल्भेटास नेपाल र गुराँस गाउँपालिका वीच भएको साझेदारितामा बनेको यो गुरुयोजना ग्रामीण क्षेत्रमा वस्ने महिला, पछि परेका वर्ग, दलित तथा गरिवहरुको योजना हो भन्ने कुरामा म विश्वस्त छु । सहभागितात्मक छलफल, तथ्याङ्कमा आधारित ज्ञानात्मक विश्लेषण, लैङ्गिक र समावेशी योजना प्रकिया सहित सघन सामाजिक र प्राविधिक विश्लेषणको आधारमा यो योजना तयार भएको देख्न पाउँदा म हर्षित भएकी छु ।

खानेपानी, सरसफाइ, स्वच्छता तथा वातावरणको क्षेत्रमा महिलाहरुको असाध्यै ठूलो भूमिका छ । पानी सवैको आवश्यकता भएतापनि घर घरमा पानी बोकेर ल्याउने जिम्मेवारी महिलाहरुको काँधमा छ । एकैछिन धारामा पानी आएन भने अरु कसैको टाउको दुःखाई हुँदैन । यसमा सवैभन्दा बढी टाउको दुःखाई महिलालाई हुन्छ । हाम्रा घरआंगन, बाटोघाटो, चर्पी सबै सफा राख्ने जिम्मेवारी पनि महिलाकै काँधमा छ तर उनीहरु उपभोक्ता समितिहरुका मुख्य पदहरुमा लैजाने सुनिश्चित भने अझै पनि गर्न सकिएको छैन । आज खानेपानीका मूलहरु सुक्दै गएका छन, बाढी तथा पहिरोका कारण हाम्रा खानेपानीका आयोजनाहरु अर्थविहीन भएका छन । जलवायुमैत्री विकास, लैङ्गिक मैत्री तथा समावेशी विकास आजको टड्कारो आवश्यकताको रुपमा विकास हुँदै गएको अवस्थामा यी क्षेत्रहरुलाई समेटेर जलउपयोग गुरुयोजना बनेको देख्न पाउँदा गौरवान्तित महसुस गरेकी छु ।

हामीकहाँ खानेपानीका आयोजनाहरु नभएका होइनन तर ती आयोजनाहरु दिगो हुन नसक्नु नै हाम्रो दुर्भाग्य हो । गाउँपालिकामा खानेपानी, सरसफाइ, स्वच्छता, उर्जा तथा वातावरण हेर्ने क्षमतावान संस्थागत संरचनाको अभाव, समुदायमा खानेपानीको आयोजना सञ्चालन व्यवस्थापन गर्ने क्षमताको अभाव, एकद्वार प्रणालीको अभाव, खानेपानी तथा सरसफाइको क्षेत्रमा पर्याप्त आर्थिक लगानीको अभाव, योजना निर्माण तथा कार्यान्वयनमा समुदायको कमजोर सहभागिता आदि समस्याहरुका कारण गाउँपालिकाभित्र यी क्षेत्रका आयोजनाहरु दिगो हुन सकेका थिएनन । मलाई यस मानेमा खुशी लागेको छ कि अब गाउँपालिकाभित्रका खानेपानी, सरसफाइ, स्वच्छता र जलस्रोत सम्वन्धि आयोजनाहरु दिगो र व्यवस्थित हुनेछ । साथै यो गुरुयोजना कार्यान्वयन गर्न गराउन यस गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु सबैको प्रतिवद्धताको जरुरी छ । साथै गुरुयोजनामा तर्जुमा भएका आयोजनाहरुको कार्यान्वयन गर्न कणाली जल परियोजना र विकास साझेदारहरुको साथ रहने छ भन्ने कुरामा म विश्वस्त छु । खानेपानी लिन जाने र आउने समयमा कटौती भई महिलाहरुको वचेको समय उत्पादनशील कार्यमा लगानी हुने कुरामा म विश्वस्त छु ।

यसरी गुराँस गाउँपालिकाको दिगो विकासका लागि जलउपयोग गुरुयोजना निर्माणमा प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउने हेल्भेटास नेपाल, सहजीकरणमा सहयोग पुर्याउने सोसेक नेपाल प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

यो गुरुयोजनाले जनमुखी योजना निर्माणका लागि हामीलाई पाइलट बनाएको छ । हाम्रै जनताका लागि हाम्रै सहभागितामा बनेको योजनाको सही सदुपयोग गर्ने कर्तव्य पनि हाम्रै हो । अतः आगामी दिनमा गाउँपालिकाको समग्र जलस्रोत क्षेत्रको विकासका लागि योजना तर्जुमा गर्दा यस जलउपयोग गुरुयोजनाकै आधारमा रही योजना तर्जुमा गर्ने प्रतिबद्धता जाहेर गर्दै यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनको लागि सरोकारवालाहरु संघ तथा प्रदेश सरकार एवम विकास साझेदार र स्थानीय व्यक्ति तथा संघसंस्थाहरुको पूर्ण समन्वय तथा सहयोगको लागि अपिल गर्दछु ।

धन्यवाद ।

________

उपाध्यक्ष
गुराँस गाउँपालिका

# विषय सुची

**अध्याय १: परिचय** ........ १

**१.१ पृष्ठभूमि** ........ १

१.१.१ जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानुनी प्रावधानहरु ........ १

१.१.२ एकिकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्त ........ २

१.१.३ दिगो विकासका लक्ष्य ........ ३

१.१.४ अन्तर क्षेत्रगत सवालहरु (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापन) ........ ४

**१.२ जलउपयोग गुरुयोजनाको उद्देश्य र क्षेत्र** ........ ६

१.२.१ खासस्व योजना र जलउपयोग योजना तथा यसको संयोजन ........ ६

१.२.२ जलउपयोग गुरुयोजनाको उद्देश्य ........ ६

१.२.३ जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्रहरु ........ ७

**१.३ जलउपयोग गुरुयोजना तर्जुमामा अपनाइएका पद्दतिहरु** ........ ८

१.३.१ स्थानीय तहका विद्यमान रणनीतिक योजनाको समिक्षा ........ ८

१.३.२ रणनीतिक योजनाको एकीकरण ........ ९

१.३.३ जलउपयोग गुरुयोजना तयारी प्रक्रिया ........ ९

**अध्याय २ पालिका पार्श्वचित्र** ........ १५

**२.१ पालिकाको संक्षिप्त परिचय** ........ १५

**२.२ भौगोलिक अवस्थिति र पहुँच** ........ १७

**२.३ भौगोलिक स्वरूप तथा भू-उपयोग स्थिति** ........ १८

**२.४ प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रको विवरण** ........ १८

**२.५ पालिकाको सामाजिक तथा आर्थिक विवरण** ........ २१

२.५.१ घरधुरी तथा जनसंख्या ........ २१

२.५.२ जातीय संरचना ........ २१

२.५.३ साक्षरता ........ २२

२.५.४ व्यवसाय ........ २२

२.५.५ कृषि र जीविकोपार्जन ........ २३

२.५.६ मौसमी पात्रो ........ २४

२.५.७ मानव संसाधन विश्लेषण ........ २४

२.५.८ स्थानीय निर्माण सामग्री उपलब्धता ........ २५

**२.६ सेवाकेन्द्रहरु सम्बन्धी विवरण** ........ २५

**२.७ विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धि विवरण** ........ २५

**अध्याय ३: विद्यमान जलस्रोतको अवस्था र प्रयोग** ........ २८

**३.१ जलस्रोतको विवरण** ........ २८

**३.२ जलस्रोतको विश्लेषण** ........ २८
३.२.१ अवस्थितिका आधारमा ........ २८
३.२.२ क्षमताका आधारमा ........ २९
३.२.३ गुणस्तरका आधारमा ........ ३०
३.२.४ विद्यमान उपयोग र उप-जलाधार क्षेत्रहरुमा सम्भावित उपयोगका आधारमा ........ ३०
**३.३ विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण** ........ ३२
३.३.१ विद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ३२
३.३.२ विद्यमान योजनाहरुको सञ्चालन अवस्था ........ ३३
३.३.३दिगोपना तथा सुचारुपना अवस्था ........ ३४
३.३.४ विद्यमान खानेपानी योजनाहरुको सुविधास्तर विश्लेषण ........ ३४
३.३.५समेटिएका घरधुरी तथा पानीको प्रयोग प्रकार ........ ३५
३.३.६ निर्माणाधीन योजनाहरु र लक्षित सेवा क्षेत्र ........ ३५
**३.४ विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण** ........ ३६
३.४.१ बस्तीहरुको खुल्ला दिशामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति ........ ३६
३.४.२ विद्यालय तथा सार्वजनिक स्थलको सरसफाइ अवस्था ........ ३७
३.४.३ वातावरणीय सरसफाइको अवस्था ........ ३८
३.४.४ दिसाजन्य लेदो, ठोस फोहर तथा फोहरपानी व्यवस्थापनको विद्यमान अवस्था ........ ३८
**३.५ विद्यमान सिंचाइ योजनाको अवस्था विश्लेषण** ........ ४०
३.५.१ विद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ४१
३.५.२ विद्यमान योजनाहरुको सञ्चालन अवस्था ........ ४१
३.५.३ निर्माणाधीन योजनाहरु र लक्षित सेवा क्षेत्र ........ ४२
**३.६ विद्यमान जलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाको अवस्था विश्लेषण** ........ ४२
३.६.१ विद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ४३
३.६.२ विद्यमान योजनाहरुको सञ्चालन अवस्था ........ ४३
३.६.३ निर्माणाधीन योजनाहरु र लक्षित सेवा क्षेत्र ........ ४३
**३.७ विद्यमान जलउर्जा योजनाहरुको अवस्था विश्लेषण** ........ ४३
३.७.१ विद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ४४
३.७.२ विद्यमान योजनाहरुको सञ्चालन अवस्था ........ ४४
३.७.३ निर्माणाधीन योजनाहरु र लक्षित सेवा क्षेत्र ........ ४५
**३.८ जलस्रोतहरुको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धी संयन्त्र** ........ ४५
**३.९ जलस्रोतमा बिबाद** ........ ४५
**अध्याय ४: गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना** ........ ४६
**४.१ स्थानीय तहहरुको रणनीतिक प्राथमिकता** ........ ४६
**४.२ जलाधार क्षेत्र व्यवस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन** ........ ४८
**४.३ एकजल अवधारणा** ........ ४९
**४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा** ........ ५०
**४.५ पानीको उत्पादनशिल प्रयोग** ........ ५१
**४.६ प्रविधि विकल्प** ........ ५२

**४.७ मापदण्डमा आधारित प्राथमिकीकरण औजार** ......... ५२
**४.८ स्रोत संरक्षण** ......... ५३
**अध्याय ५: जलउपयोग गुरुयोजना** ......... ५४
**५.१ अन्तर विश्लेषण** ......... ५४
**५.२ गुरुयोजनाको परिकल्पना, लक्ष्य तथा उद्देश्यहरु** ......... ५६
**५.२.१ जल उपयोग गुरुयोजनाको परिकल्पना** ......... ५६
**५.२.२ जल उपयोग गुरुयोजनाको लक्ष्य** ......... ५६
**५.२.३ जल उपयोग गुरुयोजनाको उद्देश्यहरु** ......... ५६
**५.३ आवधिक योजनाको सारांश** ......... ५७
५.३.१ खानेपानी योजनाहरु ......... ५८
५.३.२ सरसफाइ योजनाहरु ......... ५९
५.३.३ बहुउपयोगी योजनाहरु ......... ६०
५.३.४ सिंचाइ योजनाहरु ......... ६०
५.३.५ स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु ......... ६१
५.३.६ जलउर्जा योजनाहरु ......... ६३
**अध्याय ६: जिविकोपार्जन कार्यान्वयन योजना** ......... ६५
**६.१ गुराँस गाउँपालिकाको जीविकोपार्जन कार्यान्वयन आवधिक योजना** ......... ६५
**६.१.१ बस्तु तथा सेवा विकास र विस्तार क्षेत्रका क्रियाकलापहरु** ......... ६५
**६.१.२ उत्पादन सम्बन्धि क्षेत्रका क्रियाकलापहरु** ......... ६६
**६.१.३ ब्यवसाय तथा उद्यमशिलता विकास सम्बन्धि क्रियाकलापहरु** ......... ६७
**६.१.४ बजार विकास तथा प्रबर्धन सम्बन्धि क्षेत्रका क्रियाकलापहरु** ......... ६७
**६.१.५ घरवारी ब्यवस्थापन तथा सिंचाई योजना** ......... ६८
**६.१.६ ब्यावसायिक खेती तथा उत्पादनाका लागि प्राथमिकीकरण गरिएका मुख्य बालिहरु** ......... ६८
**अध्याय ७: गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधी** ......... ७१
**७.१ गुरुयोजनामा लगानीका लागि अल्प/ मध्यम/ दीर्घकालीन योजना** ......... ७१
**७.२ पहिलो वर्षको कार्यान्वयन योजना** ......... ७३
**७.३ बजारीकरण रणनीति तथा सरोकारवाला पहिचान** ......... ८२
**७.४ जलाधार/उपजलाधार क्षेत्र व्यवस्थापन रणनीति** ......... ८५
**७.५ गुरुयोजना पुनरालोकन तथा अध्यावधि गर्ने संयन्त्र** ......... ८५
**७.६ गुरुयोजना कार्यान्वयन रणनीति** ......... ८७

# संलग्न तालिकाहरुको सुची


तालिका – 1: प्रशिक्षक प्रशिक्षणका सहभागिता विवरण ........................................................ ११
तालिका – 2: जलउपयोग गुरुयोजना तयारीका प्रमुख चरण तथा मितिहरु .................................... १४
तालिका - 3: वडागत स्थानीय बजार केन्द्रहरु, प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु र पालिका केन्द्रबाट वडा केन्द्रहरुको सडक दुरी विवरण.................................. **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 4: गाउँपालिकाको वडागत रुपमा भू उपयोग सम्बन्धी विवरण..... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 5: पालिकामा भित्र रहेका उप-जलाधार क्षेत्रहरुको विवरण ........ **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 6: वडागत घरधुरी संख्या तथा जनसंख्या विवरण... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 7: जातिगत आधारमा घरधुरी विवरण ............... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 8: वडागत साक्षर जनसंख्या विवरण................. **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 9: व्यवसाय सम्बन्धि विवरण ......................... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 10: वर्षभरि खाद्यान्न उपलब्धता अवस्थाको आधारमा परिवार संख्या विवरण ............... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 11: पालिकामा उपलब्ध सेवाकेन्द्र सम्बन्धि विवरण. **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका – 12: पालिकामा संचालित बचत तथा ऋण सहकारी संस्थाहरुको विवरण . **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 13: पालिकामा कार्यरत विकास साझेदारहरु, गैरसरकारी संस्थाहरु, र समुदायमा आधारित संस्थाहरुको विवरण ............................................ **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 14: पालिकामा अवस्थित जलस्रोतहरुको सारांस तालिका ......... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 15: विद्यमान खानेपानी आयोजनाहरुको सञ्चालन अवस्था......... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 16: विद्यमान खानेपानी आयोजनाहरु र सेवाक्षेत्र विवरण........... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 17: विद्यमान खानेपानी आयोजनाहरुको सञ्चालन अवस्था विवरण **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 18: विद्यमान खानेपानी आयोजनाहरुको सुविधास्तर**ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 19: निर्माणाधीन खानेपानी आयोजनाहरुको वडागत सेवाक्षेत्र विवरण..... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 20: घरायसी सरसफाइ तथा स्वच्छताको विद्यमान अवस्था......... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 21: विद्यालय र सार्वजनिक सेवासंस्थाहरुमा सरसफाइ र स्वच्छताको विद्यमान अवस्था.... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 22: विद्यमान सिंचाइ आयोजनाहरुको विवरण...... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 23: कुलो सिँचाइ आयोजनाहरुको सेवा सञ्चालन अवस्था.......... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**
तालिका - 24: वातावरण तथा पर्यावरण विषयगत विद्यमान आयोजनाहरुको वडागत संख्या.......... **ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गद्दञथङ्घ.**

तालिका - 25: विद्यमान वातावरण तथा पर्यावरण सुधार आयोजनाहरुको सञ्चालन अवस्था ........... **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 26: विद्यमान जलउर्जा आयोजनाहरुको वडागत विवरण........... **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 27: विद्यमान पानी घट्टहरुको सञ्चालन अवस्था ..... **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 30: दिगो विकास लक्ष्य ६.१: खानेपानी सेवा परिणात्मक लक्ष्य र सूचकहरु **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 31: दिगो विकास लक्ष्य ६.२: सरसफाइ सेवा परिणात्मक लक्ष्य र सूचकहरु................. **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 32: गुराँस गाउँपालिकाको पञ्चवर्षीय जलउपयोग गुरुयोजनाको सारांस तालिका........... **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 33: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका खानेपानी आयोजनाहरुको विवरण......... **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 34: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका सरसफाइ आयोजनाहरुको विवरण ........ **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 35: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका परम्परागत कुलो सिंचाइ आयोजनाहरुको विवरण ........................................................................ **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 36: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका लघुसिंचाइ आयोजनाहरुको विवरण........ **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 37: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका स्रोत संरक्षण तथा वातावरण संरक्षण आयोजनाहरुको विवरण.............................................................. **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका - 38: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका जलउर्जा आयोजनाहरुको विवरण ......... **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका – 39: पहिलो वर्षको लागि तर्जुमा गरिएका खानेपानी योजनाहरु .... **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका – 40: पहिलो वर्षको लागि तर्जुमा गरिएको कुलो सिंचाइ योजनाहरु....................................७५
तालिका – 41: पहिलो वर्षको लागि तर्जुमा गरिएका लघुसिंचाइ योजनाहरु......................................७६
तालिका – 42: पहिलो वर्षको लागि तर्जुमा गरिएका वातावरण तथा स्रोत संरक्षण योजनाहरु.......... **ङ्चचद्वच! ख्द्वण□कचण थद्व□ घङ्गद्दत्रथङ्घ.**
तालिका – 43: पहिलो वर्षको लागि तर्जुमा गरिएको सुधारिएको पानीघट्ट योजना ...............................७९
तालिका – 44: पहिलो वर्षको लागि तर्जुमा गरिएका सरसफाइ योजनाहरु ................................... ८०

## संलग्न चित्रहरुको सुची

चित्र नं. 1 : दिगो विकास लक्ष्यहरु ...........................................................................३
चित्र नं. 2: जलउपयोग गुरुयोजना तयारीका मुख्य चरण तथा खुड्किलाहरु ..................................१०
चित्र नं. 4 : गाउँपालिकाको भू उपयोग सम्बन्धि अवस्था विश्लेषण.............................................१९
चित्र नं. 5 : पालिकामा उप-जलाधार क्षेत्रहरु र खोला खोल्सी जलग्रह ....................................... २०
चित्र नं. 6 : पालिकाको मौसमी पात्रो................................................................... २४
चित्र नं. 7 : पालिकामा उपलब्ध दक्ष जनशक्ति विवरण........................................................ २४
चित्र नं. 8 : अवस्थितिका आधारमा पालिकामा जलस्रोतहरु...................................................२९
चित्र नं. 9 : क्षमता (लिटर प्रति सेकेन्ड पानीको बहाव) का आधारमा जलस्रोतहरुको विश्लेषण .............२९

चित्र नं. 10 :  स्रोतको भौगोलिक अवस्थिति विश्लेषण नक्सा.. ङ्कचचद्वच! ख्द्धद्वण्कचण थद्व् घङ्गद्गत्रथङ्गघ.
चित्र नं. 11 :  विद्यमान मूलमुहान स्रोतहरुमा उपलब्ध पानीको गुणस्तर विश्लेषण... ङ्कचचद्वच! ख्द्धद्वण्कचण थद्व् घङ्गद्गत्रथङ्गघ.
चित्र नं. 12 :  विद्यमान परिप्रयोगका आधारमा जलस्रोत विश्लेषण ........... ङ्कचचद्वच! ख्द्धद्वण्कचण थद्व् घङ्गद्गत्रथङ्गघ.
चित्र नं. 13 :  सम्भावित परिप्रयोगका आधारमा जलस्रोत विश्लेषण.......... ङ्कचचद्वच! ख्द्धद्वण्कचण थद्व् घङ्गद्गत्रथङ्गघ.
चित्र नं. 14 :  गुराँस गाउँपालिकाको पञ्चवर्षीय जलउपयोग गुरुयोजनाको सारांस चित्र...................... ५८
चित्र नं. 15 :  जलस्रोत संरक्षण तथा जलउपयोग क्षेत्रका सरोकारवाला पहिचान चित्र.........................८३

## संलग्न अनुसूचीहरुको सुची

अनुसूची-१ SA-१: घरधुरी तथा जनसंख्या सम्वधी विवरण
अनुसूची-१ TA- १: अबस्थित जलश्रोतहरुको विवरण
अनुसूची-२ TA-१: विद्यमान खानेपानी योजनाहरुको विवरण
अनुसूची-३ TA-५: घरायसी सरसफाइ तथा स्वच्छताको विवरण
अनुसूची-४ TA-१: सिचाई योजनाको विवरण
अनुसूची-४ TA-२: विद्यमान सिंचाई योजनाको विवरण
अनुसूची-४ TA-३: निर्माणाधिन सिचाई योजनाको विवरण
अनुसूची-४ TA-४: विद्यमान सिचाई पोखरी योजनाको बिबरण
अनुसूची-४ TA-५: बाताबरण जलबायु योजनाको विवरण
अनुसूची-४ TA-६: बाताबरण तथा पर्याबरणसंग सम्बन्धि योजना
अनुसूची-४ TA-७: गुराँस गाउँपालिकाको पन्च बर्षीय योजना तर्जुमा विवरण

# संक्षेप र संक्षिप्त नामहरुको सुची

| | |
|---|---|
| पालिका | भन्नाले गुराँस गाउँपालिकालाई सम्झनु पर्दछ । |
| जलउपयोग गुरुयोजना | भन्नाले गुराँस गाउँपालिकाको "जलउपयोग गुरुयोजना २०८०-२०८४ (सन् २०२३ -२०२७)" लाई सम्झनु पर्दछ। |
| एस.डी.ज़ी. | भन्नाले संयुक्त राष्ट्र संघको "दिगो विकास लक्ष्य सन् २०१६-२०३०" लाई सम्झनु पर्दछ । |
| एस.डी.पी. | भन्नाले नेपाल सरकार, खानेपानी मन्त्रालयको "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ । |
| नेपाल रोडम्याप | भन्नाले नेपाल सरकार, राष्ट्रिय योजना आयोगको "नेपाल: दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ । |
| जलस्रोत व्यवस्थापनकुर्सी | भन्नाले जलउपयोग गुरुयोजनालाई नेपाल सरकारको विद्यमान क्षेत्रगत् विकास संरचनाहरु, कानुनी प्रावधानहरु र दिगो विकास अवधारणा अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाई योजना निर्माण प्रकृयालाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अवलम्बन गरिएको जलस्रोत व्यवस्थापनकुर्सिको चित्रगत अवधारणालाई सम्झनु पर्दछ । यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापनकुर्सीले औल्याएका क्षेत्रहरुमा केन्द्रित रहेर पालिकाको जलउपयोग गुरुयोजना निर्माण गरिन्छ। |
| जलउपयोग सेवा प्रदायक | भन्नाले जलउपयोग आयोजना सञ्चालन व्यवस्थापन गर्ने उदेश्यले स्थापना भई नेपाल सरकार अन्तर्गत दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्था वा उपभोक्ता समूह वा निजि उद्योग वा नागरिक समाज वा समूह वा व्यक्तिहरुलाई सम्झनु पर्दछ । हाल नेपालमा जलउपयोग आयोजना सञ्चालन व्यवस्थापनको भूमिका गर्दै आएका नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण, जल उपयोग प्रयोजनका उपभोक्ता समिति, निजि उद्योग, जल उपयोग स्व-सेवा गर्ने ससाना उपभोक्ता समूह वा परिवार, आदि समेत जल उपयोग सेवा प्रदायक अन्तर्गत पर्दछन । |
| खानेपानी सुविधास्तर | भन्नाले खानेपानी आयोजनाहरुले उपभोक्ता घरपरिवारहरुलाई उपलब्ध गराएको खानेपानीको चार तहको सुविधास्तरहरु सुरक्षित व्यवस्थापन सुविधास्तर, आधारभुत सुविधास्तर, सिमित सुविधास्तर, र सुविधा नभएको (सुन्य सुविधास्तर) लाई बुझ्नु पर्दछ । खानेपानी सुविधास्तर सूचकहरु परिमाण, गुणस्तर, पहुच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सुविधास्तर निर्धारण हुन्छ । यी चारवटा सुविधा सूचकहरुको समग्र सुविधास्तरलाई खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । अर्थात् खानेपानी सुविधास्तर भन्नाले यस जलउपयोग गुरुयोजनामा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । |
| सिबिआरटी | भन्नाले तर्जुमा गरिएका आयोजनाहरुको कार्यान्वयन प्राथमिकता निर्धारण गर्दा प्रयोग गरिने "मापदण्डमा आधारित प्राथमिकीकरण औजार" लाई बुझ्नु पर्दछ। |

# कार्यकारी सारांश

कुनै निश्चित स्थान भित्र रहेका पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको एकोकृत आवधिक योजना जलउपयोग गुरुयोजना हो । जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै परिकल्पना, लक्ष्य, र लगानी नीति समेत समेटिएको हुन्छ । गुरुयोजनालाई समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद न्युनिकरण तथा समाधान गर्नका साथै सुशासन कायम गरी संस्थागत क्षमता अभिवृद्धि गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा लिन सकिन्छ ।

जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्देश्य भनेको स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो गाउँपालिका क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँट मार्फत दिगो रुपमा पानीसंग सम्वन्धित आवश्यकताहरु पुरा गर्नु रहेको छ। गुरुयोजनाले जलवायु परिवर्तन अनुकूलन तथा संम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागि समुदाय र स्थानीय सरकारको क्षमता विकास गर्नुका साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरु जस्तै एकजल अवधारणा, र पानीको उत्पादनशिल उपयोगका लागि स्थानीय जनसमुदायहरुलाई शसक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुऱ्याउंदछ ।

जलउपयोग गुरुयोजनाको तयारी प्रकृया मार्फत महिला, पछाडी परेका समुदाय, अति विपन्न, सीमान्तकृत समुदाय र पानीको उपभोगमा बन्चितिकरणमा परेका भूगोल र समुदायहरुलाई मापदण्डमा आधारित आयोजना प्राथमिकिकरणका सूचकहरुका माध्यमबाट मुलप्रभाविकरण गर्दै खानेपानी लगायतका संविधानले सुनिश्चित गरेका जलस्रोत उपयोगका क्षेत्रहरुका मौलिक हकलाई समेत पुरा गर्न योगदान पुऱ्याउंदछ ।

यस गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणका लागि तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिबेदन लेखन तथा प्रतिबेदन प्रमाणीकरण चरणहरुमा क्षेत्रगत प्राविधिक र सामाजिक विज्ञहरुको परिचालन गरी तथ्याङ्क संकलन, प्रमाणीकरण, बिश्लेषण, र प्रतिबेदन तयार गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि NWASH सफ्टवेयर र Collect KoBo मोबाइल एप्लिकेशनको प्रयोग गरिएको छ । संकलित तथ्याङ्कहरुलाई एकत्रित गरी तथ्याङ्कमा रहेका त्रुटीहरु हेल्भेटास नेपालको सहयोगमा समन्वय गरी सच्याउने, सान्दर्भिक नरहेका तथ्याङ्कहरुलाई हटाउने कार्य गरिएको थियो। संकलित तथ्याङ्कहरुलाई वडास्तरमा प्रमाणिकरण गोष्ठी सञ्चालन गरी छुटेका तथ्याङ्कहरु लिने र शुद्धीकरण गरिएको थियो । गाउँपालिकाका ८ वटै वडाहरुमा वडास्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन मार्फत योजनाहरुको प्राथमिकीकरण पश्चात गाउँपालिकास्तरमा तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो ।

जलउपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्याङ्कहरुलाई विभिन्न विधिहरु अपनाई विश्लेषण गरिएको छ । विश्लेषण गरिएका तथ्याङ्कहरुलाई गाउँपालिकामा उपलब्ध अन्य तथ्याङ्कहरुसंग तुलना सहित सरोकारवालाहरु माझ गरिएका छलफल अन्तरक्रिया पश्चात आवश्यक तालिका, ग्राफ, र अनुसूची राखि त्यसको ब्याख्यात्मक स्वरुपमा यो प्रतिबेदन तयार गरिएको छ । गुराँस गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणका क्रममा विभिन्न चरणहरु (१३ वटा खुड्किलाहरु) मा सम्पन्न गरिएका प्रक्रियागत क्रियाकलापहरु निम्न अनुसार रहेका छन् ।

- तयारी चरण अन्तर्गत गाउँपालिका, हेल्भेटास नेपाल र सांझेदारहरु बिचको सम्झौता, सुरुवात प्रतिवेदन, तथ्याङ्क संकलनका औजार तथा विधिहरुको छनौट, अभिमुखीकरण तालिम, कार्ययोजना तयारी, आदि गरिएको थियो ।
- क्षमता विकास चरणमा ८ जना तथ्याङ्क संकलकहरुलाई N-WASH/Collect KoBo सफ्टवेयर र तथ्याङ्क संकलन विधि सम्बन्धि तालिम सञ्चालन गरिएको थियो ।
- १६० वटा टोलवस्तीहरुमा सामाजिक तथा प्राविधिक तथ्याङ्कहरु संकलन गरिएको थियो । ति तथ्याङ्कहरु संकलन गर्दा महिला तथा पछाडि परेका वर्गका सवालहरुको अध्ययन गरिएको थियो ।

- ८ वटै वडाहरुमा वडास्तरीय १/१ दिने क्षमता विकास तालिमहरु सम्पन्न गरिएको थियो । यस गोष्ठीमा वडा निर्वाचित पदाधिकारीहरु, वडामा रहेका राजनैतिक दलका प्रतिनिधीहरु, वडामा जलस्रोत क्षेत्रमा कार्यरत संघसस्थाका प्रतिनिधिहरु, वडा कर्मचारीहरु (सचिब र प्राविधिक), वडा तहमा गुरुयोजना तयारीका लागि प्राविधिक कार्यसमूहका सदस्यहरु, आमा समूह प्रतिनिधि, दलित तथा जनजाती संघ संस्था/संजाल प्रतिनिधि, अपांगता भएका व्यक्तिहरुको प्रतिनिधि, आदिको सहभागिता रहेको थियो । यस गोष्ठीमा लैगींक समानता र सामाजिक समावेशीकरणका विषयवस्तुहरु, नेतृत्व विकास, जल अधिकार, एकिकृत जलस्रोत व्यवस्थापन, जलउपयोग गुरुयोजना तर्जुमा प्रक्रिया, जलसुशासन, एक जल अवधारणा, आदि विषयवस्तुहरुमा कार्यक्रम सञ्चालन भएको थियो ।
- गाउँपालिकास्तरमा १ पटक अभिमुखीकरण तथा परिकल्पना गोष्ठी र १ पटक तथ्याङ्क प्रमाणिकरण तथा योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो ।

**विश्लेषणबाट प्राप्त मुख्य तथ्याङ्कहरु र योजना तर्जुमा सारांस:**

- राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गुराँस गाउँपालिकाको कूल घरधुरी संख्या ४५४१ र जनसंख्या २११८९ रहेको देखिन्छ (https://cbs.gov.np) । जलउपयोग गुरुयोजनाको तथ्याङ्क अनुसार गुराँस गाउँपालिकामा कुल घरधुरीसंख्या ५६९१ तथा कुल जनसंख्या २३३२८ रहेको देखिन्छ । गाउँपालिकाको प्रोफाइल २०७४ मा गरिएको घरधुरी सर्वेक्षण अनुसार गुराँस गाउँपालिकाको घरधुरी संख्या ३९७८ र जनसंख्या २३७२५ रहेको छ । जल उपयोग गुरुयोजना तर्जुमा प्रक्रिया अन्तर्गत टोलको सर्भेक्षण अनुसार विवरण संकलन गरिएको घरधुरी संख्या बढ्नुको कारण नेपाल सरकारको नीति अनुसार प्रत्यक घरमा खानेपानी पुर्‍याउनु पर्ने भएको र जसले गर्दा घरधुरी दोहोरिन गएकोले जलउपयोग गुरुयोजनाको घरधुरी बढी देखिन आएको छ । यस गाउँपालिकाको बजार क्षेत्रमा घर हुनेहरुको गाउँमा समेत घर तथा बसोबास हुने गरेकोले जल उपयोग गुरुयोजना र गाउँपालिका प्रोफाइलको घरधुरी संख्या राष्ट्रिय जनगणनाको तथ्याङ्क भन्दा बढी भएको हुन सक्दछ । दुई ठाउँमा घर हुनेहरुका लागि दुबै ठाउँमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध हुनु पर्ने भएकोले गुरुयोजनाको यस घरधुरी तथ्याङ्कलाई जल उपयोग प्रयोजनका लागि घरधुरी संख्या भनेर बुझ्नु पर्दछ ।
- यस गाउँपालिकामा ७ वटा उपजलाधारहरु कालेखोला, मैनखोला, रतिखोला, लोहोर खोला, ठूलोखोला, पिरेखोला र झुजखोला उपजलाधार क्षेत्रहरु रहेका छन् । यी उपजलाधारहरुको मुख्य स्रोत मध्य पहाडी क्षेत्र रहेको छ । यी ७ वटै उपजलाधार क्षेत्रहरुमा प्रशस्त संख्यामा शाखा खोला खोल्सी र मूलमुहान स्रोतहरु समेत रहेका छन् । यस पालिकामा रहेका स्रोतहरुको सर्वेक्षण गर्दा १०५३ वटा मूलहरु (कुवा/नाउला समेत) को तथ्याङ्क संकलन भएको छ भने नदि/ खोला/ खोल्सीहरुको ६७ स्थानहरुमा मापन भएको छ ।
- गुराँस गाउँपालिकामा हाल सञ्चालनमा रहेका जम्मा ६४ वटा विद्यमान खानेपानी आयोजनाहरुको सञ्चालन व्यवस्थापन अवस्था अध्ययन गर्दा ३९.०६% (जम्मा २५ योजना) आयोजनाहरुको सञ्चालन अवस्था व्यवस्थित स्तरको रहेको छ, २८.१३% (जम्मा १८ योजना) आयोजनाहरुको सञ्चालन अवस्था सन्तोषजनक रहेको छ भने ३२.८१% (जम्मा २१ योजना) आयोजनाहरुको सञ्चालन अवस्था अव्यवस्थित अर्थात् न्यूनस्तरको रहेको छ । विद्यमान खानेपानी आयोजनाहरुबाट उपभोक्ताहरुलाई वितरण गरेको खानेपानी सुविधा विश्लेषण गर्दा यस पालिकाका १५.६२% घरधुरीहरुले मात्र आधारभूत खानेपानी सुविधास्तर पाएको देखिन्छ भने १२.७% घरधुरीहरुलाई सिमित सुविधास्तरको खानेपानी सेवा अर्थात् आधारभूत भन्दा तल्लो स्तरको खानेपानी सुविधा रहेको देखिन्छ । यसैगरी ७१.७३% घरधुरीहरुलाई सुविधा नभएको खानेपानी सेवा अर्थात् सिमित सुविधा र आधारभूत भन्दा तल्लो स्तरको खानेपानी सुविधा रहेको देखिन्छ । यस जलउपयोग गुरुयोजनामा सबै बस्ति र घरपरिवारको खानेपानी सेवास्तर वृद्धि गर्नको लागि १७९ वटा नयाँ/मर्मत/पुननिर्माण खानेपानी योजना तर्जुमा गरिएको छ । गाउँपालिका भित्रका सबै जनताको खानेपानी

सेवास्तर आधारभूत वा सो भन्दा माथिल्लो सुविधा स्तरमा उन्नती हुने गरी यो पञ्चवर्षीय गुरुयोजना योजना तर्जुमा भएको छ ।

- गुराँस गाउँपालिकाका हरेक घरधुरीमा शौचालय निर्माण भई गाउँपालिका खुला दिशामुक्त घोषणा भएको स्थिति रहेतापनि समाजमा प्रचलित रितिरिवाजका कारण विशेष समयहरुमा चर्पी प्रयोग नगर्ने, विद्यालयहरुमा शौचालयको अपर्याप्त सुविधा, सार्वजनिक शौचालय निर्माण नभएका, आदि कारणहरुले गर्दा अझै पनि कतै कतै खुला दिशा देख्न सकिन्छ ।
- यस पालिकामा साबुन सहितको हात धुने स्थान रहेका घरधुरी ४६.७८% रहेको देखिन्छ । चाङ्ग, जुठ्यान भएका ४६.४८% र व्यवस्थित ठोस फोहर व्यवस्थापन भएका घरधुरी ९.८९% मात्र रहेका छन् । यस पालिकामा रहेका जम्मा ४६ वटा विद्यमान सामुदायिक विद्यालयहरुमा खानेपानी र शौचालयको व्यवस्था र दिशाजन्य लेदोको व्यवस्थित व्यवस्थापन भएको भएतापनि २६ वटा विद्यालयहरुमा मात्र व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएको देखिन्छ । यस गाउँपालिकामा दिसाजन्य ढल निकासको निर्माण भएको छैन । शौचालयका दिसाजन्य फोहर सोहि स्थानमा जमिन मुनि सोसिने खाडल बनाएर वा सेप्टिक टङ्की बनाएर व्यवस्थापन गरिएको छ । फोहर पानी प्रशोधनशाला, ल्याण्डफिल साईट आदि निर्माण भएका छैनन् । जलउपयोग गुरुयोजनामा यस गाउँपालिकालाई ५ वर्ष भित्रमा पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्ने योजना रहेको छ जस अन्तर्गत ठोस फोहोर व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण र विद्यालय वास तीन तारा घोषणा गर्ने आयोजनाहरु तर्जुमा भएका छन् ।
- त्यसैगरी गुराँस गाउँपालिकामा विद्यमान सिंचाइ कुलो आयोजनाहरु ३३ छन् भने ८९ वटा लघुसिंचाइ आयोजनाहरु छन् जसबाट हाल ५९७० रोपनी जमिन सिंचाइ भएको छ । साथै ७ वटा निर्माणाधीन लघु सिंचाइ आयोजनाबाट २०५४ रोपनी जमिन सिंचाइ हुनेछ । विद्यमान कुलो सिंचाइ आयोजनाहरुको सञ्चालन अवस्था मुल्यांकन गर्दा ५७.५८% आयोजनाहरु मात्र राम्रो सञ्चालनमा रहेको, ३३.३३% आयोजनाहरु आंशिक सञ्चालनमा, र ९.०९% आयोजनाहरुको सेवा बन्द अवस्थामा रहेको छ । गाउँपालिकाका खेतियोग्य जमिनमा सिंचाइ सेवा वृद्धि गर्नको लागी यस गुरुयोजनामा २४३ वटा नयाँ/मर्मत/पुनःनिर्माण कुलो सिंचाइ आयोजनाहरु तर्जुमा भएका छन् ।
- गुराँस गाउँपालिकामा रहेका जम्मा १५ वटा विद्यमान वातावरण तथा पर्यावरण संरक्षण आयोजनाहरुको सञ्चालन अवस्था विश्लेषण गर्दा, ५७% आयोजना मात्र राम्रो सञ्चालनमा रहेका छन् भने २१.५०% आयोजनामा मध्यम स्तरको सञ्चालन व्यवस्थापन रहेको छ । गुराँस गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत गाउँपालिका क्षेत्रभित्र जम्मा ३१३ वटा वातावरण तथा पर्यावरण संरक्षण आयोजनाहरु तर्जुमा भएका छन् जसमध्ये ८ वटा पहिरो नियन्त्रण योजना र १२२ वटा नदि नियन्त्रण तथा तटबन्धन, १३७ वटा बृक्षारोपण, र २४० वटा मूल सुधार योजनाहरु रहेका छन् ।
- गुराँस गाउँपालिकामा जलउर्जा क्षेत्रमा जम्मा १५ वटा बाह्रै महिना सञ्चालनमा रहेका परम्परागत घट्टहरु र ६ वटा सुधारिएको घट्ट र ३५ वटा पानी घट्ट रहेका छन् । विद्यमान पानीघट्टहरुको अवस्था अध्ययन गर्दा सबै ७५% घट्टहरु राम्रो संचालनमा रहेको र २५% आंशिक संचालनमा रहेको देखिन्छ । गुराँस गाउँपालिकामा पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत पालिका भरिमा जम्मा १६ वटा सुधारिएको घट्ट आयोजना तर्जुमा भएको छ । उक्त आयोजनाहरुबाट गाउँपालिकाका करिब सबै बस्तिहरुलाई कुटानी, पिसानी, पेलानी सेवा उपलब्ध हुनेछ ।

गुराँस गाउँपालिकाको पञ्चवर्षीय जलउपयोग गुरुयोजनामा ३२९ वटा जलस्रोत संरक्षण योजनाहरू तर्जुमा भएका छन् जसको कुल अनुमानित लागत रु १०,१९,००,०००रहेको छ । यस गुरुयोजनाको लागत अनुमान गर्दा हालको इकाई परल मुल्यका आधारमा अनुमान गरिएको छ योजनाहरुको अनुमानित लागतमा वार्षिक मूल्यवृद्धि प्रक्षेपण गरिएको छैन ।

# अध्याय १: परिचय

## १.१ पृष्ठभूमि

जलाधार क्षेत्रमा उपलब्ध पानीका स्रोतहरुको संरक्षण, सन्तुलित उपयोग र न्यायोचित तथा समतामूलक वितरणका लागि उक्त जलाधार क्षेत्रका समुदायहरुको सहभागितामा तयार गरिने एकिकृत जलस्रोत व्यवस्थापन तथा उपयोगको आवधिक योजना नै जलउपयोग गुरुयोजना हो । जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको विश्लेषण, विद्यमान उपयोग अवस्था, आयोजनाहरुको सञ्चालन अवस्था, सम्भावित जलउपयोग तथा सेवा अवस्थाको परिकल्पना, लक्ष्य, रणनीति, योजना तर्जुमा, प्राथमिकीकरण, लागत अनुमान, लगानी सरोकारवालाहरुको पहिचान तथा बजारीकरण नीति समेत समेटिएको हुन्छ । जलउपयोग गुरुयोजनालाई स्थानीय सरकारको क्षमता विकास, वातावरण तथा पर्यावरण संरक्षण, स्रोतहरुको विवेकपूर्ण तथा बहुउपयोग, जलस्रोत सम्बन्धी विवाद समाधान साथै संस्थागत क्षमता अभिवृद्धि सहितको दिर्घकालिन जलस्रोत क्षेत्रगत योजना तर्जुमा गर्ने औजारको रुपमा लिन सकिन्छ । त्यसैगरी गरिब र सीमान्तकृत समूहको बसोबास भएका क्षेत्रहरूलाई विशेष प्राथमिकता दिंदै पानीका स्रोतहरुको संरक्षण तथा व्यवस्थापन र उपयोगमा ती समूहहरुको सहभागिता सुनिश्चित गर्नुका साथै जलउपयोग सेवामा पछाडी परेका र सामाजिक तथा आर्थिक रुपले जोखिममा रहेका समूहहरुको जलउपयोगमा पहुँच सुनिश्चित गर्न जलउपयोग गुरुयोजना प्रभावकारी औजारको रुपमा रहेको छ ।

जलउपयोग गुरुयोजनाले विश्वव्यापि सर्वमान्य जल व्यवस्थापनका सिद्धान्तहरुलाई पुर्णतया अंगिकार गरेको छ, जुन निम्न प्रकार छन् । सन १९९२ को जनवरीमा डब्लिन सम्मेलनले स्वच्छ पानीका स्रोतहरुको व्यवस्थापन गर्न चार मार्गदर्शक सिद्धान्तहरु स्थापित गरेको छ । साथै सन् १९९२ को जुन महिनामा रियोदि जनरियोमा सम्पन्न सयुक्त राष्ट्रसंघको वातावरण र विकास सम्मेलनको एजेण्डा २१ मा एकीकृत जलस्रोत व्यवस्थापन सम्बन्धी उक्त  डब्लिन सिद्धान्तलाई अनुमोदन गरेको छ । जुन निम्न अनुसार छन् ।

- शुद्ध पानी सिमित र जोखिमपूर्ण अवस्थामा रहेको छ, जुन बाँच्न, विकास गर्न तथा वातावरणीय दृष्टीकोणले अत्यावश्यक छ ।
- पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनुपर्छ जसले उपभोक्ता, योजनाविद्  र नीति निर्मातालाई समाहित गर्दछ ।
- पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको भुमिका महत्वपुर्ण हुन्छ ।
- पानी सामुदायिक वस्तु हुनुका साथै यसको सामाजिक र आर्थिक रुपले उच्च महत्व रहेको छ।

### १.१.१ जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानुनी प्रावधानहरु

नेपालको संविधान २०७२ को भाग ३ मा रहेको मौलिक हक र कर्तव्यको धारा ३०(१) मा स्वच्छ वातावरणको हकमा "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ" भन्ने उल्लेख छ भने धारा ३५(४) अन्तर्गत स्वास्थ्य सम्बन्धि हकमा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भन्ने उल्लेख छ । संविधानको धारा ५१ अन्तर्गत राज्यका नीतिमा जनसहभागितामा आधारित जलस्रोतको उपयोग, स्थानीय समुदायलाई प्राकृतिक स्रोतको उपयोगमा प्राथमिकता र अग्राधिकार दिनुपर्ने र आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँचका साथै पछाडि परेका वर्ग, क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।

नेपालको संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकार सूचिको व्यवस्था गरेको छ । उक्त सूचिमा उल्लेख भए अनुसार आधारभूत स्वास्थ्य र सरसफाइ, खानेपानी, साना जलविद्युत आयोजना तथा जलाधार संरक्षण जस्ता विषयहरू स्थानीय तहको अधिकार अन्तर्गत पर्दछन् । खानेपानी

ऐन २०७९ को परिच्छेद १० उपदफा ५६ मा “नेपाल सरकारले पानीका स्रोत, परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र तथा खानेपानी तथा सरसफाइ प्रणालीका सम्पूर्ण अवयवहरु प्रस्ट देखिने गरी तोकिएको समयावधि भित्र विद्युतीय अभिलेख सहितको एकीकृत नक्सा तयार गर्नु पर्नेछ” भन्ने उल्लेख गरि गाउँपालिकाहरुको खानेपानी सरसफाइ तथा स्वच्छता योजना तर्जुमा तथा व्यवस्थित अभिलेखीकरणमा जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ अन्तर्गत योजना तर्जुमा तथा कार्यान्वयनमा “गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत र विषयक्षेत्रगत योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ” भनी उल्लेख गरेको छ ।

नेपाल सरकारले दिगो विकास लक्ष्य लगायत जलस्रोत, वातावरण, खानेपानी र सरसफाइसित सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय घोषणा तथा अभिसन्धिहरूको अनुमोदन गर्दै तिनको कार्यान्वयनका लागि प्रतिबद्धता जनाएको छ । दिगो विकास लक्ष्यको छैटौँ बुँदाले सन् २०३० सम्म खानेपानी तथा सरसफाइमा सबैको खासगरी महिला, बालबालिका तथा जोखिममा परेका समुहका लागि पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

संविधान प्रदत्त मौलिक हकहरूको निर्बाध उपभोग तथा दिगो विकास लक्ष्य प्राप्तिका लागि जलस्रोतको बहुआयामिक उपयोग र त्यसको प्रभावकारी व्यवस्थापन अत्यावश्यक छ र यस कार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लिखित अधिकार क्षेत्रहरू उपयोग गरी प्रभावकारी जलस्रोत व्यवस्थापनद्वारा नागरिकको मौलिक अधिकार सुरक्षित गर्ने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिगो विकास लक्ष्यहरू खास गरी दिगो विकास लक्ष्य अन्तर्गत छैटौं लक्ष्यको प्राप्तिका लागि र लक्ष्य ५, ७ र १३ प्राप्त गर्न सहयोगका लागि यो जलउपयोग गुरुयोजना तयार गरिएको छ ।

### १.१.२ एकिकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्त

जलउपयोग गुरुयोजना भनेको जलस्रोतको योजना तयार गर्ने एकीकृत, सहभागितात्मक र समावेशी पद्धति हो । यो कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरूको विकास एवम् त्यसको न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि स्थानीय समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना हो । यसमा स्थानीय समुदायको सहभागितामा स्थानीय स्तरमा उपलब्ध पानीका स्रोतहरूको पहिचान तथा मापन गर्नुका साथै तिनलाई कुन कुन प्रयोजनका निम्ति उपयोग गर्ने भन्ने निर्णय गरिएको हुन्छ । यसमा योजनाहरूको लागत अनुमानका साथै तिनलाई कार्यान्वयन गर्ने रणनीति, लक्ष्य र परिकल्पना समेत समेटिएको हुन्छ । यसले स्थानीय समुदाय, विशेष गरेर पछाडि रहेका समुहहरूको क्षमता विकास गर्न, पानीका स्रोतहरूको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, जलस्रोत सम्बन्धि विवाद समाधान गर्नका साथै सुशासन कायम गरी संस्थागत क्षमता अभिवृद्धि गर्न सहयोग गर्दछ ।

यस गुरुयोजनाको स्वामित्व सम्बन्धित गाउँपालिकामा रहेको हुन्छ भने समन्वयको जिम्मेवारी गाउँपालिका स्तरीय जलस्रोत/खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा रहेको हुन्छ । यस गुरुयोजनाले वातावरणीय पक्ष, जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्ने जस्ता विषयहरूमा समुदायलाई सुसूचित हुन जोड दिन्छ । यो गुरुयोजना सुशासनको प्रवर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितताका लागि पारदर्शिता, सहभागिता र जवाफदेहिताको अभ्यास गराउँदै महिला तथा विभिन्न जातजातिहरूको समानुपातिक प्रतिनिधित्व मार्फत् स्थानीय समुदायहरूको सहभागितात्मक अवधारणा अबलम्बन गरी तयार गरिन्छ ।

### १.१.३ दिगो विकासका लक्ष्य

सहस्राब्दी विकास लक्ष्यहरूको सापेक्षिक सफलतामा आधारित रहेर दिगो विकासका लक्ष्यहरूलाई सन् २०३० सम्ममा अवलम्बन गर्न र हासिल गर्न नेपाल प्रतिबद्ध रहेको छ । दिगो विकास लक्ष्यले अन्तर्राष्ट्रिय स्तरमै सहमति भएका साझा विकासका उद्देश्यहरू तथा सवालहरुमा विश्व समुदायको एकवद्धता हुनुका साथै विश्वव्यापी न्यायोचित तथा समतामुलक विकासका महत्वाकाङ्क्षाहरूलाई सामाजिक, आर्थिक र वातावरणीय अभिलाषाहरूमा व्यापक रूपमा प्रतिविम्बित गरेको छ। दिगो विकास लक्ष्यहरू केवल अन्तर्राष्ट्रिय महत्वपूर्ण कोसेढुङ्गा मात्र नभएर विश्वव्यापी साझा प्रगतिका निम्ति नेपालले गरेका प्रतिबद्धताहरूलाई समेत प्रतिनिधित्व गरेको छ ।

दिगो विकास लक्ष्यहरू सरकारको मात्र जिम्मेवारी नभएर सबै नागरिक तथा यसको कार्यन्वयनमा सहजीकरण गर्ने सबै संस्थागत निकायहरुको उत्तिकै जिम्मेवारी रहेको छ । यी लक्ष्यहरू हासिल गर्नका निम्ति नेपाल सरकार राष्ट्रिय योजना आयोगले "दिगो विकास लक्ष्यहरु: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०" तयार गरी लागु गरेको छ । नेपाल सरकारले तयार गरेको भावी मार्गचित्र (Roadmap) अनुसारका लक्ष्य प्राप्तिकालागि राष्ट्रिय, प्रादेशिक र स्थानीय तहका सरकारहरू बीच प्रभावकारी समन्वयका साथै सरकारी, गैरसरकारी, विकास साझेदार, नीजि र सामुदायिक क्षेत्रहरूसँग रणनीतिक साझेदारी गर्न आवश्यक छ ।

संयुक्त राष्ट्रसङ्घले सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकासका १७ वटा लक्ष्यहरू र १६९ वटा परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छ । सहस्राब्दी विकास लक्ष्यहरूलाई प्रतिस्थापन गर्ने गरी पृथ्वी, मानिस र तिनीहरूको समृद्धिको निम्ति विश्वव्यापी रूपमा सहमति गरिएका विकासका साझा खाका नै दिगो विकास लक्ष्यहरू हुन् । दिगो विकास लक्ष्य मूलतः सहस्राब्दी विकास लक्ष्यको जगमा बसेको छ र यसले अधिकारमा आधारित दिगो विकासका वृहत दायरा समेटेको छ ।




चित्र नं. १ : दिगो विकास लक्ष्यहरु

जलउपयोग गुरुयोजना मुख्यतया दिगो विकास लक्ष्यको लक्ष्य-६ हासिल गर्न योजना तर्जुमा गर्नेछ । तथापि यस गुरुयोजनाले दिगो विकास लक्ष्यमा उल्लेखित लक्ष्यहरु मध्ये तपसिल अनुसार चर्चा गरिएका लक्ष्यहरु हासिल गर्न सहयोग गर्नेछ ।

लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने ।

- राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सवै निर्णायक तहमा महिलाहरुको पूर्ण प्रभावकारी नेतृत्व सहभागिता समान अवसर सुनिश्चित गर्ने ।

लक्ष्य ६: सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

६.१ सुरक्षित खानेपानी सेवामा सबैको न्यायोचित पहुँच भएको हुनेछ ।
६.२ सुरक्षित सरसफाइ तथा स्वच्छता सुविधामा सबैको पर्याप्त र न्यायोचित पहुँच भएको हुनेछ ।
६.३ पानीको गुणस्तरमा सुधार हुनेछ ।
६.४ सबै क्षेत्रमा पानीको उपयोग दक्षतालाई उल्लेखनीय रूपमा वृद्धि गरी सबैलाई पानीको आपूर्ति सुनिश्चित हुनेछ ।
६.५ एकीकृत जलस्रोत व्यबस्थापनको कार्यान्वयन हुनेछ ।
६.६ पानी सम्बन्धि पर्यावरण (हिमाल, जंगल, नदि, ताल तलैया, आदि) को संरक्षण तथा पुर्नभरण हुनेछ ।

लक्ष्य ७ : सबैका लागि किफायती, विश्वसनीय, दिगो तथा नवीकरणीय उर्जामा पहुँच सुनिश्चित गर्ने ।

७.१ सबैका लागि किफायती, विश्वसनीय, दिगो तथा नवीकरणीय उर्जामा पहुँच सुनिश्चित गर्ने।
७.२ विश्वव्यापी उर्जा मिश्रणमा नविकरणिय उर्जाको हिस्सालाई उल्लेख्य मात्राले वृद्धि गर्ने ।
७.३ विश्वव्यापी उर्जा दक्षता सुधारको दरलाई दोब्बर गर्ने ।

लक्ष्य १३: जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने ।

१३.१ जलवायु परिवार्तनबाट उत्पन्न जोखिम र प्राकृतिक प्रकोपको समनुकुलन तथा अनुकुलन क्षमता अभिवृद्धि गर्ने ।
१३.२ राष्ट्रिय नीति, रणनीति तथा योजनाहरुमा जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरण सम्बन्धि उपायहरु समायोजन गर्ने ।
१३.३ संस्थागत क्षमता विकास तथा जनचेतना अभिवृद्धि गर्ने ।

### १.१.४ अन्तर क्षेत्रगत सवालहरु (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापन)

यस जलउपयोग गुरुयोजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापनलाई गुरुयोजनाको चारवटै विकास क्षेत्रको योजना तर्जुमा तथा योजना कार्यान्वयन गर्दा सामाजिक समावेशीकरण तथा वातावरणीय जोखिम न्यूनीकरण संबन्धित अवधारणाको सुनिश्चितता गरि स्थानीय उपभोक्ताहरुमा स्वामित्वको आत्मबोध गराई दिगो विकासका क्रियाकलापहरु गर्ने सिद्धान्त लिएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:**

जलउपयोग गुरुयोजना तर्जुमा प्रक्रिया समष्टिगत रूपमा पारदर्शिता, सहभागिता र जवाफदेहिताको अभ्यास सहित सरसफाइ र स्वच्छताको क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने एउटा प्रभावकारी प्रक्रिया एवम् औजारको रुपमा अभ्यास हुदै आएको छ। । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई गुरुयोजना तर्जुमा प्रक्रिया र कार्यान्वयन गर्दा अनिवार्य गरेको छ । जलउपयोग गुरुयोजना तर्जुमा प्रक्रियामा गाउँपालिकास्तरीय मूल समिति र वडास्तरीय उपसमितिहरू वा गुरुयोजना तर्जुमा प्राविधिक समुहको

सक्रिय सहभागिता रहन्छ । यी समितिहरूले नै आ-आफ्नो क्षेत्रमा जलउपयोग गुरुयोजना तर्जुमाका लागि समन्वय, सामाजिक परिचालन र नेतृत्व गर्दछन् । यी वडास्तरीय उपसमितिहरूमा उक्त क्षेत्रमा बसोवास गर्ने महिला तथा विभिन्न जातजातिहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिएको हुन्छ । जलउपयोग गुरुयोजना तर्जुमा गर्ने क्रममा गाउँपालिकाभित्र रहेका जलस्रोतहरूको पहिचान र तिनको उपयोग के कसरी गर्ने भन्ने निर्णय उक्त समितिहरुले गर्दछ ।

जलउपयोग गुरुयोजना तर्जुमाका लागि संकलन गरिने तथ्याङ्कहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि तथ्याङ्कहरु प्राथमिकताका साथ समावेश गरिएको छ । जलउपयोग गुरुयोजना तर्जुमा गर्दा जलस्रोत र सरसफाइका क्षेत्रमा तर्जुमा भएका आयोजनाहरूको प्राथमिकताक्रमको निर्णय वर्तमान सेवास्तर र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सूचकहरुलाई बिशेष महत्व दिदै निर्धारण हुन्छ साथै योजनाहरुको कार्यान्वयनमा समेत गाउँपालिकाले उक्त प्राथमिकताक्रम अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रबाहमा ल्याई योजनाहरूको कार्यान्वियन गर्दछ ।

पानीको घरायसी प्रयोगका लागि महिलाहरु पानीसंग बढी संलग्न हुने हुँदा स्रोत पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरुमा जलउपयोग गुरुयोजनाले महिलाहरुको उल्लेख्य सहभागिता गराउने गर्दछ । त्यस्तै अपांगता भएका व्यक्तिहरुको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरुमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनीहरुको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ । हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी र जातीय भेदभावदबाट प्रायः महिला, बालिका र सीमान्तकृत समूहका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ । स्रोतको बाँडफाँड र योजना तर्जुमा गर्दा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरूको जलस्रोत तथा खानेपानी सेवास्तरमा सुधार सुनिश्चितता, समयको बचत हुनुका साथै लैङ्गिक हिंसाको जोखिम, शोषण, र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ । साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसँग जोडिएको हुने हुँदा त्यस्ता विपन्न वर्गहरुको सहभागिताले जीविकोपार्जनका अवसरहरु सबैलाई हुनेछ । जलउपयोगका आयोजनाहरु तर्जुमा गर्दा कोहि पनि नछुट्ने अवस्था सुनिश्चित गर्नको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका रणनीतिहरुलाई यस गाउँपालिकाको जलउपयोग गुरुयोजना तर्जुमा प्रक्रियामा समेत अवलम्बन गिरएको छ ।

**जलवायु परिवर्तन:**

जलवायु परिवर्तन विश्वव्यापी मुद्दा हो । नेपालको परिप्रेक्षमा पनि यो प्रमुख वातावरणीय तथा सामाजिक चुनौतीको रूपमा उभिएको छ । नेपालको हिमाली क्षेत्र र त्यसका जलाधार क्षेत्रमा जलवायु परिवर्तनको असर अझ बढी देखिइरहेको छ । तापक्रम वृद्धि भएको कारणले हिमक्षेत्र परिवर्तन, हिम पहिरो जाने, अनियमित वर्षा, मनसुनी वर्षाको तालिकामा गडबडी, एक्कासि आउने बाढी पहिरोमा वृद्धि, नदी कटान आदि जलवायु परिवर्तनका असरहरू हाल नेपालमा देखिएका छन । पानीका मूलहरू बिस्तारै सुक्दै जानु यसको अर्को प्रमुख प्रभाव हो । अनियमित वर्षा, उच्च तीव्रताका साथ हुने वर्षा आदिका कारण पहाडी क्षेत्रमा वर्षाको पानी सिधै बगेर जाने तथा सतहमा नछिर्ने हुँदा जमिनमा पानीको सतह कम हुँदै विस्तारै स्रोतहरू सुक्दै गएको अवस्था छ । फलस्वरूप खोलानाला, पोखरी तथा झरनाहरूमा विस्तारै पानीको सतह घट्दै गइरहेको छ र अन्ततोगत्वा यसको प्रभाव खानेपानी, कृषि प्रणाली, सिंचाइ, जलउर्जा, जैविक विविधता जस्ता विभिन्न क्षेत्रमा परिरहेको छ । यसले गर्दा स्थानीय रूपमा मौसमी सिंचाइमा समेत असर पर्न गई कृषकहरूको खेती गर्ने समय तालिकामा असर गरेको छ । यसबाहेक पानीका मूलहरू सुक्दै गइरहेका कारण आजभोलि ग्रामीण भेगका बासिन्दाहरूलाई पानीको स्रोत पहिले भन्दा टाढा रहेको अवस्था छ । यस्तो अवस्थाले भविष्यमा हुन सक्ने पानीको सङ्कटलाई सङ्केत गर्छ ।

स्थानीय स्तरमा पानीका स्रोतहरूको संरक्षण, जलाधार क्षेत्र संरक्षण, वर्षाको पानी सङ्कलन र पानीको उपयुक्त उपयोग नै जलवायु परिवर्तनसँग अनुकूलन हुने उपायहरू हुन सक्छन । जलउपयोग गुरुयोजनाले गाउँपालिकाको जलस्रोत योजना तर्जुमा गर्दा जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापन जस्ता अन्तरक्षेत्रीय सवालहरुमा सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गर्नुका साथै सचेतिकरण र स्थानीय स्रोत साधनको विश्लेषण सहित दिगो उपायहरूको प्रवर्द्धनमा विशेष जोड दिएको छ ।

## १.२ जलउपयोग गुरुयोजनाको उद्देश्य र क्षेत्र

### १.२.१ खासस्व योजना र जलउपयोग योजना तथा यसको संयोजन

खानेपानी, स्वास्थ्य, सरसफाइ योजना र जलउपयोग गुरु योजनाको संयोजनले मानविय कल्याण, दिगो विकास र दक्ष संसाधन व्यवस्थापनका मुख्य पहलहरूलाई समावेशी ढंगले समाधान गर्न सहयोग गर्दछ ।

पिउने पानीको क्षेत्रमा समुदायहरूलाई सुरक्षित र सफा पिउने पानीमा पहुँच सुनिश्चित गर्नेमा ध्यान केन्द्रित गर्दछ। यसमा जल प्रवाह प्रणाली, मुहानको संरक्षण, र पिउने पानीको उपचार सम्बन्धी जानकारीका साथै शुद्ध सफा पिउने पानीमा समुदायको पहुँच पुर्याउछ । यस योजनामा पानीको गुणस्तरता, नियमित अनुगमन र नियमन गर्ने र कुनै प्रदूषण समस्याहरूलाई समाधान गर्ने उपायहरूको कार्यान्वयनमा प्राथमिकता दिन्छ । स्वच्छ पिउने पानीको उपलब्धतालाई प्राथमिकता दिएर यो योजना समुदायको कुल मानसिक र स्वास्थ्यमा योगदान गर्दछ।

खानेपानी, स्वास्थ्य तथा सरसफाइको क्षेत्रले व्यक्ति र समुदायको स्वास्थ्य सुरक्षित र संवर्धन गर्न मार्ग निर्देशन गर्दछ । यसमा रोग तथा प्रदुषण रोकथाम र व्यवस्थापन, स्वास्थ्य शिक्षा, र स्वास्थ्य संरचनाको विकास समेत विविध क्षेत्रहरू रहेका हुन्छन् । यो योजनाको माध्यमबाट स्वास्थ्य सेवाहरूमा पहुँच सुनिश्चित गर्ने, प्रतिरक्षात्मक विभिन्न कार्यक्रमहरू संचालन गर्ने र रोगको प्रसार रोक्ने उपायहरू लागू गर्नेमा ध्यान केन्द्रित गर्दछ । खासस्व र जलउपयोग गुरु योजनाको संयोजनले स्वच्छता अभ्यास, सरसफाइ सुविधाहरू, र फोहोर व्यवस्थापनको महत्वलाई पनि संकेत गर्दछ जसले स्वस्थ समुदाय र स्वस्थ वातावरण बनाउन सहयोग गर्दछ ।

यस संयोजनाले खानेपानी तथा सरसफाइ योजना व्यवस्थापनमा उल्लेखित प्रगतिको अपेक्षित सम्बोधन गर्न सहयोग गर्दछ। यसले शौचालय, फोहोर प्रवाह प्रणाली, र ठोस फोहोर व्यवस्थापन संरचनामा ध्यान केन्द्रित गर्दछ । उचित सरसफाइका अभ्यासहरुलाई प्रबर्धन गरी फोहर व्यवस्थापन र सरसफाइमा सकारात्मक बानीको विकासका साथै रोगको प्रसारणमा नियन्त्रण, सामुदायिक स्वास्थ्यमा सुधार, र वातावरण संरक्षणमा अपेक्षित योगदान गर्दछ ।

जल उपयोग गुरुयोजनासँग पानीको स्रोतको व्यवस्थापनमा सहयोग, पानीको श्रोतको अवस्था र अवस्थिति देखाउंदछ । यसमा पानीको उपलब्धता, माग, र विभिन्न क्षेत्रहरू जस्तै कृषि, उद्योग, र घरेलु प्रयोगमा रहेको अवस्था आंकलन गर्न सहज बनाउछ । यस योजनाले पानीको प्रयोग अनुकूल बनाउने, पानीको संरक्षण सम्वर्धन बढाउने र दिगोप्रतिस्पर्धी पानी व्यवस्थापन अभ्यासहरू पहिचान गर्ने प्रयास गर्दछ। यसमा पानी पुनःचक्रीकरण (Recharge), वर्षाको पानी जम्मा गर्ने, र प्रभावकारी सिचाई प्रबिधि तथा तरिकाहरूको विश्लेषण तथा पानीका श्रोतहरूको दीर्घकालिक उपलब्धता सुनिश्चित गर्ने लक्ष्य लिएको हुन्छ ।

### १.२.२ जलउपयोग गुरुयोजनाको उद्देश्य

यस जलउपयोग गुरुयोजनाले गुराँस गाउँपालिकामा उपलब्ध जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दिगो रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजना तर्जुमा गरी कार्यान्वयन गर्ने उद्देश्य राखेको छ । गुरुयोजनाले गाउँपालिका भित्रका समुदाय-समुदायका बीचमा जलस्रोतको उपयुक्त उपयोग,

समानुपातिक वितरण, बाँडफाँड र पर्यावरण संरक्षण मार्फत दिगो रुपमा सबै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ ।

**जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यसप्रकार छन ।**

- गाउँपालिका भूगोल भित्रका जलस्रोतहरुको वस्तुस्थिति पत्ता लगाउनुका साथै जलस्रोतसंग सम्वन्धित सुचना तथा सेवास्तर पहिचान गर्न ।
- गाउँपालिकामा पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको न्यायोचित र विवेकपुर्ण वितरण गर्न । साथै आयोजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचना तथा सेवाहरुलाई दिगो बनाउन ।
- जलस्रोतको बहुउपयोग गर्नको लागि गाउँपालिकाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तय गरी यस क्षेत्रमा दीर्घकालिन लगानी प्राप्त गर्न ।
- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धी भौतिक पुर्वाधारहरु र तिनको दिगो व्यवस्थापनको संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्न ।
- गाउँपालिकामा जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी रणनीति निर्माण गरेर लक्ष्य हासिल गरी आन्तरिक एवम् बाह्य स्रोत तथा सरोकारवालाहरुको पहिचान गरी समन्वय तथा सहकार्य गर्न ।
- गाउँपालिका स्तरका जलस्रोत र यस सँग सम्बन्धित प्राकृतिक स्रोतहरुको संरक्षण गर्न, र गाउँपालिकामा पूर्ण सरसफाइ प्रवर्द्धन गर्न ।
- गाउँपालिकाका जलस्रोत संरक्षण तथा उपयोग, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमवाट सुशासन प्रवर्द्धन गर्न ।
- गुरुयोजनाको समग्र कार्यान्वयनमा महिला, पछाडी परेका वर्ग, अल्पसंख्यक, सिमान्तकृत समुदायको अर्थपुर्ण सहभागिता र लाभ सुनिश्चित गराउन ।
- जलस्रोत सम्बन्धि आयोजना कार्यान्वयन गर्दा जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम व्यवस्थापनका पक्षहरु प्रति विशेष चासो र सचेत रहँदै सो क्षेत्रमा आवश्यक नीति नियम रणनीति तर्जुमा गर्नमा सहयोग गर्नुका साथै कार्यान्वयन पक्षमा समेत विशेष महत्वका साथ प्राथमिकता दिन ।

## १.२.३ जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्रहरु

यस जलउपयोग गुरुयोजनाले गुराँस गाउँपालिका भित्र अवस्थित पानीका स्रोतहरु जस्तै मूल मुहान, खोला, नदि, ताल, हिउँ, जमिन मुनिको पानी, आदि पृथ्वीको सतह भित्रका र सतहका पानीका स्रोतहरु र वर्षात स्रोतका पानी व्यवस्थापन गरी दिगो उपयोग गर्न मध्यकालीन योजना तर्जुमा गर्नेछ । गुरुयोजनाले समेट्ने दिगो जलउपयोग व्यवस्थापनका क्षेत्रहरुलाई जलस्रोत व्यवस्थापन कुर्सीले निम्न अनुसार स्पस्ट ब्याख्या गर्दछ ।

**जलस्रोत व्यवस्थापन कुर्सीः** जलउपयोग गुरुयोजनालाई नेपाल सरकारको विद्यमान क्षेत्रगत विकास संरचनाहरु, कानुनी प्रावधानहरु र दिगो विकास अवधारणा अनुसार निर्माण गर्न तथा गुरुयोजनाको समग्र स्वरूप ब्यक्त गर्न साथै योजना तर्जुमा प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सिको अवधारणालाई अवलम्बन गरिएको छ । यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका तथा गुरुयोजनाले समेट्ने चार वटा जलस्रोत विकास विषयगत क्षेत्रहरुको चर्चा तल गरिएको छ ।

**खानेपानी तथा सरसफाइ:** खानेपानीका आयोजनाहरु (नयाँ, मर्मत, पुन:निर्माण, सेवाविस्तार) । सतह, भुमिगत, वर्षातका स्रोतहरुको प्रयोग; ग्राभिटी पाइपलाईन खानेपानी, लिफ्ट खानेपानी, ओभरहेड पाइपलाइन खानेपानी, लिफ्ट खानेपानी आयोजना; चर्पी निर्माण, सरसफाइ, स्वच्छता, व्यक्तिगत/घरेलु/

वातावरणीय सरसफाइ, पूर्ण सरसफाइ योजना, विद्यालय वास तिन तारा योजना, ठोस फोहोर व्यवस्थापन, दिसाजन्य लेदो तथा फोहरपानी व्यवस्थापन, आदि ।

**सिंचाइ तथा निकास:** परम्परागत कुलो सिंचाइ आयोजना, लघुसिंचाइ आयोजना (फोहरा सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी, आदि) र ढल निकास आयोजनाहरु (नयाँ, मर्मत, पुन:निर्माण, सेवाविस्तार) ।

**वातावरण तथा पर्यावरण संरक्षण:** वातावरण तथा पर्यावरण संरक्षण आयोजनाहरु (नयाँ, मर्मत, पुन:निर्माण, सेवाविस्तार) । स्रोतहरुको पुर्नभरण, पुर्नधारण तथा पुर्नप्रयोग क्रियाकलापहरु, वर्षातको पानी संकलन, पुर्नभरण पोखरी निर्माण (मनोरञ्जनात्मक पोखरी, धार्मिक पोखरी, माछापोखरी पोखरी, आहाल पोखरी), वन व्यवस्थापन, वृक्षारोपण, चरन क्षेत्रहरुको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, स्रोत सुधार, जलाधार संरक्षण, आदि ।

**जलउर्जा र बहुउपयोग:** परम्परागत पानीघट्ट, सुधारिएको पानीघट्ट, लघु/साना जलविद्युत, बहुउपयोगी आयोजनाहरु (नयाँ, मर्मत, पुन:निर्माण, सेवाविस्तार) । बहुउपयोगी आयोजनाहरु जस्तै: खानेपानी + लघु सिंचाइ, खानेपानी + सुधारिएको घट्ट, कुलो सिंचाइ + परम्परागत घट्ट, कुलो सिंचाइ + सुधारिएको घट्ट, कुलो सिंचाइ + जलविद्युत, खानेपानी + माछा पोखरी/जनावरका लागि पानी, लघु जलविद्युत + धार्मिक प्रयोजन एवम् जलक्रिडास्थलका लागि पानी + उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी), आदि

माथि उल्लेखित मुख्य क्षेत्रहरु बाहेक गुरुयोजना तर्जुमाको समग्र चरणहरुले तपसिलका विषयवस्तुहरु समेत समेटेको हुन्छ ।

- जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम व्यवस्थापन सम्बन्धि स्थानीय उपायहरु ।
- सरोकारवालाहरुको छलफलको थलो: जलस्रोतहरुको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने विवाद न्युनिकरण, जलाधार क्षेत्रहरु बिचको पारस्परिक सम्वन्ध, पानीका उपयोगका क्षेत्रहरुको प्राथमिकता, आदि ।
- टेवा तथा क्षमता अभिवृद्धि: स्थानीय तह, समुदायहरुको आन्तरिक र बाह्य स्रोतसाधनको पहिचान तथा परिचालन, जनसहभागिताका पक्षहरु, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानुनी विषयहरुको सचेतिकरण, स्थानीय स्रोतसाधनहरुको समग्र विश्लेषण, स्थानीय समुदायहरुको क्षमता विकास, आदि ।

## १.३ जलउपयोग गुरुयोजना तर्जुमामा अपनाइएका पद्दतिहरु

### १.३.१ स्थानीय तहका विद्यमान रणनीतिक योजनाको समिक्षा

गुराँस गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा गरी कार्यान्वयन शुरु गरेको भएतापनि जल उपयोगका सबै क्षेत्र समेटेर एकीकृत रुपमा गुरुयोजना तर्जुमा यस वर्षदेखि सुरु भएको छ । यसरी गाउँपालिकाले जलउपयोग गुरुयोजनाको सिद्धान्त अनुसारको दिगो जलस्रोत व्यवस्थापन तथा उपयुक्त जलउपयोग नीति अवलम्वन गर्न प्रारम्भ गर्नेछ । यस गाउँपालिकाले खानेपानी तथा सरसफाइलाई मानव अधिकारको रुपमा प्राथमिकता दिदै आएको छ । साथै गुराँस गाउँपालिकाले खानेपानी तथा सरसफाइ आयोजनाहरु कार्यान्वयन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापनलाई अवलम्वन गर्ने रणनीति लिएको छ । गाउँपालिकाले वास प्लानले प्राथमिकतामा राखेका खानेपानी तथा सरसफाइका आयोजनाहरुलाई प्राथमिकताक्रम अनुसार कार्यान्वयन गरेको छ । सन्तुलित र न्यायोचित विकासको लागि तथ्याङ्कमा आधारित योजना तर्जुमा विधिको अवलम्वन र निर्धारण गरेको प्राथमिकता अनुसार आयोजना कार्यान्वयन गर्ने विधिको अवलम्वन

गर्ने यस गाउँपालिकाको सिद्धान्त रहेको छ । गुराँस गाउँपालिका पहाडी क्षेत्रमा अवस्थित रहेकोले यस गाउँपालिकाले जलवायु परिवर्तन र यसले पार्ने असरलाई न्यूनीकरण गर्ने क्रियाकलापहरु तथा पर्यावरण संरक्षणलाई विशेष प्राथमिकता दिने रणनीति लिएको छ ।

गुराँस गाउँपालिकाले हालसम्म जलस्रोतसंग सम्वन्धित देहायका ऐन, नीति, निर्देशिका, कार्यविधी, रणनीति तथा योजनाहरु निर्माण गरेको छ ।

तालिका -१: गाउँपालिकामा विद्यमान जलश्रोतसंग सम्बन्धित ऐन, नीति, निर्देशिका, कार्यविधी, रणनीति तथा योजनाहरु

| क्र.सं. | गाउँपालिकामा निर्मित ऐन, नीति, निर्देशिका, कार्यविधी, रणनीति तथा योजनाहरु | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | सामुदायिक बिद्युत संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ | कार्यन्वयनमा रहेको |
| २ | राउटे तथा लोपोन्मुख समुदायलाई सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ | कार्यन्वयनमा रहेको |
| ३ | यौनिक अल्पसंख्यकलाई सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ | कार्यन्वयनमा रहेको |
| ४ | खानेपानी तथा सरसफाइ स्वच्छता सम्बन्धी कार्यविधि, २०७९ | कार्यन्वयनमा रहेको |
| ५ | गुराँस गाउँ पालिका खानेपानी रणनीति, २०७७-०८७ | कार्यन्वयनमा रहेको |

### १.३.२ रणनीतिक योजनाको एकीकरण

यस गाउँपालिकाको जलउपयोग गुरुयोजना तर्जुमा गर्दा खानेपानी मन्त्रालयबाट निर्देशित खानेपानी सरसफाइ तथा स्वच्छता योजना तर्जुमालाई समेत अद्यावधिक गरी नेपाल सरकारको जलस्रोत क्षेत्रका दिगो विकास लक्ष्यहरु हासिल गर्ने लक्ष्य राखी एकीकृत जलउपयोग योजना तयार गरिएको छ । गुरुयोजनाले एकीकृत जलस्रोत योजना तर्जुमा, जलस्रोत संरक्षण तथा स्रोतहरुको सन्तुलित प्रयोग, पानीको न्यायोचित वितरण, पानीको दिगो तथा बहुउपयोग, पानीको प्रयोगमा विवाद समाधान र जलाधार क्षेत्रको माथिल्लो र तल्लो भागमा बसोवास गर्ने जनताहरु बीच पानीको उपयोगमा आपसी सद्भाव (upstream-downstream linkage) कायम गर्ने रणनीति लिएको छ । गुरुयोजनाले जलस्रोत अन्तर्गतका जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन क्रियाकलापहरुलाई समेत यस गुरुयोजनामा समावेश गर्ने रणनीति अबलम्बन गरेको छ । साथै गुरुयोजना तर्जुमा र कार्यान्वयनका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अनिवार्य अबलम्बन गर्ने नीति लिएको छ ।

### १.३.३ जलउपयोग गुरुयोजना तयारी प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को प्रावधान अनुसारको योजना तर्जुमा गर्नको लागि स्थानीय तहको कार्यसञ्चालन निर्देशिकाले विशेष दक्षता भएका सेवाप्रदायक संस्था वा परामर्शदाताहरुको सेवा तथा सहयोगमा आ-आफ्ना तहहरूले क्षेत्रगत विकास गुरूयोजनाहरु तयार गर्न सक्ने व्यवस्था गरेको छ । निर्देशिकामा गरिएको सोही व्यवस्थाकै आधारमा स्थानीय दक्ष सेवाप्रदायक संस्थाहरुको सेवा लिई यो जलउपयोग गुरुयोजनाको तर्जुमा गरिएको हो । गुराँस गाउँपालिकाले यस अघि वि. सं. २०७८ मा एस एन भि नेपालको सहयोगमा खानेपानी रणनीति तयार गरेको देखिन्छ । यस गुरुयोजना तर्जुमाका दौरानमा गाउँपालिका भित्र सम्पन्न खानेपानी तथा सरसफाइ, सिंचाइ तथा अन्य जलस्रोतका क्रियाकलापहरु तथा तिनको सेवास्तर, पहुँच नभएका क्षेत्रहरुको पहिचान र अन्य तथ्याङ्कमा आएको परिवर्तनहरुको अद्यावधिक गरी यस गाउँपालिकाको वास तथ्याङ्क अद्यावधिक गरिएको छ । साथै खानेपानी तथा सरसफाइका अतिरिक्त जल उपयोगका अन्य क्षेत्रहरु सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण, उर्जा तथा बहुउपयोग सम्बन्धी जल उपयोगका सबै क्षेत्रहरुलाई समेटेर गुरुयोजना तर्जुमा निर्देशिकाको अवधारणा र निर्देशित प्रक्रिया बमोजिम स्थानीय सरोकारवालाहरुको सहभागिता, नेतृत्व र निर्णय प्रक्रिया अनुसार यो जलउपयोग गुरुयोजना तयार गरिएको छ । यो प्रक्रिया अनुसार गाउँपालिकाका सबै वडाहरुमा निर्माण भएका जलस्रोत आयोजनाहरुको पहिचान गरी वर्तमान सञ्चालन व्यवस्थापन अवस्थाको अध्ययन गरिएको छ । साथै पहुँच

नपुगेका क्षेत्रहरुको पहिचान गरी सामाजिक र प्राविधिक अध्ययन गरिएको छ । वर्तमान अवस्थाको तथ्याङ्क संकलन पश्चात तथ्याङ्क विश्लेषण गरी वर्तमान आयोजनाहरुको सेवास्तर वृद्धि र नयाँ आयोजना निर्माण मार्फत गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने सम्पुर्ण समुदाय र जनताहरुको लागि खानेपानी, सरसफाइ, सिंचाइ, वातावरण तथा पर्यावरण, जलउर्जा र बहुउपयोगका आयोजनाहरु तर्जुमा गरिएका छन् ।


सहभागितात्मक प्रक्रियाका आधारमा गाउँपालिका भित्रको भौगोलिक एवम् प्राकृतिक अवस्था, उपजलाधार क्षेत्रहरू, जलस्रोतको भौगोलिक साझेदारी एवम् सबै समुदायको लागि न्यायोचित जल उपयोगको सुनिश्चितालाई मध्यनजर गरी वडा स्तरमा प्राविधिक समन्वय समुह गठन गरी गुरुयोजना तर्जुमा गर्नका लागि परिचालन गरिएका थिए । सोही अनुरूप ति प्राविधिक समन्वय समुहको सहभागितामा सामाजिक र प्राविधिक अध्ययनहरू समन्वयात्मक, सहभागितात्मक, समावेशी एवम् पारदर्शी प्रक्रियाबाट सम्पन्न गरी यस गाउँपालिकाको जलउपयोग गुरुयोजना तयार गरिएको छ ।

गुराँस गाउँपालिकाको यस जलउपयोग गुरुयोजना हेल्भेटास नेपालको प्राविधिक सहयोग तथा सोसेक नेपालको सहजीकरणमा गाउँपालिकाले तयार गरेको हो । गाउँपालिका भित्रका सबै भौगोलिक क्षेत्र, समुदाय, वर्ग, लिङ्ग, राजनीतिक दलहरु, गाउँपालिका र वडा तहमा निर्वाचित प्रतिनिधिहरुको सहभागितामा यो गुरुयोजना तर्जुमा भएको हो । गुरुयोजना तयारी प्रकियामा सबैको सहभागिता गराउनको लागि गाउँपालिका, वडा र समुदायस्तरमा श्रृंखलावद्ध क्रियाकलापहरु गरिएका छन् ।

गुरुयोजना तयारी कार्यलाई एकरुप बनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति अनुसार योजना तर्जुमा कार्य भएको छ । यस चरणवद्ध प्रक्रियामा निम्न अनुसारका चार वटा चरण अन्तर्गत १३ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजना तर्जुमा गर्ने कार्य सम्पादन गरिएको छ ।

**तयारी चरण:**

जलउपयोग गुरुयोजनाको तयारी चरणमा वास प्लान सहित गुरुयोजना तयारी प्रक्रिया/विधि/निर्देशिका अनुसार मोबाइल एप्स (NWASH Tools, Collect KOBO tools) प्रयोग गरी तथ्याङ्क संकलन गर्ने विधि/औजार/प्रश्नावली सम्बन्धी तालिम सहजकर्ताहरुको लागि आयोजना गरिएको थियो । प्रशिक्षक तालिमको सहजीकरण हेल्भेटास नेपालका बिज्ञहरु र खानेपानी मन्त्रालयका वास प्लान बिज्ञहरुबाट गरिएको थियो । यस तालिमबाट गाउँपालिकाहरुको जलउपयोग गुरुयोजना तयारी प्रक्रियामा एकरुपता




चित्र नं. २: जलउपयोग गुरुयोजना तयारीका मुख्य चरण तथा खुड्किलाहरु

आएको छ । साथै तथ्याङ्क संकलकहरु छनौट गरी तथ्याङ्क संकलन विधि, प्रश्नावली र मोबाइल एप्स प्रयोग विधि सम्बन्धी प्रयोगात्मक तालिम (४ दिन) को आयोजना यस तयारी चरणमा सम्पन्न गरिएको थियो । यस चरणमा सञ्चालन गरिएका क्रियाकलाप र सहभागीको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका - २: तथ्याङ्क संकलनकर्ता (गणक) तालिमका सहभागिता विवरण

| जम्मा सहभागी | लिंग अनुसार | | | जातजाती अनुसार सहभागी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | ब्राम्हण/ठकुरी/ क्षेत्री/सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
| तथ्याङ्क संकलनकर्ता (गणक) तालिम | | | | | | | | | |
| ९ | १ | ८ | ० | ८ | ० | ० | १ | ० | ० |

स्रोत: तालिम गोष्ठी माइनुट

**क्षमता विकास चरण:**

जलउपयोग गुरुयोजना निर्देशिकाले स्थानीय सरकार र उपजलाधार क्षेत्रका समुदायहरुको क्षमता विकास गरि उनिहरुको सहभागितामा गुरुयोजना तर्जुमा गर्ने सिद्धान्त अवलम्वन गरेको छ । यसै सिद्धान्त अनुरुप जलउपयोग गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरुको अगुवाई तथा नेतृत्व गाउँकार्यपालिकाबाट गर्नुपर्ने भएको हुँदा यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा कार्यपालिका सदस्यहरु र विभिन्न सरोकारवालाहरुको गुरुयोजना तयारी प्रकिया सम्बन्धमा क्षमता विकास गर्न तालिम गोष्ठीहरु आयोजना भयो । जस अन्तर्गत गाउँपालिका स्तरमा जलउपयोग गुरुयोजना सम्बन्धि अभिमुखिकरण तथा परिकल्पना गोष्ठी आयोजना गरियो साथसाथै उक्त गोष्ठी मार्फत गाउँपालिकामा गुरुयोजना तयार गर्ने निर्णय गरी आवधिक लक्ष्यहरु निर्धारण, प्राविधिक समन्वय टोलि गठन र वडास्तरमा तालिम गोष्ठी लगायतका क्रियाकलापहरु सम्पादन गर्न समय सारणी निर्धारण गरिएको थियो । जल उपयोगको क्षेत्रको विकास संरक्षणमा लिइने नीति तथा कार्यक्रम र बजेट विनियोजन तथा पालिका भित्र बसोवास गर्ने सबै जनताहरुको जीवनस्तर सुधारमा सहयोग पुग्नेगरि यस पालिकाले निम्न अनुसारका जलस्रोत क्षेत्रका नाराहरु अबलम्बन गर्दै आएको छ ।

"पर्याप्त सिचाई, स्वच्छ छ गुराँसको पानी,
सरसफाइ, जल उर्जा र वातावरण-पर्याबरणमा हाम्रो लागनी ।"

खानेपानी क्षेत्रको परिकल्पना नारा:
“सरसफाइ र स्वच्छताका लागि शुद्ध खानेपानी
दिर्घ जिवन र स्वस्थ्य हुनका लागि बदलौ हाम्रो आनीबानी”

सिंचाइ क्षेत्रको परिकल्पना नारा:
“जिविकोपार्जन, आयआर्जन, सिंचाइ छ सपना
यही हो गुराँस जनताको पाँच वर्षे परिकल्पना”

वातावरण संरक्षण क्षेत्रको परिकल्पना नारा:
“जलवायुको स्वच्छता प्रकृतिको धन स्वच्छ वातावरण
स्वस्थ जिवन गुराँस गाउँपालिकाको अभियान”

जलउर्जा क्षेत्रको परिकल्पना नारा:
घर घर उज्यालो र परम्परागत घट्टको शान
पाँच वर्ष भित्र विद्युतिकरण गर्ने गुराँसको अभियान

२०७९ साल फाल्गुन ३ गते आयोजना गरिएको गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना तर्जुमा अभिमुखिकरण तथा परिकल्पना गोष्ठीमा उपस्थित सहभागिता निम्न अनुसार रहेको थियो ।

तालिका - ३: गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना अभिमुखीकरण तथा परिकल्पना गोष्ठी विवरण विवरण

| गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना अभिमुखीकरण तथा परिकल्पना गोष्ठी विवरण | | लिङ्ग अनुसार सहभागी संख्या | | | जातीय वर्ग अनुसार सहभागी संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| गोष्ठी आयोजना भएको स्थान | गोष्ठी आयोजना गरेको मिति | पुरुष | महिला | जम्मा | ब्राह्मण/क्षेत्रि /ठकुरी /सन्यासी | दलित | जनजाति | जम्मा |
| पालिका केन्द्र | २०७९ फाल्गुन ३ गते | २९ | ७ | ३६ | ३३ | ३ | ३ | ३६ |

स्रोत: तालिम गोष्ठी माइनुट

यस कार्यक्रममा पालिकाका पदाधिकारीहरुबाट खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) को अद्यावधिक गर्नु पर्ने र पालिकास्तरिय जलउपयोग गुरूयोजना तर्जुमा गर्नु पर्ने आवश्यकताको महशुस भएको थियो । साथै गुरुयोजना तयारीका लागि पालिकाबाट गर्नुपर्ने सबै किसिमका सहयोगहरुका लागि प्रतिबद्धता गर्नुका साथै सहयोग र सहजीकरण गर्ने नीकायहरुलाई धन्यवाद दिइएको थियो।

गाउँपालिकास्तरको गोष्ठी पश्चात फाल्गुन महिनाको दोस्रो, तेस्रो र चौथो हप्तामा वडा स्तरमा जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धि अभिमुखिकरण तथा क्षमता विकास गोष्ठी आयोजना गरिएका थिए जसमा निर्वाचित वडासमिति, दलित, महिला तथा पिछडिएका वर्गहरुको प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि आदिको सहभागिता रहेको थियो । यस गोष्ठी मार्फत उप-जलाधार स्तरीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयम् सेवी सहजकर्ता छनौट, प्राविधिक समन्वय समुह गठन र वडा भित्रका टोलहरुमा जल उपयोगको अवस्था समीक्षा, पानीका स्रोतहरुको विवरण समीक्षा, स्थलगत तथ्याङ्क संकलन गर्ने टोलि र समय निर्धारण जस्ता महत्वपुर्ण कार्यहरु सम्पादन गरिएका थिए । वडा स्तरीय अभिमुखिकरण तथा क्षमता अभिवृद्धि गोष्ठीहरुमा उपस्थित सहभागिता निम्न अनुसार रहेको थियो।

तालिका - ४: वडा स्तरीय जलउपयोग गुरुयोजना अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गोष्ठी विवरण

| जलउपयोग गुरुयोजना अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गोष्ठी विवरण | | लिङ्ग अनुसार सहभागी संख्या | | | जातीय वर्ग अनुसार सहभागी संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गोष्ठी आयोजना भएको वडा नं. | गोष्ठी आयोजना गरेको मिति | पुरुष | महिला | जम्मा | ब्राह्मण/क्षेत्रि /ठकुरी /सन्यासी | दलित | जन जाति | मुस्लिम | जम्मा |
| गुराँस- १ | २०७९ फाल्गुन १२ | २५ | ६ | ३१ | २४ | ३ | ४ | ० | ३१ |
| गुराँस- २ | २०७९ फाल्गुन १३ | २९ | ११ | ४० | २८ | ७ | ५ | ० | ४० |
| गुराँस- ३ | २०७९ फाल्गुन ९ | ३३ | ६ | ३९ | ३३ | ४ | 2 | ० | ३९ |
| गुराँस- ४ | २०७९ फाल्गुन १० | २७ | ९ | ३६ | २४ | ९ | ३ | ० | ३६ |
| गुराँस- ५ | २०७९ फाल्गुन ११ | ३६ | ६ | ४२ | ३४ | ४ | ४ | ० | ४२ |
| गुराँस- ६ | २०७९ फाल्गुन ४ | २९ | ७ | ३६ | २७ | ५ | ४ | ० | ३६ |
| गुराँस- ७ | २०७९ फाल्गुन १४ | २५ | ५ | ३० | २३ | ३ | ४ | ० | ३० |
| गुराँस- ८ | २०७९ फाल्गुन २५ | २५ | १२ | ३७ | ३३ | २ | २ | ० | ३७ |

स्रोत: तालिम गोष्ठी माइनुट

**अध्ययन चरण:**
जलउपयोग गुरुयोजना निर्देशिकाले यस चरणमा मोबाइल उपकरण प्रयोग गरी विद्युतीय सूचना संकलन प्रणाली मार्फत उप जलाधार क्षेत्रहरुमा भौगोलिक तथा सामाजिक स्थिति, जलउपयोग आयोजनाहरुको वर्तमान सञ्चालन अवस्था सम्बन्धी सर्वेक्षण गर्ने निर्देशन गरेको थियो । यस कार्यका लागि क्षमता विकास चरणमा तयार गरिएका कार्ययोजना र पहिचान भएका जलउपयोग तथ्याङ्कमा आधारित भई वर्तमान अवस्थाको स्थलगत विस्तृत तथ्याङ्क संकलन सम्पन्न भयो । यस चरणमा वडा पदाधिकारी तथा स्थानीय बुद्धिजीवीहरूको सहभागितामा ८ वटै वडा क्षेत्र, ७ वटा उपजलाधार क्षेत्रहरु र १६० वटा टोलहरुको पहिचान तथा निर्धारण गरी जलपयोग गुरूयोजनाका लागि आवश्यक तथ्याङ्कहरु जस्तै जनसंख्या विवरण, विद्यमान खानेपानी, सिंचाइ, उर्जा, वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धी जल उपयोगको अवस्था, निर्माणाधिन आयोजनाहरुको अवस्था र खानेपानी सेवा पुग्न नसकेका बस्तिहरुको अवस्थाको स्थलगत विस्तृत तथ्याङ्क संकलन सम्पन्न गरियो । यस चरणका सम्पूर्ण तथ्याङ्कहरु मोबाइल एप्सको प्रयोग गरी एनवास र ड्यासबोर्डमा सुरक्षित भण्डारण गर्ने कार्य समेत सम्पन्न गरियो । स्थलगत सूचना संकलन गर्नका लागि स्थानीय ३ जना सामाजिक, ४ जना प्राविधिक सूचना संकलनकर्ता तथा १ जना टिम लिडर गरी आठ जनालाई तालिम दिई यस गाउँपालिकामा परिचालन गरिएको थियो ।

**योजना तर्जुमा चरण:**
गुरुयोजना निर्देशिकाको चरणवद्ध योजना तर्जुमा प्रक्रिया अनुसार यस चरणमा वडा तथा उप-जलाधार क्षेत्रहरुमा जल उपयोगको वर्तमान अवस्थाको प्रमाणीकरण र विश्लेषण गरी उप-जलाधार क्षेत्र स्तरवाट जलस्रोत संग सम्बन्धित सबै उपयोग क्षेत्रहरु (खानेपानी, सरसफाइ, सिंचाइ, उर्जा, वातावरण तथा पर्यावरण) को अवस्था विश्लेषण गरी गाउँपालिकाको निर्धारित लक्ष्य हासिल गर्नको लागि वडा भित्रका जलस्रोतका सबै क्षेत्रगत आयोजनाहरु तर्जुमा (नयाँ, पुनर्निर्माण, मर्मत) गर्ने कार्य वडास्तरीय योजना तर्जुमा गोष्ठीबाट सम्पन्न गरिए । साथै तर्जुमा भएका आयोजना क्षेत्रमा जल उपयोगको सेवा अवस्था, भौगोलिक कठिनता, सेवा सुविधा, घरपरिवारहरुको सम्पन्नता स्तर, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आदि सूचकहरुका आधारमा आयोजनाहरुको प्राथमिकीकरण वडास्तरीय योजना तर्जुमा गोष्ठीबाट सम्पन्न गरिएका थिए । यस गाउँपालिकाका वडास्तरीय योजना तर्जुमा गोष्ठीहरुमा उपस्थित सहभागिता निम्न अनुसार रहेको थियो।

तालिका - ५: वडा स्तरीय जलउपयोग गुरुयोजना तर्जुमा गोष्ठीको विवरण

| वडा स्तरीय जलउपयोग गुरुयोजना तर्जुमा गोष्ठीको विवरण | | लिङ्ग अनुसार सहभागी संख्या | | | जातीय वर्ग अनुसार सहभागी संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गोष्ठी आयोजना भएको वडा नं. | गोष्ठी आयोजना गरेको मिति | पुरुष | महिला | जम्मा | ब्राह्मण/क्षेत्रि/ठकुरी/सन्यासी | दलित | जनजाति | मुस्लिम | जम्मा |
| गुराँस- १ | असार १, २०८० | २१ | ६ | २७ | १६ | ५ | ६ | ० | २७ |
| गुराँस- २ | जेष्ठ ३२, २०८० | २० | ५ | २५ | १९ | ५ | १ | ० | २५ |
| गुराँस- ३ | जेष्ठ २७, २०८० | ३० | ५ | ३५ | २८ | ४ | ३ | ० | ३५ |
| गुराँस- ४ | असार ६, २०८० | २८ | ८ | ३६ | २६ | ६ | ४ | ० | ३६ |
| गुराँस- ५ | जेष्ठ २९, २०८० | ४२ | ११ | ५३ | ३९ | ६ | ८ | ० | ५३ |
| गुराँस- ६ | जेष्ठ ३०, २०८० | २९ | ६ | ३५ | ३२ | २ | १ | ० | ३५ |
| गुराँस- ७ | जेष्ठ ३१, २०८० | ४० | १२ | ५० | ४४ | २ | ४ | ० | ५५ |
| गुराँस- ८ | असार ७, २०८० | २९ | ११ | ४० | ३६ | ३ | १ | ० | ४० |

स्रोत: तालिम गोष्ठी माइनुट

वडास्तरीय योजना तर्जुमा गोष्ठी पश्चात गाउँपालिकास्तरीय योजना तर्जुमा गोष्ठीको आयोजना गरिएको थियो, उक्त गोष्ठीमा पालिका भित्रको जल उपयोगको समग्र वर्तमान अवस्थामाथि छलफल तथा क्षेत्रगत अवस्था विश्लेषण, पालिका स्तरीय तथ्याङ्क/सुचनाहरुको प्रमाणीकरण र वडास्तरबाट तर्जुमा भएका जलउपयोग आयोजनाहरुमाथि छलफल तथा प्रमाणीकरण तथा दिगो विकास लक्ष्य हाशिल गर्नेगरि जलस्रोत विकासका सबै क्षेत्रहरुको गाउँपालिका स्तरीय प्राथमिकता स्तर निर्धारण गर्ने कार्य सम्पन्न भयो । यस गोष्ठीमा गाउँपालिकाको अल्पकालिन (२ वर्ष), मध्यकालीन (५ वर्ष) र दिर्घकालिन (सन् २०३० सम्म) लक्ष्य तथा रणनीति तयार गर्नुकासाथै पाँच वर्षको आवधिक विस्तृत योजना तयार भएको छ । गाउँपालिकास्तरिय योजना तर्जुमा गोष्ठीमा उपस्थित सहभागिता निम्न अनुसार रहेको थियो ।

तालिका - ६: गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना तर्जुमा गोष्ठीको विवरण

| गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना तर्जुमा गोष्ठीको विवरण | | लिङ्ग अनुसार सहभागी संख्या | | | जातीय वर्ग अनुसार सहभागी संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| गोष्ठी आयोजना भएको स्थान | गोष्ठी आयोजना गरेको मिति | पुरुष | महिला | जम्मा | ब्राह्मण/ क्षेत्रि/ ठकुरी/ सन्यासी | दलित | जनजाति | जम्मा |
| पालिका केन्द्र | असार १६-१७, २०८० | २७ | ३ | ३० | २७ | ० | ३ | ३० |

स्रोत: तालिम गोष्ठी माइनुट

यस पालिकाले आगामी गाउँसभाबाट यो जलउपयोग गुरूयोजनालाई पारित गरी कार्यान्वयनमा ल्याउने प्रतिवद्धता जनाएको छ भने यहि आर्थिक वर्ष २०८०/८१ भित्र यस गुरुयोजनाको बजारीकरण तथा स्रोत परिचालन गोष्ठी आयोजना गर्ने र प्रदेश एवम् सङ्घीय सरकारका सम्बन्धित निकायहरुसंग समन्वय गरि यस गुरुयोजना कार्यान्वयनका लागि आवश्यक लगानीका स्रोतहरुको खोजि गर्ने प्रतिवद्धता गरेको छ ।

तालिका -७: जलउपयोग गुरुयोजना तयारीका प्रमुख चरण तथा मितिहरु

| क्रसं | क्रियाकलाप विवरण | मिति (वर्ष/महिना) |
|---|---|---|
| १ | जलउपयोग गुरुयोजना तयारीका औजारहरुको तयारी र प्रशिक्षक तालिम | |
| २ | गणकहरुको छनौट र तालिम | २०७९ माघ २३ – २६ |
| ३ | गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना अभिमुखीकरण तथा परिकल्पना गोष्ठी | २०७९ फाल्गुन ३ गते |
| ४ | वडा स्तरीय जलउपयोग गुरुयोजना क्षमता अभिवृद्धि तालिम/गोष्ठी | २०७९ फाल्गुन ४ – २५ |
| ५ | सामाजिक तथा सेवा अवस्था तथ्याङ्क संकलन/तथ्याङ्क अद्यावधिक अध्ययन | २०७९ फाल्गुन ८ -२०८० जेष्ठ १५ सम्म |
| ६ | प्राविधिक तथा कार्यगत अवस्था तथ्याङ्क संकलन/तथ्याङ्क अद्यावधिक अध्ययन | २०७९ फाल्गुन ८ -२०८० जेष्ठ १५ सम्म |
| ७ | वडा स्तरीय योजना तर्जुमा गोष्ठी (तथ्याङ्क रुजु, विश्लेषण, प्रमाणीकरण, योजना तर्जुमा, प्राथमिकीकरण) | २०८० जेष्ठ २७ – असार ७ |
| ८ | वडागत जलउपयोग गुरुयोजना: वडागत वर्तमान अवस्था/योजना तर्जुमा विश्लेषण | २०८० असार १ – १५ |
| ९ | गाउँपालिकास्तरीय योजना तर्जुमा गोष्ठी (लक्ष्य, रणनीति, योजना तर्जुमा, प्राथमिकता) | असार १६२० ,१७-८० |
| १० | जलउपयोग गुरुयोजना तयारी (मसौदा) | २०८० असार १ – १५ |
| ११ | जलउपयोग गुरुयोजना अन्तिम मसौदा तयार (गाउँ कार्यपालिकामा प्रस्तुत गर्नकालागि तयारी अवस्थाको प्रतिबेदन) | २०८० असार १६ – १७ |
| १२ | जलउपयोग गुरुयोजना अन्तिम प्रतिबेदन (गाउँकार्यपालिकाबाट स्वीकृत गरी गाउँ/नगर सभाबाट पारित गर्नको लागि तयारी अवस्थामा रहेको प्रतिबेदन) | २०८० असार २० |
| १३ | गाउँ/नगर सभामा जलउपयोग गुरुयोजना प्रस्तुती र स्वीकृति | गाउँकार्यपालिकाले आउने गाउँसभा बस्दा सभाबाट पारित गराउने छ । |

स्रोत: तालिम गोष्ठी माइनुट

# अध्याय २ पालिका पार्श्वचित्र

## २.१ पालिकाको संक्षिप्त परिचय

दैलेख जिल्लाको गुराँस गाउँपालिका पूर्व र दक्षिण सुर्खेत जिल्ला, पश्चिम अछाम जिल्ला, उत्तर दुल्लू नगरपालिका, डुंगेश्वर गाउँ पालिका र भगवतीमाई गाउँ पालिका भित्र रहेको रमणीय हरियाली वातावरण भएको गाउँपालिका हो । हिमाल, पहाड र तराईको जस्तो हावापानी भएको, खेतीपाती तथा पशुपालन ब्यावसाय भएको र अनेकताबीच एकता भएको गाउँपालिका हो । साथै कृषि, पशुपालन, पर्यटन, ब्यापार एवं सानाघरेलु ब्याबसायको लागि प्रचुर संभावना रहेको गाउँपालिका हो । यस पालिकामा जल, जमिन, जंगल, जडिबुटी समेतको संभावना पनि रहेको छ ।

जनसंख्याको अनुपात अनुसार गुराँस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ र पालिका केन्द्र ४ नं वडाको रनिमत्तामा रहेको छ । करिव ८५% हिन्दु धर्मालम्वीको बाहुल्यता रहेको यस पालिकामा दलित- २४.४%, जनजाती-११.४% र बाहुन/क्षेत्री/ठकुरी/सन्यासी-६४.२% जात जातिको बसोवास रहेको छ । यस पालिकाका समुदायहरु मुख्यतया दशैं, तिहार, तिज, होलि, माघी, चैतेदशैं आदि चाडपर्बहरु मनाउने गर्दछन । यस क्षेत्रको प्रसिद्ध गुराँस भएकाले गुराँसको नामवाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । यस पालिकाका स्थानीय बाजार केन्द्रहरु, प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु र पालिका केन्द्रबाट वडा केन्द्रहरु सम्मको सडक दुरी देहाय अनुसार रहेको छ ।

तालिका -८: वडागत स्थानीय बजार केन्द्रहरु, प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु र पालिका केन्द्रबाट वडा केन्द्रहरुको सडक दुरी विवरण

| वडा नं. | प्रमुख सडक तथा बजारकेन्द्रहरु | वडा स्तरीय सडक पहुँच | | प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरु | प्रमुख चाड तथा पर्बहरु |
|---|---|---|---|---|---|
| | | दुरि (कि.मि.) | सडकको किसिम | | |
| १ | सेट्टी – पाताल खोला | ८.९३ | कच्ची | झिलझिले गुफा | दशैं, तिहार, माघी, ल्होसार, चैते दशैं, फागुपुर्णिमा, राम नवमी, कृष्ण जन्माष्टमी, तिज आदि |
| | दोबाटो – बेरु गाउँ – सेट्टी – पाताल खोला | ९.६७ | कच्ची | | |
| | बगौरा – हादापानी -देउती थान | ८.३५ | कच्ची | | |
| | काफलतोली – सिमेसाल – पातीकान्ला | ८.५२ | कच्ची | | |
| | पाल्त – कालिका आ.बि. | ३ | कच्ची | | |
| | मुसारे गैरा – पाल्त | ३.१ | कच्ची | | |
| | पाताल खोला – पाल्त | २.१ | कच्ची | | |
| | बेरु गाउँ – सिमेसाल | ३.१४ | कच्ची | | |
| | बगौरा – बेल | ३.७३ | कच्ची | | |
| | काली खोला – कर्णाली नदि | ५.१७ | कच्ची | | |
| | काफलतोली – सेट्टी | २.९३ | कच्ची | | |
| २ | देउतीस्थान -वडा कार्यालय | ३ | कच्ची | तल्लो डुंगेश्वर मन्दिर, डुंडापोखरा महाबै जगन्नाथ, मष्ट नारायण, मोतिया खोला झरना | दशैं, तिहार, माघी, ल्होसार, चैते दशैं, फागुपुर्णिमा, राम नवमी, कृष्ण जन्माष्टमी, तिज आदि |
| | राझेखोला-स्याउली बजार | ३.५ | कच्ची | | |
| | रसैनी गैरा-खड्क | ४ | कच्ची | | |
| | चिप्ली खेल्ने -झ्याल्से पिपल | २.५ | कच्ची | | |
| | तियारथान-डुडापोखरा | १.५ | कच्ची | | |
| | तलीगाउँ-रतिखोला | ३ | कच्ची | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | गुरासे -दोबाटो – पाताल खोला | ९ | कच्ची | धाउधुला गुफा, खामालेक, सारदा देउती मन्दिर, बन्डलीथान | दशैं, तिहार, माघी, ल्होसार, चैते दशैं, फागुपुर्णिमा, राम नवमी, कृष्ण जन्माष्टमी, तिज आदि |
| | गुराँसे-पातिकान्ला-स्याउली बजार | २१ | कच्ची | | |
| | दोबाटो- सरी-पातिकान्ला | ७ | कच्ची | | |
| | ढोगदिने- छर्ची-तियारथान-सेरीबाडा | ८ | कच्ची | | |
| | पातिकान्ला-पुनाकोट-चिसापानी | ५ | कच्ची | | |
| | पुनाकोट-सेरिबाड़ा-डुडापोखरा | ६ | कच्ची | | |
| | टोटापोखरा- दमार-सिमेसाल | ६ | कच्ची | | |
| | पातिकान्ला-खुमखामे | ६ | कच्ची | | |
| ४ | दैलेख - सुर्खेत राजमार्ग | १५ | पक्की | कालिका मन्दिर, शिबमन्दिर, घोडाबास शिब मन्दिर | दशैं, तिहार, माघी, ल्होसार, चैते दशैं, फागुपुर्णिमा, राम नवमी, कृष्ण जन्माष्टमी, तिज आदि |
| | जिरो पोइन्ट- तल्लो डुंगेश्वर | २.५ | पक्की | | |
| | मल्लमोड-मिमिर्के-पेटारी | १६ | कच्ची | | |
| | गुराँसे-सेरी स्कूल | १५ | कच्ची | | |
| | चिसापानी –हे.पो. | २.५ | कच्ची | | |
| | घोडाबास-कुमखोला-गुराँसे | २० | कच्ची | | |
| | दोबाटो-साकिनधारा | २.५ | कच्ची | | |
| | एकलेसाल-भकुन्डे | ३ | कच्ची | | |
| ५ | घोडाबास – भुतुकेनी-बिउराखेत | १२ | कच्ची | मालिका मन्दिर जिल्लाने, जन्तिवाडा गुफा, शिबमन्दिर बुबैराखे, गुराँसे भ्यू टावर | दशैं, तिहार, माघी, ल्होसार, चैते दशैं, फागुपुर्णिमा, राम नवमी, कृष्ण जन्माष्टमी, तिज आदि |
| | राउटे गल्छी - आगोधुवाउने-बिउराखेत | १३ | | | |
| | बुबइराखे - शान्तिबजार-बिउराखेत | १० | | | |
| | चंखिला-सानाकाडा-गोगनपानी-घोडाबास (गौरब मार्ग) | २० | | | |
| ६ | भ्युचुला-बगौरा-पुल्या | १३ | कच्ची | शिबमन्दिर बाहुन टोल, माई भगवतीमन्दिर जोरेबाँझ, बिरेमष्ट, मालिका मन्दिर, धौखाने गुफा, लिलेकोट पार्क, काउलाकोट गुफा | दशैं, तिहार, माघी, ल्होसार, चैते दशैं, फागुपुर्णिमा, राम नवमी, कृष्ण जन्माष्टमी, तिज आदि |
| | मिलनचोक-बगौरा | १० | कच्ची | | |
| | कालेखोला-बगौरा | ५ | कच्ची | | |
| | तेर्साबाट-रानाबन | ४ | कच्ची | | |
| | बगौरा-रेग | ३ | कच्ची | | |
| | चोत्र्यानी-डोटेखोला | ८ | कच्ची | | |
| | माझगाउँ-जंगलेकुना | ०.२५ | कच्ची | | |
| | धनटाकुरी-मिलन चोक | ३ | कच्ची | | |
| | धनताकुरी-सिस्नेरी-टाकुरी | १.५ | कच्ची | | |
| | जंगल्या-कोट | ३ | कच्ची | | |
| | रेगडाँडा-तल्लो रेग | २ | कच्ची | | |
| | नवदुर्गा-दलितबस्ती-मिलन चोक | ३ | कच्ची | | |
| | पातियाँला-बडावल-कालीखोला | ३ | कच्ची | | |
| | बडावल-मिलनचोक | ३ | कच्ची | | |
| | रातानानान्गाला-भियुचुला | २०. | पक्की | | |
| ७ | कुन्तडा – मर्खे | ६.५ | कच्ची | मालिका मन्दिर, पंचकोशी मालिका | दशैं, तिहार, माघी, ल्होसार, चैते दशैं, |
| | घुम्रे – लालिकांडा | ३.५ | कच्ची | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | चाँदनी – ओखेनी | ७.५ | कच्ची | मन्दिर, शिब मन्दिर झुज, महांकाल मन्दिर मर्खे, मष्टाथान लालिकाडा, टोटनाउला मन्दिर र गुफा, गुरुसेको लेख | फागुपुर्णिमा, राम नवमी, कृष्ण जन्माष्टमी, तिज आदि |
| | घुम्ने – झुज | ८ | कच्ची | | |
| | वडा कार्यालय-डाँडामर्खे-सेरा | १४. | कच्ची | | |
| | शान्तिमाबी-वडा कार्यालय | ५ | कच्ची | | |
| | लालिखोला उगाड़ा- डाडामाथि | ८ | कच्ची | | |
| | मालिका माबी- जिम्र | २ | कच्ची | | |
| | चादनी-महालक्ष्मी प्राबि | १ | कच्ची | | |
| | छौडेकाँडा-थानटाकुरा | १.५ | कच्ची | | |
| ८ | पाखापानी – गर्चा | २ | कच्ची | काउलाकोट गुफा, घिउ पोखरी डाँडा | दशैं, तिहार, माघी, ल्होसार, चैते दशैं, फागुपुर्णिमा, राम नवमी, कृष्ण जन्माष्टमी, तिज आदि |
| | धरमपोखरा – मिलनचोक | ७ | पक्की | | |
| | रातानांगला -धारमपोखरा | ७ | पक्की | | |
| | धरमपोखरा – कालेखोला (गौरब मार्ग) | ५ | कच्ची | | |
| | धरमपोखरा-माइस्थान | ४ | कच्ची | | |
| | घिउपोखरी-मिलनचोक | ८ | कच्ची | | |

स्रोत: जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८०

## २.२ भौगोलिक अवस्थिति र पहुँच

दैलेख जिल्लामा ४ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी ११ वटा स्थानीय तह गठन भएको छ । गुराँस गाउँपालिका दैलेख जिल्लाको पर्यटकीय क्षेत्र भित्रको जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित एक सुन्दर र प्राकृतिक स्रोतले सम्पन्न गाउँपालिका हो । दैलेख जिल्लाको पर्यटकीय स्थलको रुपमा रहेको गुराँस गाउँपालिका, कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट २५ किलोमिटरको दुरीमा रहेको छ । तत्कालीन बराह, सेरी, खड्कबाडा, गोगनपानी, पिलाडी, लालिकांडा गाविसहरुलाई जोडेर हालको गुराँस गाउँपालिकाको निर्माण गरिएको हो । झट्ट हेर्दा नेपालको नक्शा जस्तो देखिने गुराँस गाउँपालिका समुन्द्री सतहबाट सबैभन्दा कम ५४४ मिटरमा रहेको वडा नं. २ स्थित तल्लो डुङ्गेश्वर प्रसिद्ध कर्णाली नदीको किनारमा कर्णाली राजमार्गमा अवस्थित छ । सबैभन्दा बढी उचाई रहेको भूभाग वडा नं. ७ स्थित मालिका कोप्ची जाजरकोट जिल्लाको सिमानामा रहेको छ । करिब १६४.७८ वर्ग किलोमिटर क्षेत्रफल रहेको गुराँस गाउँपालिका व्यवसायिक आलु तथा तरकारी उत्पादन र पर्यटनको कारणले प्रख्यात रहेको छ । यस गाउँपालिकामा गुराँस फूलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायिक र मनोरञ्जनको उद्देश्यले बर्षेनी हजारौं आन्तरिक र बाह्य पर्यटकहरु आउने गर्दछन् । यहांको बार्षिक औषत तापक्रम २५ डिग्री सेल्सियस देखि ३५ डिग्री सेल्सियससम्म रहेको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्धारको रुपमा रहेको गुराँस गाउँपालिका व्यवसायिक कृषि, पशपंक्षी, वन, जडिवुटी, पर्यटन तथा अन्य साना उद्योगहरुको लागि उपयुक्त स्थान रहेको छ । (गुराँस गाउँपालिकाको वेवसाईट)

राजनितिक हिसावले दैलेखका ११ वटा स्थानीय तहहरु मध्ये जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ तथा प्रदेश निर्वाचन क्षेत्र १ (क) अन्तर्गत यो गाउँपालिका पर्दछ । विश्व मानचित्रमा यस गाउँपालिकाको फैलावट २८ डिग्री ३० मिनेट ५४ सेकेण्ड उत्तर देखि २८ डिग्री ४४ मिनेट १२ सेकेण्ड उत्तरी अक्षांससम्म र ८१ डिग्री १८ मिनेट ४३ सेकेण्ड पूर्वदेखि ८१ डिग्री ३७ मिनेट ४ सेकेण्ड पुर्वी देशान्तरसम्म रहेको छ ।। गुराँस गाउँपालिका दैलेख बजार देखि ४१ कि.मी. दक्षिणमा पर्दछ ।

## २.३ भौगोलिक स्वरूप तथा भू-उपयोग स्थिति

गुराँस गाउँपालिकाको कूल भूभाग क्षेत्र १६४.७८ वर्ग किलोमिटर मध्ये ७२.९४ वर्ग किलोमिटर अर्थात करिब ४४.२७% हिस्सा बनजंगलले ओगटेको छ । त्यसैगरी ५२.६२ वर्ग किलोमिटर अर्थात् ३१.९२% खेतीयोग्य जमिनको हिस्सा रहेको देखिन्छ भने ४.०१% जल क्षेत्र र ६.२०% जमिन चरण उपयोगका क्षेत्र रहेको छ । गाउँपालिकाको भू–उपयोगको अवस्था विश्लेषण तलको चित्रमा गरिएको छ भने वडागत विस्तृत विवरण तलको तालिकामा प्रस्तुत् गरिएको छ ।

तालिका -९: गाउँपालिकाको वडागत रुपमा भू-उपयोग सम्बन्धी विवरण

| वडा नं. | वडागत भू उपयोग स्थिति (वर्ग किलो मिटर) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बन जंगल | जल क्षेत्र | चरिचरण क्षेत्र | खेति योग्य जमिन | तालतलैया | अन्य (घर बस्ती, बगर) | जम्मा |
| १ | ६.२४ | ०.८० | १.१ | ६.६५ | ०.०१ | २.९५ | १७.७५ |
| २ | २.२१ | ०.५० | ०.६४ | ६.५८ | ०.०५ | ०.३७ | १०.३५ |
| ३ | ४.७९ | ०.९० | ०.८१ | ६.६२ | ०.१ | ०.७५ | १३.९७ |
| ४ | ११.११ | १.०० | १.३६ | ६.६८ | ०.१४ | २.३८ | २२.६७ |
| ५ | १६.७० | १.२० | १.७७ | ९.१८ | ०.०९ | १.४३ | ३०.३७ |
| ६ | १०.६२ | ०.८० | १.६७ | ५.३७ | ०.०९ | ४.०० | २२.५५ |
| ७ | १४.७८ | ०.७० | २.०१ | ७.४२ | ०.१ | ७.७४ | ३२.७५ |
| ८ | ६.४९ | ०.७० | ०.८६ | ४.१ | ०.०८ | २.१४ | १४.३७ |
| जम्मा | ७२.९४ | ६.६० | १०.२ | ५२.६ | ०.६६ | २१.७५ | १६४.७८ |
| प्रतिशत | ४४.२७% | ४.०१% | ६.२०% | ३१.९२% | ०.४०% | १३.२०% | १००.००% |

स्रोत: जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८०

## २.४ प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रको विवरण


गुराँस गाउँपालिका मध्यकर्णाली जलाधार क्षेत्रमा पर्दछ र यस गाउँपालिका भित्र ७ वटा उपजलाधारहरु कालेखोला, मैनखोला, रतिखोला, लोहोरखोला, पिरेखोला, झुजखोला र ठुलोखोला उपजलाधार क्षेत्रहरु रहेका छन् । यस गाउँपालिकामा रहेका उप-जलाधार क्षेत्रहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । साथै उप-जलाधार क्षेत्रहरुको अवस्थिति र यसका खोलाखोल्सी जलग्रहहरुलाई तलको भौगोलिक जी आइ एस नक्सामा प्रतुत गरिएको छ ।

तालिका -१०: पालिकामा भित्र रहेका उप-जलाधार क्षेत्रहरुको विवरण


| क्र.सं. | उप-जलाधार क्षेत्र | उप-जलाधारमा पर्ने वडा नं. हरु |
|---|---|---|
| १ | काले खोला | १ |
| २ | मैन खोला | १ |
| ३ | रतिखोला | ३ र ४ |
| ४ | लोहोरे खोला | २, ३ र ४ |
| ५ | ठुलो खोला | ४, ५, र ६ |
| ६ | पिरे खोला | ६ |
| ७ | झुज खोला | ७, र ८ |

स्रोत : जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८०

चित्र नं. ३ : गाउँपालिकाको भू-उपयोग सम्बन्धी अवस्था विश्लेषण



चित्र नं. ४ : पालिकामा उप-जलाधार क्षेत्रहरु र खोला खोल्सी जलग्रह



# २.५ पालिकाको सामाजिक तथा आर्थिक विवरण

## २.५.१  घरधुरी तथा जनसंख्या

जलउपयोग गुरुयोजनाको तथ्याङ्क अनुसार गुराँस गाउँपालिकामा जम्मा १६० वटा मुख्य टोल बस्तीहरु रहेका छन् जसमा कुल घरधुरीसंख्या ५६९१ तथा कुल जनसंख्या २३३२८ रहेको देखिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार २११८९ जनसंख्या रहेको छ । जस अनुसार सबैभन्दा थोरै घरधुरी संख्या वडा नं. ७ मा ४९१ र सबैभन्दा धेरै घरधुरी संख्या भएको वडा नं. ४ मा ९७४ रहेको छ । जल उपयोग गुरुयोजना तर्जुमा प्रक्रिया अन्तर्गत सामाजिक नक्सांकन विधिबाट संकलन गरिएको तथ्याङ्क अनुसार घरधुरी संख्या र जनसंख्या दोहोरिन आउने हुने भएकाले राष्ट्रिय जनगणना, २०७८ भन्दा फरक आएको छ । यस गाउँपालिकाको बजार क्षेत्रमा घर हुनेहरुको गाउँमा समेत घर तथा बसोबास हुने गरेकोले जल उपयोग गुरुयोजना र गाउँपालिका प्रोफाइलको घरधुरी संख्या राष्ट्रिय जनगणनाको तथ्याङ्क भन्दा घटी बढी हुन गएको छ । दुई ठाउँमा घर हुनेहरुका लागि दुबै ठाउँमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध हुनु पर्ने भएकोले गुरुयोजनाको यस घरधुरी तथ्याङ्कलाई जल उपयोग प्रयोजनका लागि घरधुरी संख्या भनेर बुझ्नु पर्दछ । राष्ट्रिय जनगणना, २०७८ तथा तथा जलउपयोग गुरुयोजना सर्वेक्षण,  २०८० अनुसारका वडागत टोलबस्ति संख्या, घरधुरी संख्या तथा जनसंख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -११: वडागत घरधुरी संख्या तथा जनसंख्या विवरण

| वडा नं. | जम्मा बस्ति संख्या | जम्मा घरधुरी संख्या | | जम्मा जनसंख्या | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८० | राष्ट्रिय जनगणना २०७८ | जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८० | राष्ट्रिय जनगणना २०७८ | |
| १ | १३ | ५७५ | ५०९ | २३०६ | २१३१ | |
| २ | ११ | ८३७ | ५५० | ३४३२ | २७३३ | |
| ३ | १४ | ६१६ | ५६४ | २७७२ | २६२२ | |
| ४ | २९ | ९७४ | ७९९ | ३९९३ | ३३२७ | |
| ५ | २९ | ७९९ | ७३२ | ३२७६ | ३४२१ | |
| ६ | २७ | ८३३ | ५६८ | ३४१५ | २७९३ | |
| ७ | २४ | ४९१ | ३९५ | २०१३ | १९०१ | |
| ८ | १३ | ५६६ | ४२४ | २१२१ | २२६१ | |
| जम्मा | १६० | ५६९१ | ४५४१ | २३३२८ | २११८९ | |

स्रोत  : राष्ट्रिय जनगणना २०७८, जलउपयोग गुरुयोजना सर्वेक्षण,  २०८० अनुसूची १ SA-१ टोल तथा घरधुरी सर्भेक्षण विवरण

## २.५.२ जातीय संरचना

गुराँस गाउँपालिकाको जलउपयोग गुरुयोजना सर्भेक्षण, २०८० विवरण अनुसार गुराँस गाउँपालिकामा २४.६४% दलित, ११.२५% जनजाती र ६४.११% ब्राम्हण/क्षेत्री/ठकुरी/सन्यासी घरपरिवार घरधुरी संख्या रहेका छन् । जातजाती अनुसारको वडागत घरधुरीसंख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको  छ ।

तालिका -१२: जातिगत आधारमा घरधुरी विवरण

| वडा नं. | जम्मा बस्ति संख्या | घरधुरी संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | |
| १ | १३ | १६५ | ११५ | २९७ | ५७५ | |
| २ | ११ | २६८ | ४० | ५३४ | ८३७ | |
| ३ | १४ | १६७ | १०३ | २४६ | ६१६ | |
| ४ | २९ | २५६ | १५५ | ५६६ | ९७४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २९ | २६१ | १२६ | ४१६ | ७९९ | |
| ६ | २७ | १६० | १५ | ६६३ | ८३३ | |
| ७ | २४ | ६९ | ८४ | ३०९ | ४९१ | |
| ८ | १३ | ५४ | १ | ५११ | ५६६ | |
| जम्मा | १६० | १४०० | ६३९ | ३६४२ | ५६९१ | |
| प्रतिशत | | २४.६४% | ११.२५% | ६४.११% | १००.०० | |

स्रोत : जलउपयोग गुरुयोजना सर्भेक्षण, २०८० अनुसूची १ SA-१ टोल तथा घरधुरी सर्भेक्षण विवरण

## २.५.३ साक्षरता

गुराँस गाउँपालिकामा साक्षर जनसंख्या प्रतिशत नेपालको औसत बयस्क सक्षरता प्रतिशत भन्दा निकै कम राहेको देखिन्छ । पालिकाको प्रोफाइल अनुसार यस गाउँपालिकामा ७१.७७% महिलाहरु सक्षर छन् भने ८६.८९% पुरुषहरु सक्षर छन् । यसैगरी जनगणना २०७८ अनुसार यस गाउँपालिको कुल साक्षरता प्रतिशत ७९.१३ छ भने ७१.७७% महिलाहरु साक्षर छन् भने ८६.८९% पुरुषहरु साक्षर छन् । लिङ्ग अनुसार वडागत साक्षर् जनसंख्या प्रतिशत देहाय अनुसार रहेको देखिन्छ ।

तालिका -१३: वडागत साक्षर जनसंख्या विवरण

| वाड नं. | साक्षर जनसंख्या सम्बन्धि विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | |
| | जनसंख्या | साक्षरता प्रतिशत | जनसंख्या | साक्षरता प्रतिशत | |
| १ | ८७० | ८०.९२ | १०२८ | ६४.७९ | |
| २ | ११५७ | ७९.९५ | १२६६ | ६७.३८ | |
| ३ | ११३१ | ९०.७२ | १२५२ | ७६.७६ | |
| ४ | १५१५ | ८६.८० | १५५७ | ७०.३३ | |
| ५ | १५३४ | ८९.७७ | १५६६ | ७३.०५ | |
| ६ | १२७३ | ८६.३३ | १३०६ | ७२.३६ | |
| ७ | ८७७ | ८९.६२ | ८६१ | ७२.२४ | |
| ८ | १०२६ | ८९.७७ | १०४६ | ७७.०६ | |
| जम्मा | ९३८३ | ८६.८९ | ९८८२ | ७१.७७ | |

स्रोत: गाउँपालिकाको वस्तुगत विवरण, २०७४

## २.५.४ व्यवसाय

परम्परागत कृषि तथा जीविकोपार्जन बाहेक गुराँस गाउँपालिकाका घरपरिवारहरुले विभिन्न आयआर्जन मुलक ब्यबसायिक क्रियाकलापहरु समेत सञ्चालन गरेको देखिन्छ । जसमध्ये कृषिजन्य आयआर्जन व्यवसाय (तरकारी उत्पादन, तरकारी नर्सरी, बहुउद्धेस्यीय नर्सरी, मसला खेति, बिउ उत्पादन, च्याउ खेति, फलफुल खेति, आदि) ३२ वटा, व्यवसायिक कृषि तथा पशुपन्क्षी पालन (कृषि, बाख्रा, कुखुरा, दुग्ध) ३८ वटा, पशुपंक्षी पालन ब्यबसाय २६ वटा, लघु उद्यम व्यवसाय (धागो उत्पादन, गुन्द्री बुन्ने, मह उत्पादन, अचार उत्पादन, जुत्ता बनाउने, आदि) २ वटा, व्यापार व्यवसाय (खुद्रा पसल, होटल, बिजुलि पसल, एग्रोभेट पसल, औषधी पसल आदि) १३१ वटा, गैरकाष्ठ बनपैदावार व्यवसाय २ वटा रहेका सञ्चालनमा रहेका छन् । पालिकामा संचालित आयआर्जन व्यवसाय सम्बन्धी वडागत बिबरण देहाय अनुसार रहेको छ ।

तालिका -१४: वडागत व्यवसाय सम्बन्धी विवरण

| वार्ड नं. | | व्यवसाय सम्बन्धी विवरण (संख्या) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | कृषि | कृषि तथा पशुपालन | पशुपंक्षी पालन | लघुउद्यम | व्यापार | गैरकाष्ट वन पैदावारहरु | अन्य | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | १७ | ८ | १ | १६ | | | |
| २ | १ | १ | १ | | २८ | | | |
| ३ | ८ | ७ | ९ | | ३० | २ | | |
| ४ | १ | ११ | २ | | ६ | | | |
| ५ | १० | | १ | | २३ | | | |
| ६ | २ | १ | ४ | १ | ८ | | | |
| ७ | | | १ | | १८ | | | |
| ८ | ३ | १ | | | २ | | | |
| **जम्मा** | **३२** | **३८** | **२६** | **२** | **१३१** | **२** | | |

स्रोत: गाउँपालिकाको वस्तुगत विवरण, २०७४

## २.५.५ कृषि र जीविकोपार्जन

यस गाउँपालिकाका ९७% घरपरिवारहरुको प्रमुख पेशा कृषि रहेको देखिन्छ । मुख्य पेशा कृषि भएका घरपरिवारहरुको आफ्नै उत्पादनबाट खाद्यान्न आपूर्तिको अवस्था विश्लेषण गर्दा यस गाउँपालिकाका ३०.४४% घरधुरीहरुलाई आफ्नै उत्पादनवाट ३ महिना सम्म खाद्यान्न पुग्ने अवस्था देखिन्छ । त्यसैगरी ४३.९४% घरधुरीहरुलाई ४ देखि ६ महिना सम्म खान पुगीराखेको देखिन्छ, १३.३०% घरधुरीहरुलाई ७ देखि ९ महिना सम्म खान पुगेको देखिन्छ, भने १०.५१% घरधुरीलाई १० देखि १२ महिना खाद्यान्न पुगेको अवस्था छ । त्यसैगरी आफ्नो खेतबारीको उत्पादनबाट परिवारलाई खान पुगेर वेचविखन गर्ने घरधुरी संख्या १.३१% देखिन्छ ।

यस पालिकाका खेति योग्य जमिनमा बाह्रै महिना सिंचाइको सुविधा हुन नसकेको कारणले कृषि उत्पादन न्यून रहेको देखिन्छ जसको प्रत्यक्ष असर परिवारको खाद्यान्न आपूर्तीमा परेको देखिन्छ । परिवारको खाद्यान्न आपूर्तिको लागि यस गाउँपालिकाका मानिसहरुले वैकल्पिक आयस्रोतको रुपमा नोकरी, ज्याला मजदुरी लगायत बिभिन्न ब्यापार व्यवसायहरु सञ्चालन तथा मौसमी रोजगारीमा भारत जाने गरेको देखिन्छ । यदि खेति योग्य जमिनमा परम्परागत कुलो सिंचाइ वा लघु सिंचाइ सेवा बाह्रै महिना उपलब्ध हुन सकेमा कृषि क्षेत्रबाट नै यस पालिकाका घरपरिवारको जिबिकोपार्जन स्थितिमा सुधार गर्न सक्ने देखिन्छ । यस पालिकाका घरपरिवारहरुलाई आफ्नै उत्पादनबाट खाद्यान्न आपूर्तिको अवस्था तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका -१५: वर्षभरी खाद्यान्न उपलब्धता अवस्थाको आधारमा परिवार संख्या विवरण


| वडा नं. | जम्मा घरधुरी संख्या | खाद्यान्न उपलब्धताको आधारमा परिवार संख्याको विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | ३ महिना खान पुग्ने परिवार | ४-६ महिना खान पुग्ने परिवार | ७-९ महिना खान पुग्ने परिवार | १०-१२ महिना खान पुग्ने परिवार | आफ्नो खेतबारीको उत्पादनबाट खान पुगेर वेच विखन गर्ने परिवार |
| १ | ५७५ | १०९ | २३३ | १५५ | ६९ | ९ |
| २ | ८३७ | १९३ | ३३५ | १७६ | ११७ | १७ |
| ३ | ६१६ | १०५ | २७७ | १०५ | ७४ | ५५ |
| ४ | ९७४ | १८५ | २३४ | ३५१ | १३६ | ६८ |
| ५ | ७९९ | १९२ | २४८ | २४० | ७२ | ४८ |
| ६ | ८३३ | १३३ | ३५८ | १७५ | १०८ | ५८ |
| ७ | ४९१ | ८८ | २११ | १०३ | ४९ | ३९ |
| ८ | ५६६ | ११३ | १५८ | १५३ | ९६ | ४५ |
| जम्मा | ५६९१ | १११८ | २०५४ | १४५७ | ७२२ | ३४० |
| प्रतिशत | १०० | १९.६५ | ३६.०९ | २५.६ | १२.६९ | ५.९७ |

स्रोत : जलउपयोग गुरुयोजना सर्भेक्षण, २०८०

## २.५.६ मौसमी पात्रो

समुदायमा आधारित विकासका क्रियाकलापहरु सञ्चालन गर्न समुदायका मानिसहरुको कार्य ब्यस्तताको समय जान्न आवश्यक हुन्छ । ग्रामीण समुदायका अधिकांस व्यक्तिहरु स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरु सञ्चालन गरी जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदलाई मध्यनजर गरी सहभागितात्मक विकासका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ । तसर्थ समुदायको फुर्सदको समय थाहा पाउनका लागि मासिक मौसमी पात्रो तयार पारिएको छ । गुरुयोजनाको वडागत तथ्याङ्क अनुसार यस गाउँपालिकाका मानिसहरु असार र कार्तिक महिनामा खेतीपाती लगाउने र बाली भण्डारण लगायतका कार्य व्यस्तताका कारणले गर्दा अति ब्यस्त हुने गरेको देखिएको छ । बाँकी अन्य महिनाहरुमा केही दिन विकास निर्माणका गतिविधिहरुमा समुदायलाई सहभागिता गराउन सकिने सम्भावना देखिन्छ । यस गाउँपालिकामा पुरुषहरु भन्दा महिलाहरु सबै मौसममा बढी ब्यस्त हुने गरेको तथ्याङ्कबाट देखिन्छ । यस पालिकाका महिला र पुरुषको महिना अनुसार ब्यस्ततास्तरको विश्लेषण तलको मौसमी पात्रोमा गरिएको छ ।

चित्र नं. ५ : पालिकाको मौसमी पात्रो




| | बैशाख | जेठ | असाढ | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १८ | २१ | २६ | २१ | २१ | २२ | २६ | २१ | २० | २१ | २० | २१ |
| महिला | २२ | २२ | २८ | २४ | २३ | २४ | २७ | २४ | २३ | २३ | २३ | २३ |


पुरुष महिला

स्रोत : जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८०

## २.५.७ मानव संसाधन विश्लेषण

जलउपयोग गुरुयोजना कार्यान्वयन गर्न तथा आयोजनाको दिगो मर्मत सम्भार र सञ्चालन गर्नको लागि पालिकामा दक्ष जनशक्ति उपलब्ध रहेको तथ्याङ्कले देखाएको छ । पालिकामा सिमेन्टको काम गर्ने दक्ष मिस्त्री, काठको काम गर्ने मिस्त्री, खानेपानी मर्मत सम्भार कार्यकर्ता, स्थानीय चर्पी निर्माण कर्ता, जलस्रोत प्राविधिक, विद्युत प्राविधिक, आदि दक्ष जनशक्तिहरु पालिका भित्र रहेका छन् जसको विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं. ६ : पालिकामा उपलब्ध दक्ष जनशक्ति विवरण




स्रोत: जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८०

### २.५.८ स्थानीय निर्माण सामग्री उपलब्धता

यस गाउँपालिकामा स्थानीय स्रोत तथा निर्माण सामग्रीहरुको प्रयाप्तता रहेको छ । बालुवा, ढुङ्गा, काठ, गिट्टी र बाँस जस्ता स्थानीय निर्माण सामाग्रीहरु वडा क्षेत्र भित्र नै उपलब्ध छन् भने घरको छतको लागि आवश्यक पर्ने स्लेटका लागि केही वडाहरुले सम्बन्धित वडा भन्दा बाहिर जानुपर्ने बाध्यता रहेको छ । वडामा ढुंगाको स्रोतको लागि गाउँपालिकाका सबै वडाहरुको विभिन्न ठाउँहरुमा प्रयाप्त मात्रामा उपलब्ध हुने सम्भावना छ भने बालुवाको लागि गाउँपालिकामा अवस्थित मुख्य खोलाहरुका पायक पर्ने स्थानहरुमा उपलब्ध रहेको देखिन्छ तर पालिकाका वडा नं ६, ७ र ८ मा पालिका क्षेत्र भन्दा बाहिरबाट बालुवा ढुवानी गर्नु पर्ने देखिन्छ । ढुंगा र गिट्टी गाउँपालिकाका सबैजसो वडाहरुमा प्रयाप्त मात्रामा उपलब्ध भईराखेको छ भने काठको लागि केही वडाहरुलाई अरु वडाहरुमा जानुपर्ने अवस्था रहेको छ ।

## २.६ सेवाकेन्द्रहरु सम्बन्धी विवरण

यस पालिकामा स्वास्थ्य तथा प्रशुती सेवाको लागि ११ वटा स्वास्थ्य सेवा ईकाईहरु रहेका छन् । यसैगरी पालिकामा शिक्षा सेवाको लागि आधारभूत तह देखि माध्यमिक तह सम्मका ४६ वटा सामुदायिक विद्यालयहरु छन् । साथै आठवटै वडामा पालिकाको वडा सेवा कार्यालयहरु रहेका छन् । त्यसै गरी पालिकामा जम्मा ५६ वटा सहकारी सेवा संस्थाहरु सञ्चालनमा छन् । पालिका क्षेत्रभित्र रहेका प्रमुख सेवा केन्द्रहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -१६: पालिकामा उपलब्ध सेवाकेन्द्र सम्बन्धी विवरण

| सेवा केन्द्रको प्रकार | संख्या | कैफियत |
|---|---|---|
| गाउँपालिका र वडा कार्यालयहरु | ९ | |
| स्वास्थ्य सेवा संस्थाहरु | ११ | |
| सामुदायिक विद्यालय (आधारभुत तह देखि मा.वि. तह सम्म) | ४६ | |
| सहकारी सेवा संस्था | ५६ | |

स्रोत : जलउपयोग गुरुयोजना, २०८०

## २.७ विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धि विवरण

गुराँस गाउँपालिकामा जम्मा ५६ वटा सहकारी सेवा संस्थाहरु हाल सञ्चालनमा रहेका छन जस मध्ये १० वटा संस्थाले बहुउद्धेशीय सेवा र १५ वटा संस्थाले बचत तथा ऋण सेवा सञ्चालन गरेका छन् । पालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -१७: पालिकामा संचालित बचत तथा ऋण सहकारी संस्थाहरुको विवरण

| वडा नं. | सि.नं | बचत तथा ऋण सहकारी संस्था | कार्यालय अवस्थित वडा नं. | कार्यक्षेत्र र किसिम |
|---|---|---|---|---|
| १ | १ | कर्णाली महिला बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस १ | |
| | २ | बिबेकशील बहु उद्देश्यीय कृषि सहकारी संस्था लि. | गुराँस १ | |
| | ३ | मस्टनारायण कृषि बहु उद्देश्यीय कृषि सहकारी संस्था लि. | गुराँस १ | |
| | ४ | शन्त निरंकारी सहकारी संस्था लि. | गुराँस १ | |
| | ५ | नबसृजनशिल कृषि सहकारी संस्था लि. | गुराँस १ | |
| | | हिमचुली बहु उद्देश्यीय सहकारी संस्था लि. | गुराँस १ | |
| २ | १ | पूर्णमाल बहु बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस २ | |
| | २ | पंचेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस २ | |
| | ३ | सारदा बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस २ | |

| | | | | |
|---|---|---|---|---|
| | ४ | भैरव कृर्षि सहकारी सस्था लि | गुराँस २ | |
| | ५ | चौतारी कृर्षि तथा पशुपालन सहकारी संस्था लि | गुराँस २ | |
| | ६ | नमुना कृर्षि महिला सहकारी संस्था लि | गुराँस २ | |
| | ७ | महादेव बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस २ | |
| ३ | १ | जीवनज्योति कृषि सहकारी संस्था लि. | गुराँस ३ | |
| | २ | त्रिदेव बहु उद्देश्यीय सहकारी संस्था लि. | गुराँस ३ | |
| | ३ | हरित कृषि सहकारी संस्था लि. | गुराँस ३ | |
| | ४ | लक्ष्मी देवी बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ३ | |
| | ५ | सृजनशिल महिला बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ३ | |
| | ६ | स्वलम्बन बचत तथा ऋण सहकारी संस्था लि | गुराँस ३ | |
| | ७ | विवेकशिल कृर्षि बहुउदेश्य सहकारी संस्था लि | गुराँस ३ | |
| | ८ | सहयोगी हातेमालो सहकारी संस्था लि | गुराँस ३ | |
| | ९ | जिवनरेखा कृषि तथा पशुपलान सहकारी संस्था लि. | गुराँस ३ | |
| | १० | शारदा बचत तथा ऋण सहकारी संस्था लि | गुराँस ३ | |
| | ११ | सरिवाडा बचत तथा सहकारी संस्था लि | गुराँस ३ | |
| | १२ | महिला एकता कृर्षि तथा पशुपालन सहकारी संस्था लि | गुराँस ३ | |
| | १३ | जनजागरण कृर्षि तथा बचत सहकारी संस्था लि | गुराँस ३ | |
| | १४ | सेरी सानाकिसान सहकारी संस्था लि | गुराँस ३ | |
| | १५ | शान्ती स्वा. बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ३ | |
| ४ | १ | जनसेवक बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ४ | |
| | २ | नवज्योति कृषि तथा पशुपालन सहकारी संस्था लि. | गुराँस ४ | |
| | ३ | फूलबारी कृषि तथा पशुपालन सहकारी संस्था लि. | गुराँस ४ | |
| | ४ | श्रृष्टी आमा बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ४ | |
| | ५ | सितल कृषि तथा पशुपालन सहकारी संस्था लि. | गुराँस ४ | |
| | ६ | मयूर कृषि तथा पशुपालन सहकारी संस्था लि. | गुराँस ४ | |
| | ७ | हातेमालो सहकारी संस्था लि | गुराँस ४ | |
| | ८ | मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ४ | |
| | ९ | लालीगुराँस बहु उद्देश्यीय सहकारी संस्था लि. | गुराँस ४ | |
| | १० | समाज विकास कृषि सहकारी संस्था लि. | गुराँस ४ | |
| ५ | १ | ज्वाला स्वाबलम्बी बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ५ | |
| | २ | पौरखी कृषि सहकारी संस्था लि. | गुराँस ५ | |
| | ३ | लालीगुराँस महिला सहकारी संस्था लि. | गुराँस ५ | |
| ६ | १ | नवयुग कृषि सहकारी संस्था लि. | गुराँस ६ | |
| | २ | लालीगुराँस बहु उद्देश्यीय सहकारी संस्था लि. | गुराँस ६ | |
| | ३ | शिवशक्ती कृषि तथा पशुपालन सहकारी संस्था लि. | गुराँस ६ | |
| | ४ | नवदुर्गा महिला बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ६ | |
| | ५ | सुनगाभा कृर्षि सहकारी संस्था लि. | गुराँस ६ | |
| | ६ | हिमशिखर बहुउदेश्य सहकारी संस्था लि. | गुराँस ६ | |
| | ७ | जनाकल्याण स्वा. बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ६ | |
| ७ | १ | जमुलेमामा जडिबुटी उत्पादन तथा प्रशोधन सहकारी संस्था लि. | गुराँस ७ | |

| | | | | |
|---|---|---|---|---|
| | २ | हिमचुली बहु उद्देश्यीय सहकारी संस्था लि. | गुराँस ७ | |
| | ३ | लालीकाँडा कृर्षि बहुउदेश्य सहकारी संस्था लि | गुराँस ७ | |
| | ४ | पञ्चकोशी मालिका महिला तथा ऋण सहकारी संस्था लि | गुराँस ७ | |
| | ५ | समाबेशी बहु उद्देश्यीय सहकारी संस्था लि. | गुराँस ७ | |
| ८ | १ | चर्तुमाला स्वा. बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ८ | |
| | २ | सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. | गुराँस ८ | |
| | ३ | लालीगुराँस बहु उद्देशीय सहकारी संस्था लि. | गुराँस ८ | |

स्रोत : जलउपयोग गुरुयोजना सर्भेक्षण, २०८०

यस पालिकामा हेल्भेटास नेपालको साझेदारीमा खानेपानी तथा सरसफाइका कार्यक्रमहरु सञ्चालनमा रहेको छ । यसैगरी अन्तर्राष्ट्रिय गैर सैकारी संस्था सेभ द चिल्ड्रेनको साझेदारीमा शिक्षा, बाल संरक्षण तथा बाल अधिकार सुशासन कार्यक्रम, यौनिक अल्पसंख्यक तथा जल बायु परिबर्तन अनुकुलनसंगै हरित उद्यम स्थापना कार्यक्रम सञ्चालनमा रहेको छ । यसैगरी डीसिए नेपालको सहयोगमा ग्रीन कर्णाली परियोजना अन्तर्गत जलबायु अनुकुलन का कार्यक्रमहरु स्थानीय संस्था सोसेक नेपाल द्वारा पालिका क्षेत्रभित्र सञ्चालनमा रहेको छ । हाल कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -१८: पालिकामा कार्यरत विकास साझेदारहरु, गैरसरकारी संस्थाहरु, र समुदायमा आधारित संस्थाहरुको विवरण

| वडा नं. | परियोजना/संस्थाको नाम | किसिम | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| सबै | महिलाको लागि पानी प्रोजेक्ट/एसएनभी नेपाल र एभरेष्ट क्लब दैलेख | अन्तर्राष्ट्रीय गैर सरकारी संस्था/स्थानीय गैर सरकारी संस्था | खानेपानी, सरसफाइ र स्वच्छता | |
| सबै | ग्रामिण खानेपानी तथा सरसफाइ कार्यक्रम/गोर्खा वेलफेयर ट्रष्ट | विकास साझेदार संस्था | खानेपानी, सरसफाइ र स्वच्छता | |
| सबै | कर्णाली प्रदेश खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | प्रदेश सरकार | खानेपानी आयोजना निर्माण | |
| सबै | सहयात्रा दोस्रो परियोजना/सेभ द चिल्ड्रेन र सोसेक नेपाल | अन्तर्राष्ट्रीय गैर सरकारी संस्था/स्थानीय गैर सरकारी संस्था | शिक्षा, बाल संरक्षण, बाल अधिकार शासन | |
| सबै | एलजिबिटीआईक्यू परियोजना/ सेभ द चिल्ड्रेन र सोसेक नेपाल | अन्तर्राष्ट्रीय गैर सरकारी संस्था/स्थानीय गैर सरकारी संस्था | यौनिक अल्पसंख्यक र पैरवी | |
| २ र ३ | ग्रीन जब परियोजना/ सेभ द चिल्ड्रेन र सोसेक नेपाल | अन्तर्राष्ट्रीय गैर सरकारी संस्था/स्थानीय गैर सरकारी संस्था | हरीत उद्यमी निर्माण तथा जलबायु परिबर्तन अनुकुलन | |
| १, २, र ३ | ग्रीन कर्णाली परियोजना/डिसिए नेपाल र सोसेक नेपाल | अन्तर्राष्ट्रीय गैर सरकारी संस्था/स्थानीय गैर सरकारी संस्था | जलबायु परिबर्तन अनुकुलन तथा कृषि पर्यावरण संरक्षण | |
| सबै | एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम/गापा र हेल्भेटास नेपालको आर्थिक सहयोग र सोसेक नेपालको सहजिकरं | अन्तर्राष्ट्रीय गैर सरकारी संस्था/स्थानीय गैर सरकारी संस्था | खानेपानी तथा सरसफाइ | |

स्रोत : जलउपयोग गुरुयोजना, २०८०

# अध्याय ३: विद्यमान जलस्रोतको अवस्था र प्रयोग

## ३.१ जलस्रोतको विवरण

गुराँस गाउँपालिकामा रहेका पानीका मूलमुहान स्रोतहरुको तथ्याङ्क विश्लेषण गर्दा पालिकामा जम्मा १०५३ वटा मुलमुहान स्रोतहरु (मूल, कुवा नाउला-९९४, खोला नदी-५९) अवस्थित रहेको देखिन्छ । साथै यस पालिकामा अवस्थित खोला खोल्सी/नदिहरुका ५९ स्थानहरुमा जलस्रोतको तथ्याङ्क रहेको देखिन्छ ।

मुलमुहान स्रोत अवस्थितिको हिसावले हेर्दा सबैभन्दा बढी मुलमुहान स्रोत संख्या वडा नं. ६ मा (२०१ वटा) रहेको छ भने सबैभन्दा कम संख्या वडा नं. २ मा (८० वटा) रहेको छ । पालिकामा अबस्थित पानीका मूलमुहान स्रोत संख्या र खोला खोल्सी नदिहरुमा पानीको मापन गरेको स्थान संख्या विवरण तलको तालिकामा वडागत रुपमा प्रस्तुत गरिएको छ ।

तालिका -१९: पालिकामा अवस्थित जलस्रोतहरुको सारांस तालिका

| | जम्मा स्रोत संख्या (वडागत) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्रोतहरुको प्रकार | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | जम्मा |
| मूल (कुवा/नाउला समेत) | ९९ | ७८ | ११३ | १२३ | १६८ | १९२ | ११५ | १०७ | ९९५ |
| खोला/नदि (मापन स्थान संख्या) | १५ | २ | ८ | ८ | ८ | ९ | ३ | ५ | ५८ |
| जम्मा | ११४ | ८० | १२१ | १३१ | १७६ | २०१ | ११८ | ११२ | १०५३ |


स्रोत : जलउपयोग गुरुयोजना, अनुसूची १ TA-१ पालिकामा अबस्थित जलश्रोतहरुको विवरण

## ३.२ जलस्रोतको विश्लेषण

### ३.२.१ अवस्थितिका आधारमा

यस पालिकामा रहेका विद्यमान स्रोतहरुको उपयोग प्रयोजनको प्राविधिक सम्भाव्यता विश्लेषण गर्नको लागि सामाजिक तथा प्रविधिक अध्ययनको क्रममा हरेक स्रोत र मुख्य बस्तीहरुको जी.पी.एस. अवस्थिति रेकर्ड गरिएको छ । विद्यमान स्रोतहरुको उचाई अवस्थिति र उपलब्ध क्षमता अनुसार स्रोतहरुको सम्भावित उपयोग र समेट्न सकिने वस्तीहरुको यकिन गरी योजनाहरुका लागि स्रोतहरुको बाँडफाड गरि क्षेत्रगत योजनाहरु तर्जुमा गरिएका छन । यस गाउँपालिकामा रहेका विद्यमान स्रोतहरुको उचाई अवस्थितिको आधारबाट विश्लेषण गर्दा ७.६०% स्रोतहरु (८०) ५०० मिटर देखि ९०० मिटर अल्टिच्युडको उचाई क्षेत्रमा अवस्थित छन्, १७.४७% स्रोतहरु (१८४) ९०१ मिटर देखि १२०० मिटर अल्टिच्युडको उचाई क्षेत्रमा अबस्थित छन्, ३१.९१% स्रोतहरु (३३६) १२०१ मिटर देखि १५०० मिटर अल्टिच्युडको उचाई क्षेत्रमा अबस्थित छन्, ३१.८१% स्रोतहरु (३३५) १५०१ मिटर देखि १८०० मिटर अल्टिच्युडको उचाई क्षेत्रमा अबस्थित छन्, र ११.२१% स्रोतहरु (११८) १८०१ भन्दा माथिको उचाइमा अवस्थित रहेको तथ्याङ्क स्रोतहरुको जी.पी.एस. अवस्थितिले देखाएको छ ।

चित्र नं. ७ : अवस्थितिका आधारमा पालिकामा जलस्रोतहरु





स्रोत: जलउपयोग गुरुयोजना, अनुसूची १ TA-१

### ३.२.२ क्षमताका आधारमा

गुराँस गाउँपालिकामा अवस्थित विद्यमान स्रोतहरुमा उपलब्ध पानीको बहाव (परिमाण) को हिसाबले विश्लेषण गर्दा पालिकामा विद्यमान १०५३ जम्मा स्रोतहरु मध्ये ४२.६२% स्रोतहरुमा पानीको बहाव ०.१ लिटर प्रति सेकेन्ड भन्दा कम रहेको छ, ३७.७०% स्रोतहरुमा ०.१ देखी ०.५ लिटर प्रति सेकेन्ड, १११.५९% स्रोतहरुमा ०.५ देखी १ लिटर प्रति सेकेन्ड रहेको छ  भने ८.०७% स्रोतहरुमा १ लिटर प्रति सेकेन्ड भन्दा बढि पानीको बहाव पाईएको छ । यसरि यस पालिकाका धेरैजसो मूलमुहानहरुमा पानीको परिमाण क्षमता अति न्यून रहेको देखिन्छ जसले गर्दा यस्ता मुलहरुको उपयोग गरि खानेपानी आयोजना निर्माण गर्दा नजिकमा रहेका एक भन्दा बढी मुलहरुको पानी संकलन गर्नुपर्ने अवस्था देखिन्छ साथै स्रोत संरक्षण तथा पुर्नभरण गरी स्रोतको क्षमता वृद्धि गर्नु पर्ने देखिन्छ । विद्यमान जलस्रोतको क्षमता विश्लेषणबाट यस पालिकामा खानेपानी संग जोडेर बहु-उपयोग आयोजना तर्जुमाको सम्भावना कम देखिन्छ। तलको चित्रहरुमा विद्यमान स्रोतहरुको क्षमता विश्लेषण र भौगोलिक अवस्थिति प्रस्तुत गरिएको छ ।

चित्र नं ८ : क्षमता (लिटर प्रति सेकेन्ड पानीको बहाव) का आधारमा जलस्रोतहरुको विश्लेषण





स्रोत: जलउपयोग गुरुयोजना, अनुसूची १, TA-१,  स्रोत संख्या १०५३

### ३.२.३ गुणस्तरका आधारमा

गुराँस गाउँपालिकामा विद्यमान मुल मुहान स्रोतहरुका पानीको गुणस्तरलाई विश्लेषण गर्दा अधिकांश स्रोतहरुमा पानीको गुणस्तर स्वीकार्य स्तरको अर्थात् साधारण प्रशोधन गरेमा पिउनको लागि सुरक्षित् हुन सक्ने रहेको पाईएको छ । स्थानीय समुदायको खानेपानी गुणस्तर धारणाको आधारमा तथ्याङ्क विश्लेषण गर्दा पालिकामा विद्यमान मुलमुहान स्रोतहरु मध्ये ६३.०६% स्रोतहरु असंरक्षित, ३६.९४% स्रोतहरु संरक्षित, ९८.३९% स्रोतहरु प्रयोग गर्न मिल्ने तथा समुदायद्वारा स्वीकार रहेको स्थिति तथ्याङ्कले देखाएको छ । मूल मुहान स्रोतहरुको पानीको गुणस्तर विश्लेषण तलको चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं. ९ : विद्यमान मूलमुहान स्रोतहरुमा उपलब्ध पानीको गुणस्तर विश्लेषण




स्रोत: जलउपयोग गुरुयोजना, अनुसूची १ TA-१ स्रोत संख्या १०३८


### ३.२.४ विद्यमान उपयोग र उप-जलाधार क्षेत्रहरुमा सम्भावित उपयोगका आधारमा

यस पालिकाका विद्यमान जलस्रोतहरुको उपयोगको स्थिति विश्लेषण गर्दा ८२.९१% (८७३) स्रोतहरु हाल समुदायले उपयोग गरिरहेका । यसरी पालिकाका १७.०९% (१८०) स्रोतहरु हाल समुदायले उपयोग नगरी प्राकृतिक बहावमा रहेको छ जसले स्थानीय पर्यावरण सम्बर्द्धनमा सहयोग पुगेको छ । हाल ६६.६७% स्रोतहरु खानेपानी प्रयोजनमा, ९.१२% स्रोतहरु सिंचाइमा, ७.१२% स्रोतहरु खानेपानी, सिचाई सहित बहुउपयोगमा रहेको देखिन्छ । प्रयोग नभएका मूलमुहान स्रोत संख्या थोरै देखिए तापनि यस्ता स्रोतहरुको क्षमता निकै कम भएको देखिएको छ ।

स्रोतहरुको भविष्यमा प्रयोग हुन सक्ने सम्भावनाको अध्ययन गर्दा, पालिकाको भौगोलिक क्षेत्र भित्र रहेका जम्मा १०५३ वटा जलस्रोतहरु मध्ये ७६.६४% (८०७) स्रोतहरु खानेपानी तथा सरसफाइ प्रयोजनमा उपयोग हुने देखिन्छ, १६.२४% (१७१) स्रोतहरु सिंचाइ प्रयोजनमा उपयोग हुने देखिन्छ, र ७.१२% (७५) स्रोतहरु बहुउपयोग हुने देखिन्छ । यस पालिकाका ७ उपजलाधार क्षेत्रहरु कालेखोला, मैनखोला, रतिखोला, लोहोर खोला, पिरेखोला, झुझखोला र ठुलोखोला मा जलस्रोतको संरक्षण तथा सम्बर्द्धन गरेमा


स्रोतहरुको भविष्यमा उपयोग गर्न सकिने सम्भावना रहेको छ । पालिकाका जलस्रोतहरुको भविष्यमा हुन सक्ने परिप्रयोगको विश्लेषण तलको चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं. १० : विद्यमान प्रयोगका आधारमा जलस्रोत विश्लेषण




स्रोत: जलउपयोग गुरुयोजना, अनुसूची १, TA-१, नमुना स्रोत संख्या १०५३

चित्र नं. ११ : सम्भावित परिप्रयोगका आधारमा जलस्रोत विश्लेषण




स्रोत: जलउपयोग गुरुयोजना, अनुसूची १, TA-१, नमुना स्रोत संख्या १०५३

## ३.३ विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण

यस पालिकामा रहेका ६४ वटा विद्यमान खानेपानी आयोजनाहरुबाट १६०९ घरधुरीहरुलाई पाइपलाइन खानेपानी सेवा उपलब्ध भएको छ । विद्यमान आयोजनाहरुको संचालनक अबस्थाको आधारमा ३९.०६% आयोजनाहरुको सञ्चालन व्यवस्थापन अवस्था व्यवस्थित रहेको छ, २८.१३% आयोजनाहरुको सञ्चालन व्यवस्थापन सन्तोषजनक रहेको छ भने ३२.८१% आयोजनाहरुको सञ्चालन व्यवस्थापन अवस्था अव्यवस्थित अर्थात् न्युन स्तरको रहेको छ । साथै यस पालिकामा हाल ११ वटा खानेपानी आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् जसबाट ४२३ घरधुरीहरुलाई पाईपलाइन खानेपानी सेवा उपलब्ध हुने देखिन्छ । विद्यमान खानेपानी आयोजनाहरुको सञ्चालन अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

तालिका -२०: पालिकामा अवस्थित विद्यमान खानेपानी आयोजनाहरुको सञ्चालन अवस्था

| वडा नं. | सेवा क्षेत्रका लाभान्वित घरधुरी | योजना संख्या | प्रयोग गरिएका स्रोत | | | सञ्चालन अवस्था | | | निर्माणाधिन योजना | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | व्यवस्थित | अव्यवस्थित | असुरक्षित | व्यवस्थित | सन्तोष जनक | अव्यव स्थित | योजना संख्या | सेवा क्षेत्रका घरधुरी सख्या |
| १ | २०२ | ८ | ५ | ३ | | २ | ३ | ३ | १ | २७ |
| २ | १४२ | ६ | ५ | १ | | २ | ३ | १ | ३ | १५६ |
| ३ | १८० | ८ | ५ | ३ | | ३ | २ | ३ | ० | ० |
| ४ | १४७ | ५ | ४ | १ | | २ | २ | १ | २ | ७९ |
| ५ | ३८१ | १६ | १३ | ३ | | ७ | ३ | ६ | ० | ० |
| ६ | ११७ | ७ | ६ | १ | | ३ | १ | ३ | १ | ३५ |
| ७ | २०६ | ७ | ५ | २ | | २ | २ | ३ | २ | ६५ |
| ८ | २३४ | ७ | ४ | ३ | | ४ | २ | १ | २ | ६१ |
| जम्मा | **१६०९** | ६४ | ४७ | १७ | | २५ | १८ | २१ | ११ | ४२३ |
| % | | १००.००% | ७३.४४% | २६.५६% | | ३९.०६% | २८.१३% | ३२.८१% | | |

स्रोत : जलउपयोग गुरुयोजना, वास प्लान सर्भे, २०८०

### ३.३.१ विद्यमान योजनाहरु र सेवाक्षेत्र

यस पालिकाका ६४ वटा विद्यमान खानेपानी आयोजनाहरुबाट १६०९ घरपरिवारका १०३०१ जनसंख्यालाई पाईपलाईन खानेपानी सेवा वितरण भएको छ । यस पालिकाका धेरैजसो विद्यमान खानेपानी आयोजनाहरुले ५० भन्दा कम घरधुरीलाई सेवा पुराएको देखिन्छ । साना आयोजनाहरुले ५ घरधुरीलाई स्व-सेवा पुराएको देखिन्छ भने ठुला आयोजनाले ८८ घरधुरीहरुलाई पाइपलाईन खानेपानी सेवा वितरण गरेको देखिन्छ । विद्यमान आयोजनाहरुले समेटेका वडागत बस्तिहरु र घरसंख्या तथा जनसंख्या विवरण देहायको तालिका अनुसार रहेको छ ।

तालिका -२१: पालिकामा अवस्थित विद्यमान खानेपानी आयोजनाहरु र सेवाक्षेत्र विवरण

| वडा नं. | योजना संख्या | लाभान्वित वस्तिहरु | जम्मा घरधुरी | लाभान्वित घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ८ | खड्कबाडा, माथिल्लो सेप्टी, बेडुगाउँ, पाताल गाउँ, चाल्से, भाँडे, भ्रित्रीखोला | ५७५ | २०२ | ९४८ | ८५८ | १८०६ |
| २ | ६ | लम्चुडी, साल टाकुरा, पुडेनी, सेरिबाडा, अमडा, दवाडी टोल | ८३७ | १४२ | ३०७ | २५६ | ५६३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ८ | कोपिका टोल, नायक टोल, पुनाकोट, सेरीबाडा, छर्चीटोल, सेरीबाडा, पाल्ता | ६१६ | १८० | ६४५ | ६७० | १३१५ |
| ४ | ५ | रतिखोला, मिस्त्री टोल, घोडाबास, रिठा, दोबाटो | ९७४ | १४७ | ४५१ | ४६४ | ९१५ |
| ५ | १६ | निगाल डाडा गाउँ, बडापाखा, नेटा, माथिल्लो गोगनपानी, नेपाली टोल, गोगनपानी, सियाला भैरी, गरगजा, बडाकाँडा, सानाकाँडा,भुफल्ना टोल, मल्ल टोल | ७९९ | ३८१ | ११९३ | १११५ | २३०८ |
| ६ | ७ | शान्ती टोल, बडावल, दलिते बस्ति, बीच रेग, बगौरा, बाहुन टोल | ८३३ | ११७ | ३६५ | ३२६ | ६९१ |
| ७ | ७ | माथिल्लो लालीकाँडा, जिम्रा टोल, छेड़ेकाडा, झुज, काडामखने, लामाकाटिया | ४९१ | २०६ | ६५१ | ६२४ | १२७५ |
| ८ | ७ | खनारा, सिम टाङकोट, दलित टोल, ठाँटी, दोबाटा, बुढाथोकी, देउता थान, जागिगाउँ, घारीघर, खत्री टोल, घ्यु पोखरी, गांगीमारे दोबाटा | ५६६ | २३४ | ७३१ | ६९७ | १४२८ |
| **जम्मा** | **६४** | | | **१६०९** | **५२९१** | **५०१०** | **१०३०१** |

स्रोत : वास प्लान सर्भे, २०८० अनुसूची २ TA-१ विद्यमान खानेपानी योजनाहरुको विवरण

## ३.३.२ विद्यमान योजनाहरुको सञ्चालन अवस्था

गुराँस गाउँपालिकामा विभिन्न निकायहरुबाट जम्मा ६४ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरु निर्माण सम्पन्न भएका छन जसबाट वडा नं १ देखी ८ सम्मका १६०९ घरधुरीहरु लाभान्वित भएका छन् । निर्माण सम्पन्न भएका आयोजनाहरुको सञ्चालन व्यवस्थापन नराम्रो भएको कारणले गर्दा आयोजनाले निर्धारित सुविधास्तरको खानेपानी सेवा वितरण गर्न नसकेको देखिन्छ । कुनै पनि योजनाहरुको दिगोपनाको लागी प्राविधिक मापदण्ड अनुसार निर्माण गर्नुका साथै नियमित मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन भएको हुनुपर्दछ । मर्मत सम्भारको अभावमा कुनैपनि आयोजनाले आफ्नो डिजाईन अवधिभरि सेवा दिन सक्दैन । यस गाउँपालिकाका खानेपानी तथा सरसफाइ आयोजनाहरुको सञ्चालन व्यवस्थापन तथा मर्मत सम्भारको अवस्था कम्जोर रहेको देखिन्छ । निर्माण सम्पन्न भएका ६४ वटै योजनाहरुको व्यवस्थापनका साथै मर्मत सम्भारको पाटो कम्जोर रहेको छ । यस गाउँपालिकामा रहेका ६४ वटा योजनाहरु मध्ये २८ वटा योजनाहरु जलस्रोत विकास समितिमा दर्ता भएका, ५४ वटा उपभोक्ता समितिहरु अस्तित्वमा रहेका, ११ वटा योजनाहरुले मात्र मर्मत सम्भार कार्यकर्ता राखेका, ५४ वटा योजनाहरुले आफ्ना खातापाता आफै अपडेट गर्ने गरेका, ११ वटा योजनाहरुले मात्र नियमित बैठक बस्ने गरेका, १३ वटा योजनाहरुले मात्र वार्षिक साधारणसभा गरेका, १४ वटा योजनाहरुले नियमित पानी शुल्क उठाउने गरेका छन । योजनाहरुको प्रादर्शिताको लागी सार्वजनिक सुनुवाई, जनलेखापरीक्षण, नियमिम उपभोक्ता समितिको बैठक, उपभोक्ता समितिकोहरुको क्षमता विकासका कृयाकलापहरु, मर्मत सम्भार कार्यकर्ताको नियुक्ति र परिचालनका साथै पानी सुरक्षा योजना तयार गरि लागु गर्नु पर्ने देखिन्छ।

तालिका -२२: पालिकामा अवस्थित विद्यमान खानेपानी आयोजनाहरुको सञ्चालन अवस्था विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पालिकामा रहेका जम्मा विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरु | ६४ | |
| २ | जलस्रोत समितिमा दर्ता भएका योजनाहरु | २८ | |
| ३ | सक्रिय उपभोक्ता समिति भएका योजनाहरु | २० | |
| ४ | नियमित उपभोक्ता समितिको बैठक बस्ने योजनाहरु | ११ | |
| ५ | नियमित साधारणसभा गर्ने योजनाहरु | १३ | |

| | | | |
|---|---|---|---|
| ६ | नियमित जनलेखापरिक्षण तथा सार्वजनिक सुनुवाइ गर्ने योजनाहरु | १३ | |
| 7 | नियमित पानी महशुल संकलन गर्ने योजनाहरु | १४ | |
| ८ | मर्मत सम्भार कार्यकर्ता राखी परिचालन गर्ने योजनाहरु | ११ | |
| ९ | पानी सुरक्षा योजना तयार गरी लागु गर्ने योजनाहरु | ९ | |
| 10 | मर्मत सम्भार कार्यविधि तयार गरी लागु गर्ने योजनाहरु | ९ | |
| ११ | मर्मत सम्भार कोष भएका योजनाहरु | १९ | |
| १२ | मर्मत सम्भारका लागी आवश्यक जगेडा सामाग्री भएका योजनाहरु | १२ | |
| 13 | आफै लेखा व्यवस्थापन गर्ने योजनाहरु | ५४ | |
| १४ | बैक खाता भएका योजना संख्या | ४० | |
| १५ | खेर गएको पानीलाई आयआर्जनमा सदुपयोग गर्ने योजनाहरु | १४ | |

स्रोत : जलउपयोग गुरुयोजना, वास प्लान सर्भे, २०८०

### ३.३.३ दिगोपना तथा सुचारुपना अवस्था

जलउपयोग गुरुयोजना तथा एन वासको तथ्याङ्क अनुसार विद्यमान ६४ वटा खानेपानी योजना अन्तर्गत सुचारुपनको अवस्था हेर्दा ७० भन्दा बढी स्कोर ल्याउने कूल १२ योजनामा २६० धारा, ३०१ घरधुरी तथा १७७३ जनसंख्या रहेका छन् । यस्तै दिगोपनाको अवस्था हेर्दा १ वटा योजना मात्र दिगोपना देखिएको छ । गुराँस गाउँपालिकाको विद्यमान खानेपानी आयोजनाहरुको दिगोपना तथा सुचारुपना अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

तालिका -२३: पालिकामा अवस्थित विद्यमान खानेपानी आयोजनाहरुको दिगोपना तथा सुचारुपना अवस्था

| अवस्था | प्यारामिटर | सुचारुपना | | | दिगोपना | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | % | | सङ्ख्या | % |
| जम्मा | योजना सङ्ख्या | ६४ | १०० | | १ | १०० |
| | धारा सङ्ख्या | ९०९ | १०० | | ११ | १०० |
| | घरधुरी | २१११ | १०० | | ५८ | १०० |
| | जनसङ्ख्या | १२४८२ | १०० | | ३०७ | १०० |
| ७० भन्दा बढि स्कोर | योजना सङ्ख्या | १२ | १८.७५ | | ० | ० |
| | धारा सङ्ख्या | २६० | २८.६ | | ० | ० |
| | घरधुरी | ३०१ | १४.२६ | | ० | ० |
| | जनसङ्ख्या | १७७३ | १४.२ | | ० | ० |
| ६०-७० को बिचमा स्कोर | योजना सङ्ख्या | ३ | ४.६९ | | ० | ० |
| | धारा सङ्ख्या | ९४ | १०.३४ | | ० | ० |
| | घरधुरी | ७९ | ३.७४ | | ० | ० |
| | जनसङ्ख्या | ४८५ | ३.८९ | | ० | ० |
| ६० भन्दा कम स्कोर | योजना सङ्ख्या | ४९ | ७६.५६ | | १ | १०० |
| | धारा सङ्ख्या | ५५५ | ६१.०६ | | ११ | १०० |
| | घरधुरी | १७३१ | ८२ | | ५८ | १०० |
| | जनसङ्ख्या | १०२२४ | ८१.९१ | | ३०७ | १०० |

### ३.३.४ विद्यमान खानेपानी योजनाहरुको सुविधास्तर विश्लेषण

जलउपयोग गुरुयोजनाको तथ्याङ्क अनुसार यस पालिकाका १५.६२% घरधुरीले मात्र आधारभूत खानेपानी सुविधास्तर पाएको देखिन्छ भने १२.७% घरधुरीहरुको सिमित सुविधास्तरको खानेपानी सेवा अर्थात्

आधारभूत भन्दा तल्लो स्तरको खानेपानी सुविधा रहेको देखिन्छ । वडा नं. ६ र ८ का प्राय घरधुरीहरुको सुविधास्तर आधारभूत भन्दा तल रहेको छ । यस पालिकाका कुनै पनि घरधुरीले हाल सुरक्षित व्यवस्थापन भएको स्तरको खानेपानी सुविधा पाएका छैनन् । हाल गुराँस गाउँपालिकामा विद्यमान खानेपानी आयोजनाहरुबाट उपभोक्ता घरधुरीहरुलाई उपलब्ध खानेपानी सुविधास्तर अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

तालिका -२४: पालिकामा अवस्थित विद्यमान खानेपानी आयोजनाहरुको सुविधास्तर

| वडा नम्बर | जम्मा घरधुरी सख्या | सुविधास्तर वर्गिकरण (घरधुरी संख्या) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सुविधा नभएका | सिमित सुविधा भएका | आधारभूत सुविधा भएका | सुरक्षित व्यवस्थापन सुविधा भएका | |
| १ | ५७५ | ३७३ | ८४ | ११८ | ० | |
| २ | ८३७ | ६९५ | ६० | ८२ | ० | |
| ३ | ६१६ | ४३६ | ८८ | ९२ | ० | |
| ४ | ९७४ | ८२७ | ९५ | ५२ | ० | |
| ५ | ७९९ | ४१८ | १७६ | २०५ | ० | |
| ६ | ८३३ | ७१६ | ४१ | ७६ | ० | |
| ७ | ४९१ | २८५ | १११ | ९५ | ० | |
| ८ | ५६६ | ३३२ | ६५ | १६९ | ० | |
| जम्मा | ५६९१ | ४०८२ | ७२० | ८८९ | | |
| प्रतिशत | १००.००% | ७१.७३ | १२.७ | १५.६२ | | |

स्रोत : वास प्लान सर्भे, २०८० अनुसूची २ TA-१ विद्यमान खानेपानी योजनाहरुको विवरण

### ३.३.५ समेटिएका घरधुरी तथा पानीको प्रयोग प्रकार

जलउपयोग गुरुयोजनाको तथ्याङ्क अनुसार विद्यमान ६४ वटा खानेपानी योजना अन्तर्गत ३७७ सामुदायिक धारा, ५०९ नीजि धारा तथा १६ वटा संस्थागत धारा रहेको देखिन्छ । यसैगरी ६४ वटा विद्यमान खानेपानी योजनाले १५०६ घरधुरी र ६ वटा संस्था समेटिएको छ जसमा ५३६४ पुरुष र ५७२३ महिला गरि १२४६३ जनसंख्या समेटिएको छ । हाल गुराँस गाउँपालिकामा विद्यमान खानेपानी आयोजनाहरुबाट उपभोक्ता घरधुरीहरुलाई उपलब्ध खानेपानी सुविधास्तर अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

तालिका -२५: पालिकामा अवस्थित विद्यमान खानेपानी आयोजनाहरुको सुविधास्तर

| प्रकार | धारा | समेटिएका घरधुरी | जनसङ्ख्या | | | जातीगत घरधुरी | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पूरुष | महिला | जम्मा | ब्रामण/क्षेत्री | जनजाती | दलित |
| सामुदयिक | ३७७ | ११५५ | ३३१५ | ३७५९ | ८४५० | ८६७ | १२६ | १६२ |
| नीजि | ५०९ | ४५४ | १६९५ | १५३२ | ३२२७ | ३२२ | ७४ | ५८ |
| सस्थागत | १६ | | ३५४ | ४३२ | ७८६ | | | |
| **जम्मा** | **९०२** | **१६०९** | **५३६४** | **५७२३** | **१२४६३** | **११८९** | **२००** | **२२०** |

### ३.३.६ निर्माणाधीन योजनाहरु र लक्षित सेवा क्षेत्र

यस पालिकामा हाल ११ वटा खानेपानी आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् जसले ४९४ घरधुरीका २७१७ जनसंख्यालाई पाइपलाइन खानेपानी सेवा उपलब्ध गराउनेछ । निर्माणाधीन आयोजनाहरुले सेवा पुराउने ४९४ घरधुरीहरु मध्ये २९.७६% दलित, ६.४८% जनजाती, ६३.७७%

बाहुन/क्षेत्रि/सन्यासी रहेका छन् । निर्माणाधीन आयोजनाहरुले सेवा पुराउने क्षेत्रको वडागत सम्क्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -२६: पालिकामा निर्माणाधीन खानेपानी आयोजनाहरुको वडागत सेवाक्षेत्र विवरण

| वडा नं. | योजना संख्या | लाभान्वित घरधुरी संख्या | दलित | जनजाती | मुस्लिम | बाह्मण/क्षेत्री /सन्यासी | बिद्यालय |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ४७ | १५ | ११ | ० | २१ | ० |
| २ | ३ | १७१ | ७९ | ० | ० | ९२ | १ |
| ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | २ | १३५ | १२ | २१ | ० | १०२ | ३ |
| ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | १ | ३५ | ५ | ० | ० | ३० | ० |
| ७ | २ | ६१ | २१ | ० | ० | ४० | ० |
| ८ | २ | ४५ | १५ | ० | ० | ३० | ० |
| जम्मा | ११ | ४९४ | १४७ | ३२ | ० | ३१५ | ४ |
| प्रतिशत | | १००.००% | २९.७६% | ६.४८% | ०.००% | ६३.७७% | ०.००% |

स्रोत : जलउपयोग गुरुयोजना, वास प्लान सर्भे, २०८०

# ३.४ विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण

## ३.४.१ बस्तीहरुको खुल्ला दिशामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

गुराँस गाउँपालिकाका हरेक घरधुरीमा शौचालय निर्माण भई पालिका खुल्ला दिशामुक्त घोषणा भएको छ । वडागत नमुना घरधुरी सर्वेक्षणको तथ्याङ्क अनुसार हाल सबै घरधुरीहरुमा शौचालय निर्माण भएको देखिन्छ । तैपनि पालिकामा केही सामाजिक कुरीतिहरु जस्तैः महिनावारी भएको केहि दिन सम्म चर्पी र पानीको धारा प्रयोग नगर्ने प्रचलन अझै पनि रहेको र सार्वजनिक शौचालयको सुविधा पर्याप्त नरहेको समेतको कारणले अझै पनि खोला खोल्सामा खुल्ला दिशा देख्न सकिन्छ । त्यसैगरी गाउँपालिकाका करिब प्राय सबैजसो ग्रामिण क्षेत्रका घरधुरीहरुले पशुपालन गर्ने गरेको तर गोठेमल व्यवस्थापनको अवस्था अत्यन्त न्यून स्तरको रहेको देखिन्छ । सरसफाइका अन्य महत्वपुर्ण अंगहरु अन्तरगत भाडासुकाउने चांग र फोहरुफाल्ने खाडलहरु व्यवस्थापन पनी एकदमै न्यून घरधुरीहरुमा देखिन्छ । यस पालिकामा शौचालय भएका घरधुरी ९७.२६% मात्र देखिन्छ । त्यस्तै चाङ जुठ्यान भएका भएका घरधुरी ५०% भन्दा कम रहेका छन् ।

आगामी दिनहरुमा यस पालिकामा घरायसी तथा व्यक्तिगत सरसफाइका क्रियाकलापहरुमा पालिकाले प्राथमिकता दिनुपर्ने देखिन्छ । यस पालिकाका कुनै पनि वडा हाल सम्म पूर्णसरसफाइ उन्मुख क्षेत्र घोषणा भएका छैनन् । यस पालिकाको समग्र सरसफाइ स्थिति र सरसफाइका विभिन्न सूचकहरुको विद्यमान अवस्था विश्लेषण निम्न तालिकामा उल्लेख गरिएको छ।

तालिका -२७: घरायसी सरसफाइ तथा स्वच्छताको विद्यमान अवस्था

| वडा नम्बर | जम्मा घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारीएका शौचालय भएका घरधुरी संख्या | अस्थायी खाल्डे चर्पी भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था विश्लेषण: हातधुने उचित स्थानको व्यवस्थापन भएका घरधुरी संख्या | भाँडा सुकाउने चाँग भएका घरधुरी संख्या | फोहोर फाल्ने खाडल भएका घरधुरी संख्या | धुवां रहित (सुधारिएको) चूल्हो भएका घरधुरी संख्या | पूर्ण सरसफाइ: घोषणा भएको छ । छैन | योजना छ भने लक्षित समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५७५ | ५४५ | ७९ | ४६६ | २२३ | २६७ | २० | ३० | छैन | ५ वर्षमा |
| २ | ८३७ | ७९२ | ४५० | ३४२ | २३२ | २०१ | १२३ | ७७ | छैन | ५ वर्षमा |
| ३ | ६१६ | ६१० | ६०७ | ३ | २६३ | ३५४ | २७ | ७९ | छैन | ५ वर्षमा |
| ४ | ९७४ | ९५६ | ९०७ | ४९ | २४६ | ४३० | ७६ | ७७ | छैन | ५ वर्षमा |
| ५ | ७९९ | ७७२ | ७१८ | ५४ | ५६१ | ४२० | १९९ | १९२ | छैन | ५ वर्षमा |
| ६ | ८३३ | ८१७ | ६४३ | १७४ | ४९९ | ३३९ | १४ | ७२ | छैन | ५ वर्षमा |
| ७ | ४९१ | ४८४ | ४४९ | ३५ | ३०६ | ३०९ | ३४ | २४९ | छैन | ५ वर्षमा |
| ८ | ५६६ | ५५९ | ५५३ | ६ | ३३२ | ३२५ | ७० | २६७ | छैन | ५ वर्षमा |
| जम्मा | ५६९१ | ५५३५ | ४४०६ | ११२९ | २६६२ | २६४५ | ५६३ | १०४३ | | |
| प्रतिशत | १००.००% | ९७.२६% | ७९.६०% | २०.४०% | ४६.७८% | ४६.४८% | ९.८९% | १८.३३% | | |

स्रोत : जलउपयोग गुरुयोजना, वास प्लान सर्भे, २०८० अनुसूची ३ TA-५ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था

## ३.४.२ विद्यालय तथा सार्वजनिक स्थलको सरसफाइ अवस्था

समुदाय तथा घरपरिवारको सरसफाइ तथा स्वच्छता व्यवहारमा परिबर्तनका लागि विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक संस्थाहरुमा सरसफाइ र स्वच्छता व्यवहार कार्यान्वयन गर्नु अति आवश्यक हुन्छ । व्यक्तिगत सरसफाइ तथा स्वच्छता व्यवहार परिवर्तनका लागि विद्यालय एउटा महत्वपूर्ण स्थान भएको कारणले समुदायमा सरसफाइ र स्वच्छता कायम गर्न विद्यालयको सरसफाइले संवाहकको रुपमा काम गर्दछ । गुरुयोजनाको अद्यावधिक तथ्याङ्क अनुसार यस पालिकामा रहेका सार्वजनिक सेवा संस्थाहरु पालिका कार्यालय, वडा कार्यालय, र स्वास्थ्य संस्थाहरुमा सरसफाइको अवस्था राम्रो देखिन्छ । यस पालिकामा रहेका जम्मा ४६ वटा विद्यमान सामुदायिक विद्यालयहरुमध्ये १/१ विद्यालयमा खानेपानी तथा शौचालयको व्यवस्था नभएको देखिन्छ ।  त्यस्तै विद्यमान सामुदायिक विद्यालयहरुमा ठोस फोहोर व्यवस्थापन भएको भएतापनि २६ वटा विद्यालयहरुमा मात्र व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएको देखिन्छ ।

तालिका -२८: विद्यालय र सार्वजनिक सेवासंस्थाहरुमा सरसफाइ र स्वच्छताको विद्यमान अवस्था

| क्रम संख्या | संस्थाको किसिम | संस्थाको संख्या | खानेपानीको व्यवस्था भएका | शौचालयको व्यवस्था भएका | अन्य सरसफाइ स्थिति: ठोस फोहरहरूलाई नकुहिने र कुहिने गरी अलग अलग व्यवस्थापन गर्ने गरेको | पानी र साबुनसहितको हात धुने सुविधा भएको | आकस्मिक अवस्थाका लागि सहज महिनावारी सामग्रीको उपलब्धता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयहरु | ४६ | ४५ | ४५ | २६ | ० | ० | |
| २ | स्वास्थ्य संस्थाहरु | ११ | ५ | १० | ६ | ६ | ० | |
| ३ | वडा कार्यालयहरु | ८ | ८ | ८ | ६ | ४ | ० | |
| ४ | गाउँपालिका कार्यालय | १ | १ | १ | १ | १ | १ | |

स्रोत : जलउपयोग गुरुयोजना, वास प्लान सर्भे, २०८० अनुसूची ३ TA-५ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था

### ३.४.३ वातावरणीय सरसफाइको अवस्था

खुला दिसा र यसको प्रभाव: गुराँस गाउँपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको छ र गाउँपालिकाका सबै टोलका मानिसहरूमा व्यक्तिगत र घरायसी सरसफाइका बारेमा चेतना विकास हुँदै आएको देखिन्छ । शत प्रतिशत घरधुरीमा चर्पी निर्माण भएको र प्रयोगमा समेत हाल चेतना बढ्दै गएको छ तर पनि पूर्ण सरसफाइको क्षेत्रमा धैरै कार्य गर्न अझै बाँकी देखिन्छ ।
स्वास्थ्य संस्था र विद्यालयहरुमा खानेपानी, शौचालयको सुविधा नभएका वा पर्याप्त संख्यामा नभएका, महिला अपाङ्गता बालबालिकामैत्री नभएका र सरसफाइको व्यवस्थापन नभएको अवस्था छ । यस गाउँपालिकामा हालसम्म सार्वजनिक शौचालयहरु निर्माण भएका छैनन् । यस्तो अवस्थामा अझै पनि वास्तविक खुला दिशामुक्त समाज निर्माणको लागि सार्वजनिक संस्था, विद्यालय र स्वास्थ्य सेवासंस्थाहरुमा खानेपानी र सरसफाइको सुविधास्तर बढाउनु पर्ने अनिवार्य देखिन्छ ।

ठोस फोहर, सिनोको विसर्जन र प्रभाव: मानवीय तथा अन्य क्रियाकलापहरूबाट फोहरका रूपमा ठोस वा अर्धठोस वस्तुहरू निस्किने गर्दछन् । गाउँस्तरमा धेरै प्रकारका फोहरहरू देखिन्छन् जसमध्ये कृषिजन्य फोहर, निर्माणजन्य फोहर, घरायसी फोहर, पशुजन्य र सिनो, प्लास्टिक आदि प्रमुख हुन् । कृषिजन्य फोहर, निर्माणजन्य फोहर, घरायसी फोहर र सिनोलाई निश्चित ठाउँमा फाल्ने अनि गोठहरूको राम्रो व्यवस्थापन गर्ने गरेको खण्डमा वातावरणीय प्रदूषण र पानीजन्य प्रदूषण हुने सम्भावनालाई निकै कम गर्न सकिन्छ । प्लास्टिकजन्य फोहरलाई संकलन गरी पुनर्प्रयोगको लागि पठाउने व्यवस्था गरी सहरोंन्मुख बस्ती र विद्यालय वरिपरिको वातावरण सुन्दर बनाउन सकिन्छ ।

शहरोन्मुख बस्तिहरुको फोहर व्यवस्थापन: गुराँस गाउँपालिकाका धेरैजसो वडाहरूमा ग्रामीण विशेषता रहेको पाइन्छ भने कतिपय वडा र प्रमुख बस्तीहरू शहरोन्मुख अवस्थामा रहेको पाइन्छ । यस गाउँपालिकाका शहरोन्मुख बस्तीहरूमा व्यवस्थित योजना बनाएर खानेपानी, सार्वजनिक शौचालय, ठोस फोहरको व्यवस्थापन इत्यादिको समयमै विकास गर्नुपर्ने देखिन्छ ।

### ३.४.४ दिसाजन्य लेदो, ठोस फोहर तथा फोहरपानी व्यवस्थापनको विद्यमान अवस्था

यस गाउँपालिकामा दिसाजन्य ढल निकासको निर्माण भएको छैन । शौचालयका दिसाजन्य फोहर सोहि स्थानमा जमिन मुनि सोसिने खाडल बनाएर वा सेप्टिक टङ्की बनाएर व्यवस्थापन गरिएको छ । फोहर पानी प्रशोधनशाला, ल्याण्डफिल साईट आदि निर्माण भएका छैनन् ।
यस गाउँपालिकामा अझै पनि खुला दिशामुक्त अवस्था सार्थक हुन सकेको छैन । विद्यालय र स्वास्थ्य संस्थामा खानेपानीको सुविधा नभएको कारणले पनि शौचालय प्रयोग हुन सकेका छैनन् ।

गाउँपालिकाले दिसाजन्य लेदो, फोहर पानी र ठोस फोहर व्यवस्थापनका लागि देहायका मुख्यनीतिहरु अवलम्वन गर्ने नीति लिएको छ ।

- खुला दिशा मुक्त अभियानलाई पूर्णता दिन गुराँस गाउँपालिकाले पूर्ण सरसफाइ अभियानलाई निरन्तरता दिएको छ ।

- विद्यमान खानेपानी आयोजनाहरुको सेवा सञ्चालनमा समस्या देखिकोले सञ्चालन कार्यबिधी बनाई लागु गरिनेछ। साथै एक घर एक धारालाई प्राथमिकता दिइनेछ ।
- विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक सेवा कार्यालयहरुमा खानेपानी, सरसफाइ र ठोस व्यवस्थापनको सुविधा विस्तार गरी नियमित अनुगमन गरिनेछ ।
- गुराँस गाउँपालिकाका केहि बस्तिहरु सहरोंन्मुख हुँदै गएकोले त्यस्ता बस्ति क्षेत्रहरुमा ठोस फोहर व्यवस्थापनको व्यवस्था मिलाइने छ ।
- गाउँपालिकालाई पूर्ण सरसफाइ यूक्त बनाउने कार्यमा गाउँ तथा वडास्तरीय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समितिलाई थप क्रियाशील बनाईनेछ ।

## सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागी आनीबानी तथा व्यवहार परिवर्तन

गुरुयोजना निर्माणका क्रममा संकलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरुको आधारमा घर परिवार, टोल, समुदाय तथा गाउँपालिका स्तरमा निश्चित व्यवहारहरुको परिवर्तन जरुरी देखिएको छ। गाउँपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका व्यवहार प्रवर्धनका लागी थप क्रियाकलापहरु संचालन गर्न पर्ने आवश्कता देखिन्छ ।

१) पानीको उत्पादनशिल प्रयोग
२) स्रोत संरक्षण, भू-जल भण्डारण, जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन
३) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता
४) वातावरणीय स्वच्छता
५) पानीको पहुँच र बहुउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

| क्र.स. | ब्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| १ | खानेपानी सुद्धिकरण | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | गाउँपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सार्वजनीक निकाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी, सडक नाटक तथा विभिन्न सूचनामुलक सामग्री |
| २ | वास (सरसफाइ र स्वच्छता) | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | गाउँपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा सार्वजनीक निकाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु |
| ३ | पानीका स्रोत संरक्षण | घरपरिवार, विद्यालय र खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, समुदाय तथा गाउँ/गाउँपालिका | बाल तथा युवा क्लव, आमा समूह, कृषि समुह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पानीको उत्पादनशिल तथा बहुप्रयोग | घरपरिवार, समुदाय, साना किसान | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, गाउँ/गाउँपालिका तथा विकास साझेदारहरु | बाल तथा युवा क्लव, आमा समूह, कृषि समुह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु |
| ५ | वातावरणीय स्वच्छता | घरपरिवार तथा समुदाय | विद्यालय, समुदाय, गाउँ/गाउँपालिका तथा सार्वजनिक निकाय, गाउँ/नगर प्रहरी | बाल तथा युवा क्लव, आमा समूह, गाउँ/नगरप्रहरी, कृषि समुह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु |
| ६ | जलवायू अनुकुलन तथा विपद जोखिम न्यूनीकरण | घरपरिवार, साना किसान, समुदाय | गाउँ/गाउँपालिका, विद्यालय, कृषि समुह, खानेपानी तथा सरसफाइ उपभाक्ता समिति | बाल तथा युवा क्लव, आमा समूह, गाउँ/नगरप्रहरी कृषि समुह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु, जोखम पूर्व सूचना प्रणाली |

## ३.५ विद्यमान सिंचाइ योजनाको अवस्था विश्लेषण

यस पालिकाका विभिन्न वडाहरुमा हालसम्म पालिका र बिभिन्न निकायको सहयोग एवं समुदायको आफ्नै लगानीमा ३३ वटा सिँचाई कुलो योजनाहरु र ८९ वटा लघुसिँचाई गरी जम्मा १२२ वटा सिंचाइ योजनाहरु निर्माण भएका छन । उक्त सिँचाई कुलो योजनाहरुबाट यस पालिकाका ५९७० रोपनी क्षेत्रफल सिंचित भएको देखिन्छ भने लघुसिँचाई योजनाहरुबाट करिब ८८५१ रोपनी क्षेत्रफल सिंचित भएको देखिन्छ । यस पालिकामा हाल ७ वटा सिंचाइ कुलो योजना निर्माणाधीन रहेको छ जसले २०५४ रोपनी जमिन सिंचाइ हुनेछ । पालिकामा रहेका विद्यमान सिंचाइ आयोजनाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -२९: विद्यमान सिंचाइ आयोजनाहरुको विवरण

| वडा नं. | विद्यमान सिंचाइ योजनाहरुको विवरण | | | | | निर्माणाधीन सिंचाइ योजना | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुलो सिंचाइ | | सिचाई पोखरी | | जम्मा क्षेत्रफल (रोपनी) | कुलो सिंचाइ | | सिचाई पोखरी | | जम्मा क्षेत्रफल (रोपनी) |
| | संख्या | क्षेत्रफल रोपनीमा | संख्या | क्षेत्रफल रोपनीमा | | संख्या | क्षेत्रफल रोपनीमा | संख्या | क्षेत्रफल रोपनीमा | |
| १ | ० | ० | ० | ० | ० | १ | ६० | | | ६० |
| २ | ० | ० | २ | ७० | ७० | ० | | | | ० |
| ३ | ३ | २८५ | २६ | १२९३ | १५७८ | | | | | ० |
| ४ | २ | ४५५ | २४ | ८९२ | १३४७ | | | | | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ५ | ७६५ | १५ | ४८९ | १२५४ | ३ | ७१० | २ | २०० | ९१० |
| ६ | ११ | २७७० | ६ | ६०० | ३३७० | ७ | १०५० | | | १०५० |
| ७ | ५ | ५७२ | २ | ७५ | ६४७ | ० | | | | ० |
| ८ | ३ | ६५६ | ८ | २२४ | ८८० | १ | ७०० | | | ७०० |
| जम्मा | २९ | ५५०३ | ८३ | ३६४३ | ९१४६ | १२ | २५२० | २ | २०० | २७२० |

स्रोत : जलउपयोग गुरुयोजना, २०८० अनुसूची ४ TA-२ विद्यमान सिचाई योजनाको विवरण

### ३.५.१ विद्यमान योजनाहरु र सेवाक्षेत्र

विद्यमान कुलो सिंचाइ सेवा अवस्थाको वडागत विश्लेषण गर्दा वडा नं. १ र २ मा कुनै पनि सिंचाइ कूलो सेवा नरहेको र सबै भन्दा बढी वडा नं. ६ मा ३३७० रोपनी कुलो सिंचाइ सेवा भएको देखिन्छ । त्यसै गरी लघुसिंचाइ सेवा अवस्था विश्लेषण गर्दा पालिकाको सबै भन्दा दुर्गम रहेको वडा नं. १ मा कुनै पनि सिंचाइ सेवा नरहेको देखिन्छ भने सबै भन्दा बढी वडा नं. ३ मा ३६ वटा सिंचाइ सेवा रहेको देखिन्छ । यस पालिका क्षेत्र भित्रका धेरैजसो जलस्रोतहरुको क्षमता न्युन रहेकोले उपलब्ध जलस्रोतको सन्तुलित रुपमा उपयोग गरी लघुसिंचाइ आयोजनाहरु निर्माण गर्नमा प्राथमिकता दिनु पर्ने देखिन्छ । विद्यमान सिंचाइ आयोजनाहरुको सेवाक्षेत्र विवरण अनुसूची ४ TA-२ विद्यमान सिचाई योजनाको विवरण र अनुसूची ४ TA-३ विद्यमान सिचाई पोखरी योजनाको विवरणमा उल्लेख गरिएको छ ।

### ३.५.२ विद्यमान योजनाहरुको सञ्चालन अवस्था

यस पालिकामा विद्यमान सिँचाइ योजनाहरुको संस्थागत व्यवस्थापन, सञ्चालन तथा मर्मत सम्भारको अवस्था कमजोर रहेको छ । कुनैपनी सिंचाइ आयोजनामा संस्थागत अवधारणा अवलम्बन गरिएको छैन । सिंचाइ योजनाहरुमा उपभोक्ता समिति गठन तथा मर्मत सम्भार कार्यकर्ताको नियुक्ती र नियमित पानी शुल्कको व्यवस्था गरिएको छैन । यसकारण अगामी दिनमा यस गाउँपालिकामा योजनाहरु निर्माण गर्दा गाउँपालिका लगायत अन्य सरोकारबालाहरुले उ.स. तथा सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गरि आयोजनाहरुको सञ्चालन व्यवस्थापन र मर्मत सम्भार तथा संस्थागत विकासका क्रियाकलापहरुलाई प्राथमिकताका साथ आयोजनाका क्रियाकलापमा संलग्न गर्नु पर्ने देखिन्छ ।

यस पलिककाका २९ वटा सिँचाइ कुलो आयोजनाहरुको हालको सञ्चालन अवस्था मुल्यांकन गर्दा ६५.५२% आयोजनाहरु मात्र राम्रो सञ्चालनमा रहेका छन्, ३४.४८% आयोजनाहरु आंशिक सञ्चालनमा रहेका र १०.३४% आयोजनाहरुको सेवा सञ्चालन हाल बन्द अवस्थामा रहेको छ । विद्यमान कुलो सिँचाइ आयोजनाहरुको वडागत सेवा सञ्चालन अवस्था देहाय अनुसार देखिएको छ ।

तालिका -३०: कुलो सिँचाइ आयोजनाहरुको सेवा सञ्चालन अवस्था

| वडा न. | योजना संख्या | राम्रो सञ्चालनमा रहेको | आंशिक सञ्चालनमा रहेको | बन्द भएको |
|---|---|---|---|---|
| १ | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० |
| ३ | ३ | ३ | ० | ० |
| ४ | २ | १ | १ | ० |
| ५ | ५ | ३ | २ | ० |
| ६ | ११ | ७ | ३ | १ |
| ७ | ५ | २ | २ | १ |
| ८ | ३ | २ | १ | ० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | २९ | १९ | १० | ३ |
| प्रतिशत | १००.००% | ६५.५२% | ३४.४८% | १०.३४% |

स्रोत : जलउपयोग गुरुयोजना, २०८० अनुसूची ४ TA-२ र अनुसूची ४ TA-३

### ३.५.३ निर्माणाधीन योजनाहरु र लक्षित सेवा क्षेत्र

यस पालिकामा हाल १२ वटा सिंचाइ कूलो (वडा नं १ मा १, वडा नं ५ मा ३, वडा नं ६ मा ७ र वडा नं ८ मा १ ) निर्माणाधीन रहेको छ । उपरोक्त १२ वटा सिचाई योजनाले पालिकाको २७२० रोपनी कृषि क्षेत्र सिंचित हुने देखिन्छ ।

## ३.६ विद्यमान जलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाको अवस्था विश्लेषण

गुराँस गाउँपालिकाको कूल भू-भाग १६४७९ हेक्टर रहेको छ र उक्त भु-भाग मध्ये करिब ७५५२ हेक्टर वा ४५.८३% हिस्सा वनजंगलको रहेतापनी हाल बनजंगलमा अतिक्रमण तथा दबाब बढ्दो देखिन्छ । यसका साथै जलवायु परिवर्तनको दिन प्रतिदिनको असरहरु,  सहरोंमुख बस्ति विकास, निर्माण गतीबिधीहरु, खेतीपाती, पशुपालनका, बन फडानी, आदि कारण वनजंगल क्षेत्रमा दबाब पर्दै आएको छ भने अर्कोतर्फ पालिका क्षेत्रमा नदी कटान, बर्षातको भल, बाडी र पहिरोहरुका कारणले गर्दा वातावरणमा असर गरेको छ । यस पालिकामा मूल मुहान स्रोतहरुको क्षमता कम भएको हुनाले जलस्रोतको क्षमता वृद्धि गर्न तथा पर्यावरणीय सन्तुलन कायम राख्नको लागि उपजलाधार क्षेत्रमा वनजंगल संरक्षण गर्नु पर्ने देखिन्छ । जलउपयोग गुरुयोजना निर्माणको क्रममा प्राप्त तथ्याङ्कलाई हेर्दा यस गाउँपालिकामा हालसम्म वातावरण तथा पर्यावरण सम्बन्धी योजना, क्रियाकलापहरु पर्याप्त मात्रामा सञ्चालन नभएको देखिन्छ । यसकारण आगमी दिनहरुमा क्षेत्रगत योजना निर्माण गर्दा वातावरण, पर्यावरण तथा जलवायु अनुकुलन सम्बन्धि कृयाकलापहरु अन्य योजनाहरुको अन्तरनिहित कुयाकलापको रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा विद्यमान वातावरण विषयगत आयोजनाहरु ११ वटा रहेका छन् । यस वर्ष निर्माणाधीन आयोजनाहरु छैनन् । विद्यमान वातावरण विषयगत आयोजनाहरुको विवरण देहाय अनुसार रहेको छ ।

तालिका -३१: वातावरण तथा पर्यावरण विषयगत विद्यमान आयोजनाहरुको वडागत संख्या

| वडा नं. | जलवायु परिवर्तन अनुकुलन संख्या | | विपद जोखिम व्यवस्थापन संख्या | | स्रोत संरक्षण योजना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | विद्यमान | निर्माणाधिन | विद्यमान | निर्माणाधिन | विद्यमान | निर्माणाधिन | |
| १ | १ | | ० | | | | |
| २ | | | | | | | |
| ३ | | | १ | | | | |
| ४ | | | | | | | |
| ५ | | | १ | | | | |
| ६ | | | | | | | |
| ७ | १ | | ३ | | | | |
| ८ | ३ | | | | १ | | |
| जम्मा | ५ | | ५ | | १ | | |

स्रोत : जलउपयोग गुरुयोजना, २०८० अनुसूची ४ TA-४ र ४ TA-५

### ३.६.१ विद्यमान योजनाहरु र सेवाक्षेत्र

विद्यमान वातावरण तथा पर्यावरण सुधार आयोजनाहरु वडा नं. १ को दमाई टोल, वडा नं. ३ को टोटा पोखरा, वडा नं ४ को तालपोखरी, घोडाबास, वडा नं. ५ को आरितडा, वडा नं. ७ को दुदिल्ला, घडेखोला, सेरा, उगाडा, र वडा नं. ८ को मकुटक, स्याला खोरीया, खनारा रहेका छन् । पालिकामा हाल विद्यमान वातावरण तथा पर्यावरण सुधार आयोजनाहरु १४ वटा रहेका छन् जसबाट जम्मा ९३२ घरधुरीहरु प्रत्यक्ष लाभान्वित भएका छन् ।

### ३.६.२ विद्यमान योजनाहरुको सञ्चालन अवस्था

यस पालिकामा रहेका विद्यमान वातावरण तथा पर्यावरण सुधार आयोजनाहरुको सञ्चालन अवस्था विश्लेषण गर्दा ७ वटा आयोजना राम्रो सञ्चालनमा रहेको, २ वटा आयोजना ठिकै सञ्चालनमा रहेको र २ वटा आयोजना नराम्रो सञ्चालनमा रहेको देखिन्छ । विद्यमान आयोजना क्षेत्रहरुमा सम्भावित समस्या तथा खतराको जोखिमस्तर तथ्याङ्क विश्लेषण गर्दा ३ वटा आयोजना क्षेत्रमा मध्यम रहेको छ भने ३ वटा आयोजना क्षेत्रमा न्युन रहेको छ । यस पालिकामा रहेका विद्यमान वातावरण तथा पर्यावरण सुधार आयोजनाहरुको सञ्चालन अवस्था कम्जोर रहेको र उक्त क्षेत्रहरुमा क्षतिको जोखिम रहेकोले स्थानीय उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि गरी थप जोखिम न्यूनीकरणका उपाय तथा क्रियाकलापहरु गर्नु पर्ने देखिन्छ । विद्यमान आयोजनाहरुको सञ्चालन अवस्था र जोखिमस्तरको विवरण देहाय अनुसार रहेको छ ।

तालिका -३२: विद्यमान वातावरण तथा पर्यावरण सुधार आयोजनाहरुको सञ्चालन अवस्था

| वडा नं. | योजनाको संख्या | योजनाको सञ्चालन अवस्था (संख्या) | | |
|---|---|---|---|---|
| | | राम्रो | मध्यम | न्युन |
| १ | १ | १ | | |
| ३ | १ | १ | | |
| ५ | १ | १ | | |
| ७ | ४ | २ | १ | १ |
| ८ | ४ | २ | १ | १ |
| जम्मा | ११ | ७ | २ | २ |
| प्रतिशत | १००.००% | ६३.६४% | १८.१८% | १८.१८% |

स्रोत : जलउपयोग गुरुयोजना, २०८० अनुसूची ४ TA-४ र ४ TA-५

### ३.६.३ निर्माणाधीन योजनाहरु र लक्षित सेवा क्षेत्र

यस पालिकामा हाल निर्माणाधीन अवस्थाका वातावरण तथा पर्यावरण सुधार विषयगत आयोजनाहरु रहेका छैनन् । पालिकामा यस वर्ष वातावरण तथा पर्यावरण सुधार क्षेत्रमा लगानी गर्ने विकास साझेदारहरु कम रहेको देखिन्छ ।

## ३.७ विद्यमान जलउर्जा योजनाहरुको अवस्था विश्लेषण

गुराँस गाउँपालिकामा जलउर्जा क्षेत्रमा जम्मा ३५ वटा परम्परागत घट्ट र ६ वटा सुधारिएको घट्ट सञ्चालनमा रहेका छन् । तेस्तै गाउँ पालिकामा ३ वटा पानी मिल रहेका छन् । उक्त घट्टहरुबाट पालिकाका सबै वडाहरुलाई सेवा पुराई राखेको देखिन्छ । गाउँपलिकामा विद्यमान जलस्रोतहरुको क्षमता न्युन रहेको कारण विद्युतका योजनाहरु खासै निर्माण भएको देखिदैन । परम्परागत घट्टको संख्या वृद्धि गर्नको लागि समेत पानीको बहाव न्यून रहेको देखिन्छ । कुटानी पिसानी सेवा गाउँबस्तीको नजिक पुराउनको लागि

सानो पानीमा समेत सञ्चालन गर्न सकिने सुधारिएको घट्ट आयोजना निर्माण गर्नु पर्ने देखिन्छ । हाल यस पालिकामा कुनै पनि जलउर्जा आयोजना निर्माणाधीन अवस्थामा छैनन् । हाल सञ्चालनमा रहेका विद्यमान जलउर्जा आयोजनाहरुको विवरण देहाय अनुसार रहेको छ ।

तालिका -३३: विद्यमान जलउर्जा आयोजनाहरुको वडागत विवरण

| वडा नं. | विद्यमान जल उर्जा योजनाको विवरण | | | | | | | | निर्माणाधीन जलउर्जा योजनाहरुको विवरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विधुतिकरण | | | | पानी घट्ट | | मिलको संख्या | | विधुतिकरण | पानी घट्ट |
| | पिको हाइड्रो | माइक्रो हाइड्रो | मिनी हाइड्रो | मेगा हाइड्रो | परम्परागत | सुधारिएको | विद्युतीय तथा पेट्रोलियम | पानी मिल | किसिम/ लाभान्वित जनसंख्या | किसिम/ लाभान्वित जनसंख्या |
| १ | ० | ० | ० | ० | १ | १ | ० | २ | ० | ० |
| २ | ० | ० | ० | ० | ५ | ५ | ३ | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ११ | ० | १ | ० | ० | ० |
| ६ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | १२ | ० | ० | १ | ० | ० |
| ८ | ० | ० | ० | ० | ५ | ० | १ | ० | ० | ० |
| जम्मा | ० | ० | १ | ० | ३५ | ६ | ७ | ३ | ० | ० |

स्रोत : जलउपयोग गुरुयोजना सर्भेक्षण, २०८०

## ३.७.१ विद्यमान योजनाहरु र सेवाक्षेत्र

यस पालिकामा मुख्यतया अन्न पिसानी सेवाको लागि जलउर्जाको उपयोग गरी पानीघट्टहरु सञ्चालन भएका छन् । पालिकाका ३ र ६ नम्बर वडा बाहेक अन्य सबै वडाहरुमा पानीघट्ट सेवा सञ्चालनमा रहेका छन् । वर्षा मौसमका ३-४ महिना धेरै सम्म धेरै पानीघट्टहरु सञ्चालन हुने भएतापनि बाह्रै महिना सेवा सञ्चालन गर्ने १८ वटा परम्परागत घट्ट, ६ वटा सुधारिएको घट्ट र ३ वटा पानी घट्ट यस पालिकामा रहेका छन् । उक्त पानीघट्टहरुबाट पालिका भित्रका करिब सबै घरधुरीहरुलाई पिसानी सेवा उपलब्ध भएको छ । तथापी परम्परागत घट्टहरु गाउँबस्ति भन्दा टाढा खोलामा स्थापना हुने भएकोले पिसानी सेवा लिनको लागि धेरै समय लाग्ने र महिलाहरुको लागि सांझबिहान असुरक्षित् हुन सक्ने हुँदा यस्तो पिसानी सेवा गाउँबस्ति नजिकमा सानो पानीबाट सञ्चालन हुने सुधारिएको पानीघट्ट स्थापना गरी सुरक्षित् र घर नजिकै सेवा विस्तार गर्नु पर्ने देखिन्छ ।

## ३.७.२ विद्यमान योजनाहरुको सञ्चालन अवस्था

यस पालिकामा हाल बाह्रै महिना सञ्चालनमा रहेका जम्मा २९ वटा पानीघट्टहरुको सञ्चालन अवस्था अध्ययन गर्दा १५ वटा (५१.७२%) घट्टहरु राम्ररी चलेको पाईएको छ भने १४ वटा (४८.२८%) घट्टहरु आंशिक रुपमा चलेको पाईएको छ । परम्परागत घट्ट चल्नको लागि खोलामा पर्याप्त पानी नहुनु र सिंचाइमा धेरै पानी आवश्यक परेका दिनहरुमा घट्ट सञ्चालन गर्नको लागि पानीको क्षमता नपुग्ने आदि कारणले केहि घट्टहरु आंशिक रुपमा चल्ने गरेको देखिन्छ । यस पालिकाका सबै वडाहरुमा सेवा सञ्चालन गरेका विद्यमान पानी घट्टहरुको सञ्चालन कार्य अवस्था निम्न अनुसार रहेको छ ।

तालिका -३४: विद्यमान पानी घट्टहरुको सञ्चालन अवस्था

| वडा न. | योजना संख्या | राम्ररी चलेको | आंशिक रुपमा चलेको |
|---|---|---|---|
| १ | ४ | ३ | १ |
| २ | १० | २ | ३ |
| ३ | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| ४ | १ | १ | ० |
| ५ | ११ | ३ | ५ |
| ६ | ० | ० | ० |
| ७ | १३ | ४ | ४ |
| ८ | ५ | २ | १ |
| जम्मा | ४४ | १५ | १४ |
| प्रतिशत | १००% | ७५% | २५% |

स्रोत : जलउपयोग गुरुयोजना, २०८०

### ३.७.३ निर्माणाधीन योजनाहरु र लक्षित सेवा क्षेत्र

यस पालिकामा हाल निर्माणाधीन अवस्थाका जलउर्जा आयोजनाहरु रहेका छैनन् । पालिकामा यस वर्ष जलउर्जा क्षेत्रमा लगानी गर्ने विकास साझेदारहरु कम रहेको देखिन्छ ।

## ३.८ जलस्रोतहरुको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धी संयन्त्र

गुराँस गाउँपालिकामा जलउपयोग गुरुयोजना तर्जुमा साथै कार्यान्वयनको समग्र नेतृत्व गाउँकार्यपालिकाले गर्दै आएको छ । गाउँकार्यपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना गाउँ कार्यपालिकामा स्वकृतिको लागि प्रस्तुत गर्दछ र स्वीकृत भए पश्चात यो गुरुयोजना गाउँकार्यपालिकाले कार्यन्वयन गर्नेछ | गाउँ कार्यपालिकाले गुरुयोजनामा तर्जुमा भएका योजनाहरु गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा समावेस गरी प्राथमिकता अनुसार योजनाहरु कार्यान्वयन गर्नेछ । साथै ठुला योजनाहरु कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले प्राविधिक तथा आर्थिक सहकार्यका लागि प्रदेश सरकार, संघिय सरकार र विकास साझेदारहरुसंग समन्वय गरी कार्यान्वयन गर्नेछ ।

गुराँस गाउँपालिकामा निर्माण भएका वा निर्माणाधीन जलस्रोत योजनाहरुको अनुगमन तथा समीक्षा गरी गाउँकार्यपालिकालाई सुझाव दिने जिम्मेवारी गाउँपालिकास्तरीय जलस्रोत/खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको रहेको छ । यस समन्वय समितिले गुरुयोजनामा उच्च प्राथमिकतामा परेका आयोजनाहरु वार्षिक बजेट नीति तथा कार्यक्रममा समावेस गर्नका लागि गाउँकार्यपालिकालाई सुझाव दिने कार्य समेत गर्दछ ।

यसरी गुराँस गाउँपालिकाको दिगो जलस्रोत व्यवस्थापन तथा जलउपयोग गुरुयोजना कार्यान्वयन गर्नको लागि देहाय अनुसारका संस्थागत संरचनाहरु रहेका छन् ।

- निर्णय गर्ने संरचना: गाउँकार्यपालिका
- कार्यान्वयन गर्ने संरचना: गाउँपालिका कार्यालयका सम्वन्धित शाखाहरु
- अनुगमन गरी सुझाव दिने संरचना: गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति

## ३.९ जलस्रोतमा बिबाद

समुदायमा सामाजिक, राजनीतिक वा आर्थिक कारणले गर्दा पानीका स्रोतहरुको स्वामित्व र स्रोतको पानीको उपयोगमा विवादहरु रहेका पाइन्छन् । गुराँस गाउँपालिकाले विक्रम सम्बत २०७६ मा गाउँपालिकाको जलउपयोग गुरुयोजना बनाउंदा तयार गरेको मूलमुहान स्रोतहरुको तथ्याङ्क र हेल्भेटास नेपालले यसै वर्ष सर्वेक्षण गरेको मूल मुहान स्रोतहरुको तथ्याङ्क विश्लेषणबाट यस पालिकामा जम्मा ८९५

वटा स्रोतहरु विद्यमान रहेका छन् । गाउँपालिकाका ६२% स्रोतहरु हाल विवाद रहित उपयोगमा रहेका छन् र तर्जुमा भएका योजनाहरुमा भविष्यमा उपयोग गर्ने सम्बन्धमा समेत स्रोतहरुमा कुनै विवाद रहेको देखिएन | गुरुयोजना तयारी प्रक्रियामा गाउँपालिका कार्यालय तथा वडाको नेतृत्वमा वडाका निर्वाचित पदाधिकारीहरु, सबै स्थानीय राजनीतिक दलहरु, समुदायका विभिन्न वर्गहरु, महिला र पुरुषहरुको सहभागितामा तथ्याङ्कमा आधारित भएर स्रोतहरुको न्यायोचित, समतामुलक तथा उप जलाधार क्षेत्रमा सन्तुलित उपयोग गर्ने गरी जल उपयोगका आयोजनाहरु तर्जुमा गरेकोले तर्जुमा भएका आयोजनामा स्रोतको उपयोग गर्ने सम्बन्धमा कुनै पनि स्रोतमा विवाद नरहेको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

गाउँपालिकामा विद्यमान जलस्रोतहरुको तथ्याङ्कको आधारमा जल उपयोगका समग्र क्षेत्रहरुको योजना तर्जुमा एकैपटकमा गरेको कारणले पनि मूलमुहान स्रोतमा कुनै विवाद देखिएन् साथै उपजलाधार क्षेत्रका समुदायहरु त्यस क्षेत्रका जलस्रोतहरुको उपयोग गर्ने सरोकारवालाहरु भएकोले गुरुयोजना तर्जुमा गर्दा उपजलाधार क्षेत्रका समुदायहरुको सहभागितामा छलफल गरी निर्णय गरेकोले स्रोत उपयोग सम्बन्धमा कुनै पनि विवाद आएको छैन । यस गुरुयोजना अन्तर्गत तर्जुमा भएका सबै योजनाहरुमा उपयोग हुने मूलमुहान स्रोतहरु वडा तहको कार्यशाला गोष्ठीबाट सर्वसहमतिले निर्णय भएको छ । गुरुयोजना तर्जुमा प्रक्रियामा जलस्रोत ऐन, कानुनका प्रावधानहरुको समेत छलफल गरी योजना तर्जुमा गर्दा नेपालको विद्यमान ऐन कानुनहरुलाई आधार मानी योजना तर्जुमा प्रकृया सम्पन्न गरिएको छ ।

# अध्याय ४: गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना

गुराँस गाउँपालिकाको जलउपयोग गुरुयोजना तर्जुमा कार्य स्थानीय जनप्रतिनिधिहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार गाउँपालिकाका बस्तीहरुको वास्तविक अवस्था, जलउपयोग आयोजनाको सञ्चालन अवस्था, समुदायको सेवा अवस्था, जलस्रोतको अवस्था विश्लेषण, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ । बिक्रम सम्बत २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्ने समग्र परिकल्पना गरेर गुराँस गाउँपालिकाले आ.व. २०८०/८१ देखि २०८४/८५ सम्मका लागि क्षेत्रगत रुपमा तपसिलका आवधिक परिकल्पना तथा लक्ष्यहरु सहित जलउपयोग गुरुयोजना तयार गरी यसले निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य राखेको छ । यस गाउँपालिकाले तपसिल बमोजिमका क्षेत्रगत आवधिक लक्ष्य, रणनीति तथा योजना प्राथमिकीकरणका आधारहरु योजना तर्जुमा गोष्ठीबाट तय गरेको छ (खण्ड ४.१, ६.१)।

### ४.१ स्थानीय तहहरुको रणनीतिक प्राथमिकता

गुराँस गाउँपालिकाले जल उपयोग गुरुयोजना तर्जुमा गर्दा निम्न अनुसारको पालिकाको क्षेत्रगत् विकास परिकल्पना र क्षेत्रगत् योजना प्राथमिकीकरण रणनीति निर्धारण गरी यो जल उपयोग गुरुयोजना २०८०-२०८४ तयार गरि कार्यान्वयन गरेको छ ।

## १. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

परिकल्पना

सरसफाइ र स्वच्छताका लागि सुरक्षित् खानेपानी
दिर्घ जिवन र स्वस्थ हुनका लागि बदलौ हाम्रो आनीबानी

योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु:

<u>नयाँ आयोजनाको लागि:</u>

- खानेपानी सेवास्तर न्युन रहेका बस्तिहरुलाई प्राथमिकता
- शिक्षा स्वास्थ्य सेवा न्युन रहेका क्षेत्रहरुलाई प्राथमिकता
- अति गरिबलाई प्राथमिकता
- समाजमा पछाडी रहेका वर्गहरुलाई प्राथमिकता
- भौगोलिक कठिनईमा रहेका क्षेत्रलाई प्राथमिकता
- लगानीमैत्री वातावरण भएका आयोजनालाई प्राथमिकता

विद्यमान आयोजनाको सेवास्तर वृद्धिको लागि:

- आयोजनाको सेवास्तर वृद्धि तथा सेवा विस्तारको लागि आयोजनाको कार्यगत अवस्था राम्रो भएकोलाई प्राथमिकता

## २. सिँचाई क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

परिकल्पना

जिविकोपार्जन, आयआर्जन, सिंचाइ छ सपना
यही हो गुराँस जनताको पाँच वर्षे परिकल्पना

योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु:

- आयआर्जनलाई टेवा पुर्याउने तथा प्रती इकाई बढी फाईदा हुने क्षेत्रलाई प्राथमिकता
- प्रतिव्यक्ति कम लागत र बढी जनसंख्या लाभान्बीत हुने योजनाहरुलाई प्राथमिकता
- बढी क्षेत्र समेटने तथा सेवा क्षेत्र बृद्धी गर्न सकिने योजनाहरुलाई प्राथमिकता
- पानीको बहुउपयोग हुने योजनाहरुलाई प्राथमिकता

## ३. वातावरण तथा पर्यावरण क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

परिकल्पना

जलवायुको स्वच्छता प्रकृतिको धन स्वच्छ वातावरण
स्वस्थ जिवन गुराँस गाउँपालिकाको अभियान

योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु:

- मुल जलस्रोत क्षेत्र संरक्षण तथा पुर्नधारण, पुर्नभरण, पुनर्प्रयोग लाई प्राथमिकता
- वृक्षारोपण तथा पहिरो रोकथामका क्रियाकलापलाई प्राथमीकता
- भु-क्षय रोकथाम तथा वायो इन्जीनीयरीङ जस्ता कृयाकलालाई प्राथमीकता
- बढी जोखिम क्षेत्रलाई प्राथमिकता

## ४. जलउर्जा क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

परिकल्पना

घरघरमा उज्यालो र परम्परागत घट्टको शान
पाँच वर्ष भित्र विद्युतिकरण गर्ने गुराँसको अभियान

योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु:

- बढी जनसंख्या लाभान्वित हुने क्षेत्रका योजनाहरुलाई प्राथमिकता
- आयआर्जन तथा जिविकोपार्जनलाई टेवा पुर्‍याउने क्षेत्रका योजनाहरुलाई प्राथमिकता
- लक्षीत वर्गको बसोबास भएको क्षेत्रलाई प्राथमिकता
- मर्मत सम्भार तथा पुनः सञ्चालन गर्नु पर्ने योजनालाई प्राथमीकता

### ४.२ जलाधार क्षेत्र व्यवस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन

गुराँस गाउँपालिकाले पालिका क्षेत्रभित्र रहेका ७ वटै उप-जलाधार क्षेत्रहरुमा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तमा आधारित जलउपयोग गुरुयोजना लागु गरी समग्र पर्यावरणको दिगोपनमा संझौता नगरिकन समन्यायिक तवरले आर्थिक-सामाजिक कल्याणहरूको बढोत्तरी गर्नका लागि जल, जमीन तथा सम्बद्ध स्रोत साधनहरूको समन्वयात्मक विकास तथा व्यवस्थापन गर्ने नीति लिएको छ । एकीकृत जलस्रोत व्यवस्थापनका निम्न तीन मुख्य आयामहरुलाई आधार मानी यस गाउँपालिकाले जलउपयोग गुरुयोजना कार्यान्वयन गरेको छ ।

१. सामाजिक न्याय
२. आर्थिक प्रभावकारिता
३. पर्यावरणीय दिगोपना

जलउपयोग गुरुयोजना, एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणा डब्लिन सिद्धान्तमा आधारित छ।

सिद्धान्त १: ताजा पानी जीवन विकास र वातावरणका लागि अत्यावश्यकीय, सिमित र संकटापन्न स्रोत हो ।

सिद्धान्त २: जलस्रोतको विकास तथा व्यवस्थापन सबै तहका उपभोक्ता, योजनाकार तथा नीति निर्माताहरू समेत संलग्न हुने एउटा सहभागितामूलक विधि हो ।

सिद्धान्त ३: पानीको प्रबन्ध, व्यवस्थापन तथा सुरक्षामा महिलाहरूले केन्द्रीय भूमिका खेल्छन ।

सिद्धान्त ४: पानीका सबै प्रतिष्पर्धात्मक उपयोगहरूमा आर्थिक मूल्य रहेको हुन्छ त्यसैले यसलाई आर्थिक बस्तुका रूपमा हेरिनु पर्दछ ।

खानेपानी तथा सरसफाइमा पहुँचलाई संयुक्त राष्ट्रसंघले आधारभूत मानव अधिकारको रूपमा घोषणा गरेको र नेपालको संविधानले समेत आधारभूत मानव अधिकारको रूपमा आत्मसात गरेकोले यस गाउँपालिकाले खानेपानी तथा सरसफाइलाई आधारभूत मानव अधिकारको रूपमा सेवा विकास गर्ने नीति लिएको छ । यद्यपि, यसलाई पानीका लागि शुल्क तिर्नु पर्दैन भनी अर्थ्याउनु हुदैन, तर यस अवस्थामा आधारभूत आवश्यकता पूर्तिका लागि आपूर्ति गरिने पानीको मूल्य सर्बग्राह्य हुनुपर्दछ ।

एकीकृत जलस्रोत व्यस्थापन लागु गर्नको लागि गुराँस गाउँपालिकाले जलउपयोग गुरुयोजनालाई एक औजारको रुपमा अवलम्वन गरेको छ । एकीकृत जलस्रोत व्यवस्थापनका डब्लिन सिद्धान्तहरु तथा जलस्रोतको उपयोग एवम् जलस्रोतहरूको संरक्षणका लागि बनेका जलस्रोत सम्बन्धी नेपाल सरकारका ऐन, कानुन, नीति एवम् योजनाहरूको परिपालना गदै गुराँस गाउँपालिकाको जलउपयोग गुरुयोजनाले यसका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न निम्न रणनीतिहरु कार्यान्वयन गर्ने नीति लिएको छ ।

- एकीकृत जलस्रोत व्यवस्थापन विधि
- सहभागीतामूलक, समावेशी, समुदाय स्तरबाट योजना तर्जुमा गर्ने विधि
- स्थानीयस्तरमा क्षमता निर्माण विधि
- आधारभूत मानव अधिकारको रुपमा सबैका लागि खानेपानी, सरसफाइ र स्वच्छता सेवा ।
- पानीको बहुउद्देश्यीय तथा उत्पादनशिल उपयोग
- जलवायु परिवर्तन अनुकुलन सापेक्ष विधि
- पानीको पुर्नभरण, पुर्नधारण र पुनर्प्रयोग सिद्धान्तमा आधारित जलस्रोत संरक्षण

## ४.३ एकजल अवधारणा

जलाधार क्षेत्र व्यवस्थापन अन्तरगत स्रोतहरुको संरक्षण र व्यवस्थापन, जलाधार र समुदायमा पानीको विद्यमान अवस्था विचार गर्दै दिगो उपयोग नीति र पानीको उत्पादनसिल उपयोगमा एक जल अवधारणाले जोड दिन्छ। एक जल अवधारणाको अवलम्बनले समग्र प्रणालीगत दृष्टीकोणले उपयोग गरी पानीको आपुर्ति र सरसफाइको गुणस्तरिय सेवा, परिणाम र समतामुलक जलस्रोत व्यवस्थापन गरी पानीको दिगोपना हासिल गर्न मद्दत गर्दछ । एक जल प्रणाली अन्तर्गत निम्न कार्यहरु प्राथमिकताका साथ गरिन्छ।

- सुरक्षित रुपमा खानेपानीको व्यवस्थापन, बहु उपयोगी जल प्रणाली र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मार्फत प्रभावकारी रुपमा योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन,
- दिसाजन्य लेदोको सुरक्षित ढंगले व्यवस्थित तथा दिगो व्यवस्थापन सेवा, त्यसको उपचारका लागि आवश्यक प्लान्ट र त्यसको पुनउपयोगबाट आर्थिकोपार्जनको अवसरहरु प्रदान गर्ने,
- स्थानीय सरकार र समुदायका साझेदार सरोकारवालाहरुको क्षमता विकास र जलस्रोतको न्यायोचित व्यवस्थापन गर्ने,
- पानीको दिगो सेवाका लागि राम्रोसंग संरक्षित र व्यवस्थित पानी प्रभावित क्षेत्रहरुमा पारिस्थितिकीय जल प्रभाव सुनिश्चित गर्ने।

गुराँस गाउँपालिकाले गाउँपालिका स्तरको योजना तर्जुमा गोष्ठी मार्फत एक जल अवधारणाको सिद्धान्तलाई अवलम्वन गर्ने गरी एकीकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने नीति लिने प्रतिवद्धता गरेको छ । यस गाउँपालिकाले एक जल अवधारणामा तपशिलका कार्यगत सिद्धान्तहरुको कार्यान्वयन गरी एकीकृत एवम् समावेशी जलस्रोत व्यवस्थापन तथा पानीको दिगो बहुउपयोगको विकास गर्ने नीतिमा सरोकारवालाहरुले छलफल गरेका थिए।

- "सबै पानीको मूल्य हुन्छ" भन्ने सिद्धान्तलाई यस गाउँपालिकाले अवलम्वन गर्नेछ ।
- जलस्रोतको उत्पादनशील तथा बहुउपयोग गरी आर्थिक सम्पन्नता हासिल गर्ने सिद्धान्तलाई यस गाउँपालिकाले अवलम्वन गर्नेछ ।
- जलस्रोत संरक्षण तथा पानीको बहुउपयोग गर्नका लागि कार्यविधि बनाई व्यवस्थित प्रणाली कार्यान्वयन गर्नेछ ।
- जलाधार र उपजलाधार क्षेत्रस्तरमा यस गाउँपालिकाले जलस्रोत व्यवस्थापन र सहकार्य गर्नेछ । गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रका उपजलाधार क्षेत्रहरुमा जलस्रोत व्यवस्थापन गर्नेछ । साथै गाउँपालिका भन्दा ठुलो भौगोलिक क्षेत्रमा फैलिएको जलाधार क्षेत्र व्यवस्थापनमा सहकार्य गर्नेछ ।
- जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनका लागि गाउँपालिकाले सरकारी निकाय, समुदाय, संस्था, र निजि क्षेत्रसंग साझेदारि तथा सहकार्य गर्नेछ ।
- जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनमा सबैको सहभागिता हुनेछ र व्यवस्थापन संरचनाहरु समावेशी हुनेछ ।
- जलस्रोतको उपयोग तथा व्यवस्थापन क्षेत्रमा कार्यरत सरोकारवालाहरुको साझा समस्या तथा चुनौतीहरुलाई यस गाउँपालिकाले एक जल अवधारणा तथा यसको कार्यान्वयन मार्फत दिगो समाधान गर्नेछ ।
- एक जल अवधारणाको कार्यान्वयन मार्फत यस गाउँपालिकाका प्रत्येक व्यक्ति, समुदाय, प्रत्येक सरोकारवाला तथा प्रत्येक समुहको जलाधार वा उपजलाधार क्षेत्रमा दिगो पानीको भविष्य सुरक्षित गर्नमा भूमिका हुनेछ ।

## ४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा

गुराँस गाउँपालिकाले महिला, पुरुष, यौनिक अल्पसंख्यक, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति, दलित तथा पिछडिएका घर परिवारहरु सबैलाई सन् २०३० सम्ममा नेपाल सरकारको दिगो विकास लक्ष्य वर्तमान अवस्था र भावी मार्गचित्र (एस.डी.जी. रोडम्याप) ले तय गरेको लक्ष्य अनुसारको उच्चस्तरको सेवा पुर्‍याउने परिकल्पना गरेको छ । उच्चस्तरको जलउपयोग सेवाबाट लक्षित वर्ग कोहि पनि नछुट्ने यस गाउँपालिकाको रणनीति रहेको छ ।

गाउँपालिकाको परिकल्पना अनुसार कोहि पनि नछुट्ने गरी सबैलाई आयोजनाहरुको समान तथा न्यायोचित प्रतिफल वितरणको लागि गुराँस गाउँपालिकामा जलउपयोग गुरुयोजना तर्जुमा गर्दा र यसको कार्यान्वयन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र दिगो विकासका निम्न रणनीतिहरु अवलम्वन गर्ने नीति लिइनेछ ।

(क) समावेशी योजना तर्जुमा तथा प्रथामिकीकरण रणनीति: जलउपयोग गुरुयोजना तर्जुमा गर्दा वडा तहमा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा सबै वर्ग र भौगोलिक समुदायको प्रतिनिधि सहभागितामा विद्यमान सेवास्तर समीक्षा, सेवास्तर उन्नतिको लागि योजना तर्जुमा, र प्राथमिकीकरण गर्ने नीति लिइनेछ ।

(ख) समावेशी योजना कार्यान्वयन रणनीति: जलउपयोग गुरुयोजनामा प्राथमिकतामा परेका आयोजनाहरुको  कार्यान्वयन गर्दा कोहि पनि व्यक्ति वा वर्ग सेवाबाट नछुट्ने गरी कार्यान्वयन गरिनेछ । विशेषगरि देहाय अनुसारका व्यक्ति वा वर्गहरु नछुट्ने निश्चितता गरी जलउपयोग आयोजनाहरु कार्यान्वयन गर्ने नीति लिइनेछ ।

- महिला, पुरुष, यौनिक अल्पसंख्यक, बालबालिका, जलउपयोग सेवाबाट वञ्चितमा परेका घरपरिवारहरु
- सबै जातीय र सबै धार्मिक समुदायहरु
- अपाङ्गता भएका व्यक्तिहरु
- विपन्न आर्थिक स्तरका घरपरिवारहरु जो जलउपयोग आयोजनाको कार्यान्वयन गर्दा आवश्यक औषत आर्थिक योगदान गर्न असक्षम् छन्
- अल्पसंख्यक, जोखिममा रहेका घरपरिवारहरु

(ग) समावेशी सहभागिता, पारदर्शीता र सुशासन रणनीति: यस जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रकृयामा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यास मार्फत सुशासनको प्रबर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गराउन तपसिलका नीति लिईनेछ ।

- जलउपयोग गुरुयोजना तर्जुमाको चरण तथा यसको कार्यान्वयनमा समेत महिलाहरुको समान सहभागिता तथा अपाङ्गता भएका व्यक्तिहरु, दलित, जनजाति र पिछडिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरुको सकृय सहभागिता रहनेछ ।
- सवै उपभोक्ता समितिहरुमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिलाहरुको समान तथा विभिन्न जातजातीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । समितिका प्रमुख पदहरुमा समेत महिलाहरुको कम्तिमा ३३% र सामाजिक विभेदमा परेका जातजातीहरुको समानुपातिक प्रतिनिधित्व अनिवार्य गराईनेछ ।
- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई ध्यान दिदै महिलाहरुको समान सहभागिता तथा दलित, जनजाती तथा पिछडिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरु समावेश गरिनेछ ।
- जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक विभेदमा परेका जातजातीहरुको क्षमता अभिवृद्धिका लागि विशेष पहल गरिनेछ । उनीहरुलाई नै लक्षित गरेर विभिन्न क्षमता

विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछन् । क्षमता विकासका कृयाकलापहरुको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई ध्यान दिइनेछ ।

- निर्माण गरिने भौतिक संरचनाहरुलाई आवश्यकता अनुसार महिला, बालबालिका, र अपाङ्गतामैत्री बनाइनेछन । मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका सबै संरचनाहरु महिलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन र उनीहरुको घरायसी कार्यबोझ न्यूनिकरण हुनेगरी निर्माण गरिनेछन ।
- गुरुयोजना अन्तरगत निर्माण गरिने सबै आयोजनाहरुमा सुशासन नीति अंगाल्दै अनिवार्यरुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक समीक्षा र सार्वजनिक परीक्षण गरिनेछन ।

<u>(घ) दिगोपना र लचकता:</u> यस गुरुयोजना कार्यान्वयन गर्दा वातावरणीय, प्राविधिक, आर्थिक, संस्थागत दिगोपना र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विशेष ध्यान दिइ आयोजनाको सेवा सञ्चालन व्यवस्थापन कार्यविधि निर्माण गरी सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

## ४.५ पानीको उत्पादनशिल प्रयोग

पानीलाई खानेपानी प्रयोजनका लागि मात्रै प्रयोग गर्ने र संस्थागत र दिगो विकासका लागी ध्यान नदिदा समुदायमा योजनाहरु डिजायन अवधीसम्म संचालनमा राखि राख्न समस्या रहेको स्थिति विद्यमान छ। योजनाहरुमा पानी उपयोग बाफतको शुल्क उठाउने र उठेको रकमबाट योजनामा हुन आएने बिभिन्न स-साना मर्मत कार्यहरुमा उपयोग गर्न सकिए योजनाहरुको संचालनलाई सहज र दिगो बनाउन सकिन्छ। गाउँपालिकामा गरिएका प्राविधिक र सामाजिक सर्वेक्षणमा गरिएका छलफलमा पानी शुल्क उठाउने र योजनाहरुको उपभोक्ता स्तरबाटै स्वस्फुर्त समयानुकुल मर्मत सम्भार गर्ने गरेको निकै नै कम अभ्यास छन् । पानीको उपभोगमा पुस्तान्तरण गर्न र दिगो योजनाका लागी संस्थापन व्यवस्थापन, मर्मत सम्भार कोष, पानी शुल्क लगायत पारदर्शि सयन्त्र स्थापना र समावेशीताका सिद्धान्त अवलम्बन गर्नु आवश्यक देखिन्छ। पानीको उत्पादनशिल प्रयोग मार्फत समुदायको आयआर्जन बृद्धी गर्न सकिए कोष उठाउन र योजनाहरुको मर्मत सम्भार समय गरी पानीको उपभोग दिगो र निरन्तर गर्न सकिन्छ।

समुदायमा पानीको बहु-उपयोग मार्फत उत्पादनशील क्षेत्रहरुमा प्रयोग गर्ने, धाराबाट खेरजाने पानी करेशाबारी तथा तरकारी खेतीमा प्रयोग गर्ने, स्रोतहरु उपलब्ध हुने समुदाय तथा बस्तीहरुमा पानीको बहु-उपयोग गर्ने नीति अपनाई खानेपानी संगै आधुनिक सिंचाइका योजनाहरुको पनि कार्यान्वयन गर्ने तर्फ गाउँपालिकाले नीति तर्जुमा गरि कार्यान्वयनमा जानु दिगो योजना कार्यान्वयनका लागी आवश्यक छ । खेरजाने पानीले समुदायको वातावरणलाई फोहोर तुल्याउनका साथै विभिन्न रोगहरु/महामारीहरु समेत निम्त्याउन सक्ने, लामखुट्टे, झिंगा जस्ता किराहरुको प्रकोप बढ्ने हुदा त्यसको उचित व्यवस्थापन गरिने नीति अवलम्बन सहित पानीको प्रयोग मार्फत आयआर्जनका अवसरहरु श्रृजना गर्ने र समुदायले पानीको उपयोग बाफतको शुल्क संकलन गरी पानीका योजना तथा स्रोतहरु संरक्षणमा लगानी गर्ने, स-साना आर्थिक स्रोतहरुका लागी बाह्य स्रोत र परनिर्भरता हटाउन पानीलाई उत्पादनशिल प्रयोग गर्नु आवश्यक देखिन्छ। जलउपयोग निर्माणका क्रममा गुराँस गाउँपालिका भित्र पानीको उत्पादनशिल प्रयोग गर्न सक्ने अवस्था प्रयाप्त रहेका र पानीको बहुउपयोगीता तथा दिगो संस्थागत व्यवस्थापकिय पक्षमा जोड दिनु पर्ने सरोकारवालाहरुको बुझाई रहेको छ।

गुराँस गाउँपालिकाले गाउँपालिकाभित्र रहेका जलस्रोतहरुको उपयोग खानेपानी तथा सरसफाइका अतिरिक्त उत्पादनशिल क्षेत्रमा उपयोग गर्न प्राथमिकता दिने नीति लिनेछ । गाउँपालिकामा रहेको जलस्रोतहरुको संरक्षण तथा उच्चतम उपयोग गरी कुलो सिंचाइ, सुधारिएको पानीघट्ट, लघु/साना

जलविद्युत, पानीको बहुउपयोग जस्ता उत्पादनमुलक क्षेत्रमा उपयोग गर्न यस्ता आयोजनाहरु तर्जुमा गरी प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिनेछ ।

## ४.६ प्रविधि विकल्प

गुराँस गाउँपालिकामा प्रशस्त मूलमुहान र खोलानाला भएको र धैरेजसो स्रोतको क्षमता राम्रो भएकोले जलस्रोत संरक्षण र पानीको सन्तुलित प्रयोग गरी खानेपानी, सिंचाइ, सुधारिएको पानी घट्ट र बहुउपयोगमा उच्चतम प्रयोग गर्ने नीति लिइनेछ । ग्राभिटी प्रणालीका खानेपानी आयोजना निर्माणको लागि पर्याप्त क्षमताका स्रोतहरु आवश्यक उचाइमा उपलब्ध नभएका बस्तिहरुका लागि सोलार वा विद्युत वा दुबै उर्जाको प्रयोगबाट पानी लिफ्ट गरी खानेपानी सेवा वितरण गर्ने आयोजनाहरुको निर्माण गर्ने नीति लिइनेछ । थोरै पानीले धैरै जमिन सिंचाइ गरी तरकारी, मसला, र आयमुलक खेति गर्नको लागि थोपा सिंचाइ प्रविधि, फोहोरा सिंचाइ प्रविधि आदि प्रयोग गरी लघुसिंचाइ आयोजना निर्माण गर्ने नीति लिइनेछ । परमपरागत पानीघट्ट सञ्चालनको लागि धैरै पानीको परिमाण लगानी गर्नुपर्ने भएकोले सानो पानीलाई धैरे उचाईबाट पाईपद्वारा खसाएर पेल्टन टर्बाइन जडान गरी टोल बस्ति स्थलमा नै कुटानी, पिसानी, पेलानी र सिमित विद्युत सेवा समेत उपलब्ध गराउने सुधारिएको घट्ट आयोजनाहरुको निर्माण गर्ने नीति लिइनेछ ।

## ४.७ मापदण्डमा आधारित प्राथमिकीकरण औजार

गुराँस गाउँपालिकाले यस गुरुयोजना निर्माण गर्दा मापदण्डमा आधारित प्राथमिकीकरण औजार (सिबिआरटी) को प्रयोग गरी तर्जुमा गरिएका आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गरिएको छ । यस गाउँपालिकामा सिबिआरटी प्राथमिकीकरण औजार प्रयोग गरेर आयोजनाहरुको प्राथमिकीकरण गर्दा वास्तविक समस्यामा परेका समुदाय प्राथमिकतामा परेका छन् । यस विधि प्रयोग गरी प्राथमिकता निर्धारण गर्दा आयोजनाको भौतिक अवस्था, सामाजिक समावेशीकरण, लगानीमैत्री अवस्था, र दिगो सञ्चालन व्यवस्थापन हुनसक्ने जस्ता मुख्य लगानी सुरक्षाका आधारहरुबाट प्राथमिकता निर्धारण भएको छ ।

सिबिआरटी प्राथमिकीकरण विधि समावेशी अवधारणामैत्री हुने भएकोले, गुराँस गाउँपालिकाले तर्जुमा भएका आयोजनाहरुको कार्यान्वयन प्राथमिकता निर्धारण गर्दा मापदण्डमा आधारित प्राथमिकीकरण औजार (सिबिआरटी) को प्रयोग गरी प्राथमिकताक्रम निर्धारण गर्नेमा सरोकारवालाहरु प्रतिवद्ध रहेका छन्। गाउँपालिकामा खानेपानी क्षेत्रका योजना प्राथमिकिकरण गर्दा अवलम्बन गरिएको सिबिआरटी सूचक तथा अंकभारको नमुना तल प्रस्तुत गरिएको छ ।

<u>नयाँ निर्माण आयोजनाको प्राथमिकताका लागि सिबिआरटी सूचक तथा अंकभार:</u>

नयाँ निर्माण आयोजनाका लागि देहाय अनुसारका सिबिआरटी सूचक तथा अंकभार बमोजिम विश्लेषण गरी प्राथमिकता निर्धारण गरिनेछ । यस विश्लेषणमा आयोजनाहरुले ३ देखि ३६ सिबिआरटी अंक प्राप्त गर्ने छन् र धैरै अंक प्राप्त गर्ने आयोजनालाई उच्च प्राथमिकता दिइनेछ ।

तालिका -३५: सिबिआरटी सूचक र अंकभार (नयाँ निर्माण आयोजनाको लागि)

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | समाजमा पछाडि परेका समुदायहरुको घरधुरी प्रतिशत | १३ | धैरे घरधुरी प्रतिशतलाई धैरे अंक |
| २ | समुदायमा विद्यमान खानेपानी सेवास्तर अवस्था | १८ | न्यून सेवास्तरका धैरे घरधुरीलाई धैरे अंक |
| ३ | समुदायमा लगानीमैत्री वातावरणको अवस्था | ५ | राम्रो वातावरणमैत्रीलाई धैरे अंक |

| | | |
|---|---|---|
| जम्मा अंकभार | ३६ | बढी अंकलाई प्राथमिकता |

स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका

विद्यमान आयोजनाको सेवास्तर वृद्धि प्राथमिकताका लागि सिबिआरटी सूचक तथा अंकभार:
विद्यमान आयोजनाको मर्मत, विस्तार तथा पुनर्निर्माण प्राथमिकताका लागि आयोजनाको वर्तमान व्यवस्थापन तथा कार्यगत अवस्थाका आधारमा देहाय अनुसारका सिबिआरटी सूचक तथा अंकभार बमोजिम विश्लेषण गरी प्राथमिकता निर्धारण गरिनेछ । यस विश्लेषणमा आयोजनाहरुले ९ देखि २८ सिबिआरटी अंक प्राप्त गर्ने छन् र धैरे अंक प्राप्त गर्ने आयोजनालाई उच्च प्राथमिकता दिइनेछ ।

तालिका -३६: सिबिआरटी सूचक र अंकभार (विद्यमान आयोजनाको सेवास्तर वृद्धिको लागि)

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | विद्यमान खानेपानी योजनाको भौतिक अवस्था | २१ | भौतिक अवस्था नराम्रो भएकोलाई धैरे अंक |
| २ | खानेपानी योजना सञ्चालन व्यवस्थापनमा उपभोक्ता समितिको अवस्था | ७ | राम्रो सञ्चालन व्यवस्थापन गरेकालाई धैरे अंक |
| जम्मा अंकभार | | २८ | बढी अंकलाई प्राथमिकता |

स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका

## ४.८ स्रोत संरक्षण

गुराँस गाउँपालिकाले गाउँपालिका भित्र रहेका पानीका स्रोतहरुको संरक्षणका लागि दीर्घकालीन रणनीति निर्माण गर्नका साथै समुदाय स्तरमा पानीको दिगो उपयोग र पुस्तान्तरणका लागि क्षमता विकास र जनचेतना अभिवृद्धि गर्नुपर्ने सरोकारवालाहरुको बुझाई रहेको छ।

एकातिर खानेपानीका स्रोतहरु जलवायु परिवर्तन तथा मानवद्वारा निर्माण भईरहेका योजनाहरुका कारण विनाश भईरहेका, विकासका विभिन्न पूर्वाधारजन्य गतिविधिहरुले गर्दा पानीका स्रोतहरु सुक्दै र हराउदै गईरहेका छन् । बढ्दो जनसंख्या, शहर केन्द्रित जनघनत्व, नयाँ प्रविधि र जिवनसैली, उद्योग धन्दा आदि कारणहरुले समुदायमा पानीको माग बढ्दै गईरहेको छ। समुदायको बढ्दो पानीको माग, पर्यावरणको संरक्षण र सुक्दै तथा हराउदै गईरहेका स्रोतहरु बीचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरुका साथै प्रयोग नभएका स्रोतहरुको पनि उचित संरक्षण र व्यवस्थापन हुन अति आवश्यक छ। यसका लागि स्रोतहरुको वरिपरी खुला चरिचरण नगर्ने/नगराउने, पानीका स्रोतहरुको वरिपरी घेरबार गर्ने तथा फोहर हुन बाट बचाउने जस्ता क्रियाकलापहरु पर्दछन। त्यसैगरी पानीका सुक्दै गइरहेका स्रोतहरुको संरक्षणका लागि वर्षातको पानीलाई जमिन भित्र पठाउने खाडल (Recharge Pits), स्रोतहरुको माथि पुर्नभरण पोखरीका साथै समथर भूभागमा त्यहाँ रहेका प्राकृतिक तालतलैयाको संरक्षणका साथै पानीको स्रोतहरु वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरुको वृक्षारोपण आदि गर्न सकिन्छ । खुला चरिचरन, आगलागी, जंगल फडानी आदिलाई निरुत्साहित पार्ने, योजनाबद्द विकास निर्माण योजनाहरु थाल्ने साथै स्रोत संरक्षणमा समुदायको अगुवाई सुनिश्चित गरी जलाधारहरु बिच विवाद समाधान सहित क्षमता अभिवृद्धि र विवेकपुर्ण उपयोगको वातावरण निर्माण गर्न आवश्यक देखिन्छ साथै पानीका स्रोत नजिक संरचना निर्माण गर्दा वायो ईन्जिनियरिङ विकल्प सहित संरचना निर्माण गर्ने, प्राकृतिक अवस्थालाई कायम, संरक्षण र प्रवर्धन गर्ने, पालिका स्तरमा संरक्षणका ठोस नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ ।

# अध्याय ५: जलउपयोग गुरुयोजना

## ५.१ अन्तर विश्लेषण

जलउपयोग गुरुयोजना तयारी प्रक्रियामा गरेको तथ्याङ्क संकलनबाट गुराँस गाउँपालिकामा अझै पनि खानेपानी, सरसफाइ, सिंचाइ, उर्जा, वातावरण तथा पर्यावरण संरक्षणको अवस्था न्युन देखिन्छ । गुराँस गाउँपालिकाले नेपाल सरकारको दिगो विकास लक्ष्य हासिल गर्नको लागि जलस्रोत विकास क्षेत्रमा ठुलो लगानीको लागि पहल गर्नु पर्ने देखिन्छ ।

**<u>खानेपानी:</u>**

यस गाउँपालिकाका ३९.०६% विद्यमान खानेपानी आयोजनाहरु मात्र राम्रो सञ्चालन अवस्थामा रहेको देखिन्छ । घरधुरीहरुको खानेपानी सुविधास्तर अझ कम्जोर देखिन्छ । पालिकाका १९.४३% घरधुरीलाई मात्र आधारभूत स्तरको खानेपानी सुविधा पुगेको छ । यस पालिकाका कुनै पनि घरपरिवारलाई सुरक्षित रुपमा व्यवस्थापन गरिएको खानेपानी सुविधा उपलब्ध हुन सकेको छैन ।

दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा ९९% जनसंख्यालाई आधारभूत खानेपानी सेवामा पहुँच पुराउने साथै सुरक्षित् खानेपानी प्रयोग गर्ने जनसंख्या ९०% पुराउने लक्ष्य लिएको छ । गुराँस गाउँपालिकाले सो लक्ष्य हासिल गर्नको लागि सरकारी निकाय र विकास साझेदारहरुसंग समन्वय तथा साझेदारी गर्नु पर्ने देखिन्छ ।

तालिका -३७: दिगो विकास लक्ष्य ६.१: खानेपानी सेवा परिणात्मक लक्ष्य र सूचकहरु

| परिमाणात्मक लक्ष्य ६.१: सन् २०३० सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्बब्यापी र समतामुलक पहुँच हासिल गर्ने । | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.१.१ | सुरक्षित रुपमा व्यवस्था गरिएको खानेपानी सेवाहरु प्रयोग गर्ने जनसंख्याको अनुपात | सन् २०१५ | सन् २०१९ | सन् २०२२ | सन् २०२५ | सन् २०३० |
| १ | सुरक्षित खानेपानी प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | १५ | ३५ | ५० | ६५ | ९० |
| २ | पाईपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | ४९.५ | ६०.३ | ६८.४ | ७६.५ | ९० |
| ३ | आधारभूत खानेपानी सेवामा पहुँच (प्रतिशत) | ८७ | ९०.२ | ९२.६ | ९५ | ९९ |
| ४ | घरपरिवारले प्रयोग गर्ने पानीमा ई-कोली जोखिम स्तर प्रति १०० मिलिलिटरमा १ सी.एफ.यू. भन्दा बढी वा बराबर भएका परिवार {≥1 cfu/100ml} (प्रतिशत) | ८२.२ | ६०.३ | ४३.८ | २७.४ | १ |
| ५ | मुहान/स्रोतको पानीमा ई-कोली जोखिम स्तर प्रति १०० मिलिलिटरमा १ सी.एफ.यू. भन्दा बढी वा बराबर भएका परिवार (प्रतिशत) | ७१.१ | ५२.१ | ३७.९ | २३.७ | १ |

स्रोत: नेपाल दिगो विकास लक्ष्यहरु वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०

**सरसफाइ:**
नमुना घरधुरी सर्वेक्षणको तथ्याङ्क अनुसार यस पालिकाका घरधुरीहरुमा चर्पी निर्माण भएको देखिए तापनि गुराँस गाउँपालिकामा पूर्ण सरसफाइको अभियान शुरु नभएको देखिन्छ । यस पालिकामा शौचालय भएका घरधुरी तथ्याङ्क अनुसार ९७.२६% घरधुरीले मात्र शौचालयको प्रयोग गरेको देखिन्छ भने ४६.४८% घरधुरीले भाँडा सुकाउने चांग प्रयोग गरेको, र ९.८९% घरधुरीले फोहोरको व्यवस्थापन गरेको देखिन्छ ।

दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा उन्नत सुधारिएका सरसफाइ सम्बन्धि सुविधाहरु प्रयोग गर्ने घरपरिवारहरु ९५% पुराउने लक्ष्य लिएको छ । यस दिगो विकासको लक्ष्य हासिल गर्न गुराँस गाउँपालिकामा पूर्ण सरसफाइ उन्मुख स्तरकाका सुविधा निर्माण तथा अभियान व्यापक रुपमा गर्नु पर्ने देखिन्छ ।

तालिका -३८: दिगो विकास लक्ष्य ६.२: सरसफाइ सेवा परिणात्मक लक्ष्य र सूचकहरु

| परिमाणात्मक लक्ष्य ६.२: सन् २०३० सम्ममा सरसफाइ र स्वस्थ/आरोग्यपुर्ण अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने साथै महिला एवं किशोरीहरु र कमजोर/संकटग्रस्त स्थितिहरुमा रहेका व्यक्तिहरुको आवश्यकतालाई बिशेष ध्यान दिई खुला रुपमा दिसा-पिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने । | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.२.१ | साबुनपानी सहितको हात धुने सुविधा लगायतका सुरक्षित तबरले व्यवस्थित गरिएका सरसफाइ सेवाहरु प्रयोग गर्ने जनसंख्याको अनुपात (प्रतिशत) | सन् २०१५ | सन् २०१९ | सन् २०२२ | सन् २०२५ | सन् २०३० |
| १ | उन्नत/सुधारिएका सरसफाइ सम्बन्धी सुविधाहरु प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन (प्रतिशत) | ६० | ६९.३ | ७८.७ | ८५.७ | ९५ |
| २ | शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प्रतिशत) | ६७.६ | ७५.७ | ८३.८ | ९० | ९८ |
| ३ | सरसफाइ सुविधाबाट लाभान्वित जनसंख्या (प्रतिशत) | ८२ | ८६.५ | ८९.९ | ९३.३ | ९९ |
| ४ | ढल प्रणालीहरु/उपयुक्त एफ.एस.एम. (Faecal Sludge Management) मा चर्पी जोडिएका सहरी क्षेत्रका परिवार (प्रतिशत) | ३० | ४६ | ६२ | ७४ | ९० |

स्रोत: नेपाल दिगो विकास लक्ष्यहरु वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०

**सिंचाइ:**
गुराँस गाउँपालिकामा व्यवस्थित सिंचाइको सुविधा नभएको कारणले ८३% घरधुरीको मुख्य पेशा कृषि भएको पालिकामा ५५.७४% घरधुरीहरुलाई आफ्नो उत्पादनले ६ महिना भन्दा कम खान पुगेको जल उपयोग गुरुयोजना सर्भेक्षणबाट देखिन्छ । दिगो विकास लक्ष्यको खाद्यान्न सुरक्षा, उन्नत पोषण, र दिगो कृषि प्रबर्द्धनको लक्ष्य हासिल गर्नको लागि यस पालिकामा परम्परागत कुलो सिंचाइ निर्माणका साथै लघु सिंचाइ आयोजनाहरु निर्माण गर्नु पर्ने देखिन्छ ।

**उर्जा:**
यस पालिकामा स्थानीय स्तरमा जलविद्युत उत्पादन भएको छैन । जल उर्जाको उपयोग परम्परागत घट्टबाट पिसानी सेवाको लागि मात्र गरेको देखिन्छ । दिगो विकास लक्ष्यको नबिकरणीय उर्जा खपतको

हिस्सा बढाउने तथा धन्न सकिने, दिगो उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्न यस पालिकाले सानो क्षमताको पानी बाट समेत चल्न सक्ने सुधारिएको घट्टहरु गाउँटोलहरुमा स्थापना गरी सम्भावना भए सम्मको कुटनी, पिसानी, पेलानी साथै बिजुली बत्ती समेतको सेवा हुने गरी आयोजना तर्जुमा गर्नु पर्ने देखिन्छ ।

**<u>स्रोत संरक्षण तथा पर्यावरण संरक्षण:</u>**

यस पालिकामा स्रोत संरक्षण तथा पर्यावरण संरक्षण क्रियाकलापहरु केहि सुरुवात भएका छन् । यस पालिकामा भूमिगत जलभण्डारको सतह घटेको ले सतहमा निस्कने पानी कम हुदै गएको छ : मूल मुहान हरु धेरै साना साना छन् । यस पालिकाका ४२.६२% मूलमुहान स्रोतहरुको क्षमता ०.१ लिटर प्रति सेकेन्ड भन्दा कम रहेको तथ्याङ्कले देखाएको छ । दिगो विकास लक्ष्य ६.६: पर्वतीय क्षेत्र, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र तालहरू लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुर्नभरण गर्ने लक्ष्य हासिल गर्नको लागि यस पालिकामा स्रोत संरक्षण तथा पर्यावरण संरक्षण क्रियाकलापहरु जस्तै स्रोत क्षेत्र संरक्षण, पहिरो संरक्षण, नदि कटान नियन्त्रण, आदि व्यापक रुपमा गर्नु पर्ने देखिन्छ ।

## ५.२ गुरुयोजनाको परिकल्पना, लक्ष्य तथा उद्देश्यहरु

### ५.२.१ जल उपयोग गुरुयोजनाको परिकल्पना

"सुख समृद्धीका लागि शासकीय सुधार: हातेमालो गरी फेरौं गुराँसको मुहार" गुराँस गाउँपालिकाको यो परिकल्पना देशकै दिर्घकालीन सोच अर्थात "समृद्ध नेपाल, सुखी नेपाली" बाट निर्दिष्ट छ । गुराँस गाउँपालिकाको गाउँसभाले तय गरेको यस दिर्घकालीन सोचले यहाँ बसोवास गर्ने सबैको प्रगति, समृद्धि र सर्वाङ्गिण विकासको चाहनालाई प्रतिबिम्बीत गर्दछ । गाउँपालिकाको यहि बृहद सोच अनुसार नै जलश्रोतको बहुआयामिक र दिगो उपयोग मार्फत गाउँवासीको सुस्वास्थ्य र समृद्धी यस जलउपयोग गुरुयोजनाको परिकल्पना हो ।

### ५.२.२ जल उपयोग गुरुयोजनाको लक्ष्य

यस जलउपयोग गुरुयोजनाको लक्ष्य गुराँस गाउँपालिकामा जलश्रोतको बिवेकपुर्ण, दिगो र समतामुलक विकास र उपयोग मार्फत यहाँका सम्पुर्ण वासिन्दाका लागि जिविकोपार्जनका अवसरहरु बृद्धी गर्नु एवं उनीहरुको जिवनस्तरमा सुधार गर्नु हो ।

### ५.२.३ जल उपयोग गुरुयोजनाको उद्देश्यहरु

यस जलउपयोग गुरुयोजनाको समग्र उद्देश्य स्थानीय समुदायकै सहभागितामा नगरपालिकामा उपलब्ध जलश्रोतहरुको पहिचान र तिनको खानेपानी, सरसफाइ, सिंचाइ, जलउर्जा तथा अन्य आय आर्जन प्रयोजनहरुका लागि दिगो योजनाहरु तर्जुमा गर्ने हो । यसका अन्य बिशिष्ट उद्देश्यहरु यस प्रकार छन् :

- गाउँपालिकामा रहेका सबै जलश्रोतहरुको पहिचान र मापन गर्ने,
- गाउँपालिकामा वर्तमानमा जलश्रोतको उपयोगको अवस्थाको मुल्यांकन गर्ने,
- विद्यमान खानेपानी, सरसफाइ, सिंचाइ, जलउर्जा तथा जलश्रोतसित सम्बन्धित अन्य योजनाहरु र पुर्वाधारहरुको विवरण संकलन गर्ने,
- एकिकृत जलश्रोत व्यवस्थापन र जलउपयोग गुरुयोजनाको अवधारणा तथा प्रक्रियाबारे स्थानीयवासी र सम्पुर्ण सरोकारवालाहरुलाइ अनुशिक्षित गर्ने,

- खानेपानी, सरसफाइ, सिंचाइ, जलउर्जा तथा जलश्रोतसित सम्बन्धित अन्य योजनाहरुको तर्जुमा गरी तिनको कार्यान्वयनका लागि प्राथमिकीकरण गर्ने,
- जलश्रोत व्यवस्थापन तथा सरसफाइ र स्वच्छताको क्षेत्रमा सुशासन प्रवर्धन गर्ने,
- पूर्ण सरसफाइ अभियानलाई प्रभावकारी बनाउन सहयोग गर्ने,
- जलवायु परिवर्तन अनुकूलन र प्रकोप जोखिम व्यवस्थापन सम्बन्धि चेतना र उपायहरुको प्रवर्धन गर्ने र जलश्रोतहरुको संरक्षण गर्ने,
- खानेपानी, सरसफाइ, सिंचाइ, जलउर्जा तथा जलश्रोतसित सम्बन्धित अन्य योजनाहरुको प्रभावकारी व्यवस्थापनको लागि स्थानीय समुदाय तथा संस्थाहरुको क्षमता अभिबृद्धी गर्न सहयोग गर्ने ।

## ५.३ आवधिक योजनाको सारांश

गुराँस गाउँपालिकाले माथी उल्लेखित प्रकृयाहरू अवलम्बन गर्दै यस जलउपयोग गुरुयोजनालाई अन्तिम रुप दिने क्रममा पालिकाको समग्र जलस्रोतको इस्टतम उपयोगको पाँचवर्षे योजना तर्जुमा गरेको छ । गाउँकार्यपालिकाको पालिकास्तरीय योजना तर्जुमा गोष्ठिले यो जलउपयोग गुरुयोजना सँगै यस पाँचवर्षे योजनाको समेत तर्जुमालाई अन्तिम रुप दिएको हो । यस जलउपयोग गुरुयोजनामा सहभागितात्मक योजना तर्जुमा प्रकृया मार्फत वडा तथा पालिकाले पहिचान गरि प्राथमिकता निर्धारण गरेका जलस्रोत सम्बन्धि आयोजनाहरू छन । यस पाँचवर्षे योजनाको अवधि आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ रहेको छ र यस अवधिमा खानेपानीका १७९, सरसफाइका ४५, लघु सिचाई तथा सिँचाइ योजनाका २४३, जलस्रोत संरक्षण तथा वातावरण संरक्षणका ३१३, र जलऊर्जाका १६ गरेर जम्मा ७९६ वटा आयोजनाहरू तर्जुमा गरी कार्यान्वयनको लागि प्राथमिकता निर्धारण गरिएको छ । तर्जुमा गरिएका आयोजनाहरुमा नयाँ आयोजनाहरुका अतिरिक्त विद्यमान आयोजनाहरुको मर्मत र पुनर्निर्माण तथा विस्तार गरी छुटेका घरधुरी तथा सेवाक्षेत्र समेट्ने र सेवास्तर वृद्धि गर्ने आयोजनाहरु समेत तर्जुमा भएका छन् ।


यस पाँचवर्षे योजनामा परेका खानेपानी, सिँचाइ, वातावरण पर्यावरण तथा जलऊर्जा सम्बन्धी उक्त ७९६ आयोजनाहरूको कुल अनुमानित लागत रु ५६,२५,००,००० रहेको छ । पञ्चवर्षीय योजना अवधिमा खानेपानी आयोजनाहरुका लागि रु २९,२६,००,००० लागत अनुमान गरिएको छ । सरसफाइ आयोजनाहरुका लागि रु ७२,२००,००० लागत अनुमान गरिएको छ । यसै गरी लघु सिचाई तथा सिँचाइ कुलो योजना निर्माणका लागि रु ९,५८,००,००० लागत अनुमान गरिएको छ । त्यसै गरी स्रोत संरक्षण तथा वातावरण संरक्षण आयोजनाहरुका लागि रु ९,३९,००,००० लागत अनुमान गरिएको छ । त्यसै गरी जलउर्जा आयोजना निर्माणका लागि रु ८०,००,००० लागत अनुमान गरिएको छ ।

गुराँस गाउँपालिकाको जलउपयोग गुरुयोजनाको पाँचबर्षे आवधिक योजना तर्जुमाको सारांस तलको तालिका र चित्रबाट थप स्पष्ट पारिएको छ ।

तालिका -३९: गुराँस गाउँपालिकाको पञ्चवर्षीय जलउपयोग गुरुयोजनाको सारांस तालिका

| पञ्चवर्षीय जलउपयोग गुरुयोजनाको सारांश | | |
|---|---|---|
| | योजना संख्या | अनुमानित लागत (ने रु '०००) |
| खानेपानी (नयाँ/(मर्मत/ पुर्ननिर्माण) | १७९ | २९२६०० |
| सरसफाइ तथा स्वच्छता | ४५ | ७२२०० |
| सिंचाइ योजना | २४३ | ९५८०० |
| जलउर्जा (जलविद्युत उत्पादन/पानीघट्ट) | १६ | ८००० |

| | | |
|---|---|---|
| वातावरण तथा पर्यावरण (स्रोत संरक्षण योजना सहित) | ३१३ | ९३९०० |
| **जम्मा** | **७९६** | **५६२५००.००** |




चित्र नं. १२ : गुराँस गाउँपालिकाको पञ्चवर्षीय जलउपयोग गुरुयोजनाको सारांस चित्र

## ५.३.१ खानेपानी योजनाहरु

गुराँस गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत खानेपानीको सेवास्तर वृद्धि गर्नको लागि ५६ वटा नयाँ ग्राभिटी आयोजना र २६ वटा लिफ्ट आयोजना तर्जुमा गरेको छ जसले क्रमश ३०४० घरधुरी र ३१३० घरधुरीहरुको खानेपानी सेवास्तर वृद्धि गर्नेछ । यसका अतिरिक्त ८६ ग्राभिटी आयोजना र ११ वटा लिफ्ट आयोजना मर्मत पुनर्निर्माण तथा सेवा विस्तार गरी खानेपानी सेवास्तर वृद्धि गर्नको लागि तर्जुमा भएको छ जसले क्रमश ३७५४ घरधुरी र १४०४ घरधुरीहरु लाभान्वित हुनेछन । पाँचवर्ष भित्रमा कार्यान्वयन सम्पन्न गर्ने गरी तर्जुमा भएका खानेपानी आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -४०: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका खानेपानी आयोजनाहरुको विवरण

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ | | | मर्मत सम्भार । पुन निर्माण। सेवा विस्तार | | |
| | संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'०००) | संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'०००) |
| ग्राभिटि प्रणालीमा आधारित योजनाहरु | | | | | | |
| १ | ४ | २७४ | ९२०० | २४ | ९७८ | १२००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ९ | ३७४ | १५३०० | ४ | १४६ | २८०० |
| ३ | ९ | ३३८ | १७१०० | २० | ११४५ | ८००० |
| ४ | ७ | ६११ | ११९०० | २ | ५० | ८०० |
| ५ | ४ | ३३२ | ८४०० | ११ | ६२२ | ७१५० |
| ६ | १० | ५५५ | १७००० | १५ | ५४२ | १०२०० |
| ७ | ५ | ११४ | ९५०० | ८ | १९४ | ५२०० |
| ८ | ८ | ४४२ | १५२०० | २ | ७७ | ९०० |
| जम्मा | ५६ | ३०४० | १०३६०० | ८६ | ३७५४ | ४७०५० |
| लिफ्टिङ्ग प्रणालीमा आधारित योजनाहरु | | | | | | |
| १ | ४ | ३२७ | १०८०० | | | |
| २ | ३ | २३८ | ७९५०० | | | |
| ३ | ३ | ३३५ | ७०५० | १ | ५३ | ३०० |
| ४ | ५ | ६९४ | १३५०० | ३ | १७७ | ९०० |
| ५ | २ | २२१ | ६३०० | ३ | २२६ | ९०० |
| ६ | ४ | ६८५ | ९२०० | | | ० |
| ७ | ४ | २४७ | ९००० | १ | २६ | ३०० |
| ८ | १ | ३८३ | ३३०० | २ | ५२२ | ६०० |
| ६ र ८ | | | ० | १ | ४०० | ७५० |
| जम्मा | २६ | ३१३० | १३८६५० | ११ | १४०४ | ३३०० |
| कुल जम्मा | ८२ | ६१७० | २४२२५० | ९७ | ५१५८ | ५०३५० |

### ५.३.२ सरसफाइ योजनाहरु

गुराँस गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत गाउँपालिका भित्रका सबै वडाहरुमा सरसफाइको सेवास्तर वृद्धि गर्नका लागि पालिका स्तरीय ४५ वटा आयोजना तर्जुमा गरेको छ जसले गाउँ पालिकाका सबै घरधुरीबाट संकलित ठोस फोहोरको सुरक्षित् बिसर्जन गर्नेछ । सार्वजनिक शौचालयहरु निर्माण गर्नेछ । साथै पालिकालाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्नेछ । साथै विद्यालयलाई तिनतारा स्तरको वास सेवा स्तरमा पुराउने कार्यक्रम रहेको छ । पाँचवर्ष भित्रमा कार्यान्वयन सम्पन्न गर्ने गरि तर्जुमा भएका सरसफाइ आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -४१: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका सरसफाइ आयोजनाहरुको विवरण

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | |
|---|---|---|---|---|---|
| | योजनाको प्रकृति | योजना संख्या | लाभान्वित घरधुरी संख्या | लाभान्वित विद्यालय संख्या | अनुमानित लागत (ने.रु.'०००) |
| १ देखि ८ | सार्वजनिक शौचालय निर्माण | ३८ | ७९८ | २ | ४७५०० |
| १ देखि ८ | एक घर एक फोहोर फाल्ने खाडल तथा कम्पोस्ट मल खाडल निर्माण कार्यक्रम | १ | ४१०० | | ८२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १ देखि ८ | बजार क्षेत्र फोहोर ब्यबस्थापन कार्यक्रम | ५ | ७५० | १० | १२५०० |
| १ देखि ८ | पूर्ण सरसफाई | १ | ४५०० | ४६ | ४००० |
| जम्मा | | ४५ | | | ७२२०० |

## ५.३.३ बहुउपयोगी योजनाहरु

गुराँस गाउँपालिकामा गुरुयोजना निर्माणका क्रममा बहुउपयोगी योजनाको प्रस्ताव र तर्जुमा नभएको भए पनि पानीका स्रोतहरुको विस्तृत सर्वेक्षण र गुरुयोजना कार्यान्वयन चरणमा गरिने योजनाको पूर्व सम्भाब्यता अध्ययनका क्रममा पानीको बहुउपयोगिता सहितका योजना निर्माण हुने सम्भावना रहेको छ ।

## ५.३.४ सिंचाइ योजनाहरु

**<u>सिंचाइ कुलो योजना:</u>**

गुराँस गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत गाउँपालिकामा रहेका जलस्रोतहरुको इस्टतम उपयोग गरी सबै वडाहरुमा सिंचाइ कुलो योजनाहरु तर्जुमा गरेको छ । पालिका भरिमा जम्मा ८२ वटा नयाँ निर्माण सिंचाइ कुलो योजनाहरु तर्जुमा भएका छन् । तर्जुमा भएका ८२ योजनाहरुबाट २०७९८ रोपनी जमिन सिंचाइ हुनेछ जसले २९०१ घरधुरीहरुलाई फाइदा पुराउने छ । एकै घरपरिवारका विभिन्न ठाउँमा खेत जमिन हुने भएकोले सिंचाइ आयोजनाहरुमा घरधुरी संख्या दोहोरिन गएको छ । पाँचवर्ष भित्रमा कार्यान्वयन सम्पन्न गर्ने गरि तर्जुमा भएका परम्परागत कुलो सिंचाइ आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -४२: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका सिंचाइ कुलो योजनाहरुको विवरण

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवाविस्तार | | |
| | संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत(ने.रु.'०००) | संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत(ने.रु.'०००) |
| सिचाई कुलो र नहर | | | | | | |
| १ | २५ | ९३२ | १७५०० | २ | ८८ | १४०० |
| २ | ९ | २८० | ६३०० | १ | ५० | ७०० |
| ३ | ९ | २३४ | ६३०० | १ | ३० | ७०० |
| १ र ३ | ४ | ११४ | २८०० | | | ० |
| 2 र ३ | १ | ३५ | ७०० | | | ० |
| ४ | ८ | ३२६ | ५६०० | २ | ८१ | १४०० |
| ५ | ५ | २९५ | ३५०० | ० | | ० |
| ६ | १४ | ४९५ | ९८०० | १ | ४१ | ७०० |
| ७ | ५ | १५९ | ३५०० | ० | | ० |
| ८ | 2 | ३१ | १४०० | ७ | २९० | ४९०० |
| जम्मा | ८२ | २९०१ | ५७४०० | १४ | ५८० | ९८०० |

**लघु सिंचाइ योजना:**

गुराँस गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत गाउँपालिकामा रहेका जलस्रोतहरुको इस्टतम उपयोग गरि सबै वडाहरुमा लघुसिंचाइ आयोजनाहरु तर्जुमा गरेको छ । पालिका भरिमा जम्मा १६१ वटा लघुसिंचाइ आयोजनाहरु तर्जुमा भएको छ जसमध्ये सबै योजनाहरु मर्मत विस्तार आयोजनाहरु रहेका छन् । तर्जुमा भएका मर्मत विस्तार योजनाहरुबाट क्रमश ४२३० घरधुरी लाभान्वित हुनेछन ।

पाँचवर्ष  भित्रमा कार्यान्वयन सम्पन्न गर्ने गरि तर्जुमा भएका लघुसिंचाइ आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -४३: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका लघुसिंचाइ आयोजनाहरुको विवरण

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नयाँ | | | मर्मत सम्भार/पुननिर्माण/सेवाविस्तार | | | |
| | संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत(ने.रु.'०००) | संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र | अनुमानित लागत(ने.रु.'०००) |
| लघु सिंचाइ | | | | | | | |
| १ | | | | २ | २४ | २५० | ३०० |
| २ | | | | १८ | ४५० | ८५१ | २७०० |
| ३ | | | | २३ | ३४३ | ९६५ | ३४५० |
| १ र ३ | | | | १ | १८ | ५० | १५० |
| ४ | | | | २९ | ६६८ | २०५० | ४३५० |
| ५ | | | | १७ | ८७१ | ३७२४ | २५५० |
| ६ | | | | ४० | १२३१ | ७९१५ | ६००० |
| ७ | | | | २१ | ४२९ | २००५ | ३१५० |
| ८ | | | | १० | १९६ | ७८८ | १५०० |
| जम्मा | | | | १६१ | ४२३० | १८५९८ | २४१५० |

## ५.३.५ स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु

गुराँस गाउँपालिकामा जलस्रोत क्षेत्र संरक्षण गरी जलभण्डारको वृद्धि गर्नु पर्ने आबस्यकता जलउपयोग गुरु योजनाको तथ्याङ्कबाट देखिएकोले गाउँपालिकाका सबै वडाहरुमा मूल सुधार, वृक्षारोपण, पहिरो नियन्त्रण, नदि कटान नियन्त्रण, आदि योजनाहरु तर्जुमा भएका छन् ।

गुराँस गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत पालिका भरिमा जम्मा ६८५ वटा स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु तर्जुमा भएका छन् । उक्त आयोजनाहरुबाट नजिकका समुदायहरु प्रत्यक्ष्य लाभान्वित हुने भएकोले आयोजनाहरुका लाभान्वित घरधुरी संख्याको जोड पालिकामा रहेको वास्तविक घरधुरी भन्दा धैरै देखिएको छ ।

पाँचवर्ष भित्रमा कार्यान्वयन सम्पन्न गर्ने गरि तर्जुमा भएका स्रोत संरक्षण तथा वातावरण संरक्षण आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -४४: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका स्रोत संरक्षण तथा वातावरण संरक्षण आयोजनाहरुको विवरण

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | |
|---|---|---|---|---|
| | संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत(ने.रु.'०००) | कैफियत |
| खोल्सी नियन्त्रण | | | | |
| १ | १८ | ४६४ | ४५०० | |
| २ | २३ | ७१२ | ५७५० | |
| ३ | १३ | ५५७ | ३२५० | |
| १ र ३ | १ | ७४ | २५० | |
| ४ | ९ | २३० | २२५० | |
| ५ | १७ | ४४० | ४२५० | |
| ६ | १७ | १०९७ | ४२५० | |
| ७ | ७ | ३५९ | १७५० | |
| ८ | ३ | १९ | ७५० | |
| जम्मा | १०८ | ३९५२ | २७००० | |
| तटबन्धन | | | | |
| १ | १७ | ४२० | ४२५० | |
| २ | २ | ४२ | ५०० | |
| ३ | १७ | ५८८ | ४२५० | |
| १ र ३ | १ | ७४ | २५० | |
| ४ | २२ | ६४९ | ५५०० | |
| ५ | २१ | ५४० | ५२५० | |
| ६ | १८ | ९८१ | ४५०० | |
| ७ | ११ | ७२४ | २७५० | |
| ८ | १३ | १०५ | ३२५० | |
| जम्मा | १२२ | ४१२३ | ३०५०० | |
| पहिरो नियन्त्रण | | | | |
| १ | ५ | १३२ | ३५०० | |
| २ | ० | ० | ० | |
| ३ | ० | | ० | |
| ४ | | | ० | |
| ५ | ३ | १०६ | २१०० | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| जम्मा | ८ | २३८ | ५६०० | |
| बृक्षारोपण | | | | |
| १ | १८ | ३७३ | ९०० | |

| | | | | |
|---|---|---|---|---|
| २ | २२ | ६४२ | ११०० | |
| ३ | १४ | ६४१ | ७०० | |
| ४ | १९ | ६५७ | ९५० | |
| ५ | २३ | ५९८ | ११५० | |
| ६ | २२ | १२३४ | ११०० | |
| ७ | १४ | ८३० | ७०० | |
| ८ | ५ | ८२ | २५० | |
| जम्मा | १३७ | ५०५७ | ६८५० | |
| श्रोत संरक्षण/सुधार | | | | |
| १ | २० | ४५६ | ३००० | |
| २ | ३९ | ८४० | ५८५० | |
| ३ | २३ | ८०३ | ३४५० | |
| ४ | ३४ | ८६६ | ५१०० | |
| ५ | ४२ | ९४८ | ६३०० | |
| ६ | ४१ | १३५१ | ६१५० | |
| ७ | १६ | ७२० | २४०० | |
| ८ | २५ | २४५ | ३७५० | |
| जम्मा | २४० | ६२२९ | ३६००० | |
| सुख्खा पोखरी | | | | |
| १ | ११ | २६४ | ९९० | |
| २ | | | ० | |
| ३ | १५ | ६५२ | १३५० | |
| ४ | ५ | २४३ | ४५० | |
| ५ | १२ | २९४ | १०८० | |
| ६ | ८ | ३३४ | ७२० | |
| ७ | १७ | ३४० | १५३० | |
| ८ | 2 | ९० | १८० | |
| जम्मा | ७० | २२१७ | ६३०० | |
| कुल जम्मा | ६८५ | २१८१६ | ११२२५० | |

### ५.३.६ जलउर्जा योजनाहरु

गुराँस गाउँपालिकामा जलस्रोतको क्षमता थोरै भएको तथ्याङ्कबाट देखिएकोले महिलाहरुको लागि अति आबस्यक अन्न पिसानी सेवा गाउँबस्ति नजिक र सुरक्षित् स्थानमा पुराउनको लागि पालिकाका मुख्य बस्तिहरुमा २३ वटा सुधारिएको घट्ट आयोजना तर्जुमा गरिएको छ जसबाट करिब सबै वडाका बस्तिहरु लाभान्वित हुन सक्ने छन् । उक्त १६ वटा सुधारिएको पानीघट्ट योजनाहरु मर्मत/पुनर्निर्माण तथा विस्तार आयोजना रहेका छन् । यस पालिकामा राष्ट्रिय विद्युत लाइनबाट विद्युत वितरण हुने योजना रहेको भएपनि १ वटा लघुजलविद्युत आयोजना तर्जुमा गरिएको छ ।

पाँचवर्ष  भित्रमा कार्यान्वयन सम्पन्न गर्ने गरी तर्जुमा भएको जलउर्जा आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -४५: पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका जलउर्जा आयोजनाहरुको विवरण

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | |
|---|---|---|---|---|
| | मर्मत सम्भार/पुनर्निर्माण/सेवाविस्तार | | | कैफियत |
| | संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत(ने.रु.'०००) | |
| सुधारिएको पानी घट्ट | | | | |
| १ | ३ | १०३ | ६०० | |
| २ | ० | ० | ० | |
| ३ | ० | ० | ० | |
| ४ | ३ | १९५ | ६०० | |
| ५ | १ | ५२ | २०० | |
| ६ | ३ | २८० | ६०० | |
| ७ | ३ | १७१ | ६०० | |
| ८ | ३ | १११ | ६०० | |
| जम्मा | १६ | ९१२ | ३२०० | |
| लघु जलविद्युत | | | | |
| ६ | १ | २८० | ५०० | |
| जम्मा | १ | २८० | ५०० | |
| कुल जम्मा | १७ | ११९२ | ३७०० | |

# अध्याय ६: जिविकोपार्जन कार्यान्वयन योजना

## ६.१ गुराँस गाउँपालिकाको जीविकोपार्जन कार्यान्वयन आवधिक योजना

यस गाउँपालिकाले ८ वटै वडाहरुको जीविकोपार्जनको अवस्था विश्लेषण पछि गाउँपालिका पदाधिकारीहरु र सरोकारवाला निकायहरु बीच बृहत छलफल गरी सहभागितात्मक प्रक्रियाबाट यो जीविकोपार्जन कार्यान्वयन योजना तयार पारेको छ । स्थानीय जनताको चाहना, संभावना, स्थानीय श्रोत साधनको उपलब्धता, प्राविधिक र सामाजिक सहजता जस्ता तत्वहरु पनि योजना तर्जुमा गर्दा विचार गरिएको थियो । समुदायको आवश्यकता पहिचान गा.पा. स्तरिय योजनातर्जुमा गोष्ठी मार्फत गरिएको थियो । उक्त योजना निर्माण गर्दा मुख्यतया विद्यमानमा बस्तु तथा सेवाको अवस्था, उत्पादनको अवस्था, ब्यवसाय तथा उद्यमशिलताको अवस्था र बजारको अवस्थाको विश्लेषणको आधारमा जीविकोपार्जनका सम्भावित सम्बन्धित क्षेत्रहरुमा सम्बोधन गर्ने गरी तयार पारिएको छ । खासगरी पालिकाका समुदायको जीविकोपार्जन सुधार गर्नको लागि वस्तु तथा सेवा सम्बन्धि, उत्पादन सम्बन्धि, ब्यवसाय तथा उद्यमशिलता सम्बन्धि र बजार सम्बन्धि सह क्षेत्रहरुको समानुपातिक तथा बैज्ञानिक तवरले क्रियाकलापहरुको संयोजन गरी दीगोपनको लागि कार्यान्वयन गर्न विशेष ध्यानदिई योजनातयार गरिएको छ । यसका साथसाथै पालिकाका प्रत्येक घरधुरीमा पोषण बृद्धि तथा खाद्य सुरक्षालाई मध्येनजर गरी ५ वर्ष भित्र" जैविक/अर्गानिक खेतिप्रणाली नीति तर्जुमा गरी कार्यान्वयन गर्ने" भन्ने मूलमन्त्र लाई ध्यानमा राखी पालिकाका प्रत्येक घरधुरीमा ब्यवस्थित घरवारी लाई निरन्तरता दिइने छ । कृषिको क्षेत्रमा उत्पादन बृद्धि गर्नको लागि सम्भाब्यता का आधारमा सिंचाई योजना निर्माणमा बिशेष जोड दिइएको छ , जुन जलउपयोग गुरुयोजनाको सिंचाई शीर्षक अन्र्तगत यस पालिकाका लागि प्रस्ताव गरिएका सिंचाई योजनाहरु उल्लेख गरिएको छ । पालिकाले मुख्यतया हरेक क्षेत्रहरुको क्रियाकलापहरुलाई प्राथमिकतादिएको छ, जसमा वस्तु तथा सेवाको क्षेत्र, उत्पादनको क्षेत्र, ब्यवसाय तथा उद्यमशिलताको क्षेत्र र बजारको क्षेत्र रहेका छन् । हरेक क्षेत्रमा छुट्टाछुट्टै प्राथमिकता क्रम तोकिएको छ । प्राथमिकताको क्षेत्रगत विवरण तल उल्लेख गरिएको छ ।

### ६.१.१बस्तु तथा सेवा विकास र विस्तार क्षेत्रका क्रियाकलापहरु

समुदायको जीविकोपार्जन सुधारको लागि अति आवश्यक बस्तु तथा सेवासँग सम्बन्धित जीविकोपार्जनका क्षेत्रहरुमा पालिकास्तरमा संचालन हुने क्रियाकलापहरु समावेश भएका छन् । यस प्रकारका क्रियाकलापहरुले कृषकहरु तथा उद्यमी ब्यवसायिहरुका लागि आवश्क पर्ने उत्पादनका साधनहरु र प्राविधिक सेवाहरु प्रदान गरी जीविकोपार्जनमा टेवा पुर्याउन महत्वपूर्ण भूमिका खेल्दछन् । कृषक तथा उद्यमी ब्यवसायिहरुलाई आवश्यक परेको बस्तु तथा सेवा स्थानीय स्तरमै उपलब्ध हुने हुँदा आवश्यक परेको बेला उनीहरुले लिन सक्छन र त्यसबाट अधिकतम फाइदा लिन सक्छन् । गाउँपालिकाको आवश्यकता पहिचान, वस्तु तथा सेवा उपलब्धताको विश्लेषण र समुदायको आवश्यकता पहिचान गर्न सेवा मागको सम्भावना, स्थानीय स्रोत ब्यक्तिहरुको उपलब्धता, ब्यवसायिक उत्पादनको संम्भावना, सेवाप्रदायकहरुको उपस्थिति जस्ता छनौटका आधारहरु प्रस्तुतगरी सो को आधारमा विश्लेषण गरी क्रियाकलापहरु पहिचान गरी प्राथमिकता तय भएका छन् । उक्त पहिचान भएका कृयाकलापहरुको सुचितालिका नं. ४६ मा प्रस्तुत गरिएको छ ।

## ६.१.२ उत्पादन सम्बन्धि क्षेत्रका क्रियाकलापहरु

समुदायको जीविकोपार्जन सुधारको लागि अतिआवश्यकविभिन्न क्षेत्रको उत्पादनसँग सम्बन्धितजीविकोपार्जनका क्षेत्रहरुमापालिकास्तरमा संचालनहुने क्रियाकलापहरु समावेश भएका छन् । यस प्रकारका क्रियाकलापहरुले कृषकहरु तथा उद्यमी ब्यवसायिहरुकालागि ठाउँ सुहाउँदो र कच्चापदार्थमा आधारित सहक्षेत्रहरुको पहिचान गरी जीविकोपार्जनमा टेवा पुर्याउन महत्वपूर्ण भूमिका खेल्दछन् । कृषक तथा उद्यमी ब्यवसायिहरुलाई बजारको मागअनुसार उत्पादन गर्न सके कृषकहरुको आयस्तर वृद्धि तथा जीविकोपार्जन सुधार गर्न सकिने हुन्छ । यसरी जीविकोपार्जन सुधारका लागि कृषिमा आधारित खेतीहरु जस्तैः तरकारी, फलफूल, पशुपालन, कुखुरापालन, च्याउखेती, माहुरी पालन, मसलाखेती, नगदेबालीहरु, आदि जस्ता सह क्षेत्रहरु यस पालिकाको लागि उपयुक्त देखिन्छन् । पालिकाको आवश्यकता पहिचान तथा सम्भाब्यता, लाभान्वित हुने जनसंख्या, बजारको माग, सडकको पहुँच, विद्यमान प्रयासहरु वाली लगानी लगानीको सम्भावना जस्ता छनौटका आधारहरु प्रस्तुत गरी सो को आधारमा विश्लेषण गरी बिभिन्न क्रियाकलापहरु प्राथमिकीकरण गरिएका छन । यसरी पहिचान भई प्राथमीकिकरण गरिएका कृयाकलापहरुको बिस्तृत सुचि तालिका नं. ४६ मा उल्लेख गरिएको छ ।

तालिका -४६: पालिकाको समग्र जीविकोपार्जनको पञ्चवर्षिय योजनाको विवरण

| जीविकोपार्जनका क्षेत्रहरु | पालिकाको समग्र जिबिकोपर्जन्को पन्च बर्षीय योजनाबाट लाभान्वित घरधुरीहरु |
|---|---|
| घरबारी ब्यबस्थापन | २४५० |
| ब्यबसायिक तरकारी खेती | १७५० |
| ब्यबसायिक मसलन खेती | १०६५ |
| ब्यबसायिक फलफूल खेती | ६९५ |
| पकेट क्षेत्र खेती तर्फ | १६ |
| गैरकाष्ठ बन पैदावार तर्फ | ११०० |
| पशुपालन तर्फ | १९९० |
| तरकारी संकलन केन्द्र ब्यबस्थापन | १५ वटा |

स्रोत : जलउपयोग गुरुयोजना सर्भेक्षण, २०८०

यस पालिकामा समुदायको जीविकोपार्जनकालागि कृषिमाआधारित उत्पादनसँग सम्बन्धित जीविकोपार्जनका क्रियाकलापहरुमा १७५० घरधुरीमा ब्यवसायिक तरकारी खेती, ६९५ घरधुरीमा ब्यवसायिक फलफूल खेती, १०६५ घरधुरीमा ब्यवसायिक मसला खेती, ११०० घरधुरीहरुले गैरकाष्ट बन पैदावारहरुको ब्यवसायिक रुपमाउत्पादनगरी समुदायको जीविकोपार्जन प्रवद्र्धनका लागि पाँच वर्ष भित्र सम्पन्न गर्ने गरी लक्ष्यनिर्धारण गरिएको छ । साथै व्यवसायिक कृषि उत्पादनको वजारीकरणको लागि १५ वटा संकलन केन्द्रको स्थपना तथा ब्यबस्थापन गरी संचालन गर्ने लक्ष्य लिएको छ । उत्पादनका कृर्षीमा आधारित सहक्षेत्रहरुको वडागत विवरण तलको तालिका ३५ मा उल्लेख गरिएको छ सो लक्ष्य पूरा गर्नको लागि पालिकाको आफ्नो लगानीको साथै दातृ निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सहयोगको आशा गरिएको छ । यी क्रियाकलापहरुबाट सम्बन्धित सहक्षेत्रमा ब्यवसायिक रुपमालाग्ने घरधुरीहरुको दीगो जीविकोपार्जन सुधार हुनेछ भने सो क्षेत्रमा संलग्न ब्यक्तिहरुले स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारीको अवसर प्राप्त गर्नेछन् ।

### ६.१.३ब्यवसाय तथा उद्यमशिलता विकास सम्बन्धि क्रियाकलापहरु

समुदायको जीविकोपार्जन सुधार तथाआय बृद्धिको लागि ब्यवसाय तथा उद्यमशिलता विकास र प्रबर्धन महत्वपूर्ण क्षेत्रको रुपमा पहिचान भएको छ । पालिकामा हालसम्म निकै कम संख्यामा कृषिमा आधारित ब्यवसाय र उद्यमहरु संचालनमा रहेको पाइन्छ । उत्पादनका श्रोतहरुको उपलब्धता, कच्चापदार्थको सहज उपलब्धता, प्रविधिसँग सम्बन्धित ज्ञानको प्रयाप्तता, सिपको विकास, बजारको उपलब्धता जस्ता कुराहरुले ब्यवसाय तथा उद्यमलाई प्रभाव पारेको हुन्छ । यस पालिकाको हालको अवस्था विश्लेषण गर्दा स्थानीयहरुको जीविकोपार्जनमा सुधार ल्याउन सक्ने सम्भावनाको आधारमा पालिकास्तरमा संचालन हुने क्रियाकलापहरु समावेश भएका छन् । यस प्रकारका क्रियाकलापहरुले कृषकहरु तथा उद्यमी ब्यवसायिहरुका लागि ठाउँ सुहाउँदो र कच्चापदार्थमा आधारित सहक्षेत्रहरुको पहिचान गरी जीविकोपार्जनमा टेवा पुरयाउन महत्वपूर्ण भूमिका खेल्दछन् । कृषक तथा उद्यमी ब्यवसायिहरुलाई बजारको मागअनुसार उत्पादन गर्न सके कृषकहरुको आयस्तर वृद्धि तथा जीविकोपार्जन सुधार गर्न सकिने हुन्छ । यसरी जीविकोपार्जन सुधारका लागि कृषिमा आधारित ब्यवसायहरु र उद्यमहरु जस्तैः मसला ग्राइन्डिग प्याकेटिंग, आलु चिप्स बनाउने, दालमोठ बनाउने, कुभिण्डो मिठाई बनाउने, अमलाको जुस बनाउने, सस उद्योग, बाँस निगालोको सामाग्री निर्माण, अचार उद्योग, मौरीपालन तथा मह प्रशोधन, काष्ठ उद्योग, आदि जस्ता ब्यवसाय तथा लघु तथा साना उद्योगहरु यस पालिकाको लागि उपयुक्त देखिन्छन् । पालिकाको आवश्यकता पहिचान तथा सम्भाब्यता, कच्चापदार्थको उपलब्धता, बजारको माग, बजारको पहुँच, लगानीको सम्भावना, उपलब्ध प्रविधि जस्ता छनौटका आधारहरु प्रस्तुत गरी सोहीको बिश्लेषणको आधारमा विभिन्न क्रियाकलापहरु पहिचान गरी प्राथमिकीकरण गरिएका छन् ।

माथि उल्लेखित लक्ष्य पूरा गर्नको लागि पालिकाको आफ्नो लगानीको साथै दातृ निकाय, गैरसरकारी संस्था तथा नीजि क्षेत्रबाट सहयोगको आशा गरिएको छ । यी क्रियाकलापहरुबाट सम्बन्धित सहक्षेत्रमा ब्यवसायिक रुपमा लाग्ने घरधुरीहरुको दीगो जीविकोपार्जन सुधार हुनेछ भने सो क्षेत्रमा संलग्न ब्यक्तिहरुले स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीको अवसर प्राप्त गरी सेवा प्रदान गर्नेछन् ।

### ६.१.४ बजार विकास तथा प्रबर्धन सम्बन्धि क्षेत्रका क्रियाकलापहरु

समुदायको जीविकोपार्जन सुधार तथा उत्पादित बस्तुहरुको सहज बिक्रीको लागि बजारको महत्वपूर्ण भूमिका रहन्छ । उत्पादन भएका कृषिजन्य बस्तुहरुको बजार विकास तथा प्रवद्र्धनका यस पालिकामा संचालन हुने आवश्यक क्रियाकलापहरु समावेश भएका छन् । यस प्रकारका क्रियाकलापहरुले कृषकहरु तथा उद्यमी ब्यवसायिहरुले उत्पादन गरेका चीजबस्तुहरु सहजै रुपमा बिक्री वितरण गरी आय बृद्धिमा टेवा पुरयाउन महत्वपूर्ण भूमिका खेल्दछन् । कृषक तथा उद्यमी ब्यवसायिहरुले उप्पादन गरेका बस्तु तथा सेवाहरु स्थानीय स्तरमै बिक्री हुने हुँदा उत्पादकहरुलाई अप्ठ्यारो पर्ने र उत्पादन त्यसै खेर फाल्नु पर्ने अवस्था रहदैन र त्यसबाट अधिकतम फाइदा लिन सक्छन् । पालिकाको हालको अवस्था, उत्पादनको मात्रा, उत्पादनको सम्भावना, उत्पादनको इतिहास, हालको बजारको अवस्थिति, सबल सहकारीको अवस्थिति जस्ता छनौटका आधारहरु प्रस्तुत गरी सो को आधारमा विश्लेषण गरी क्रियाकलापहरु पहिचान गरी प्राथमिकता तय भएका छन् । पालिकाकाको कुषि उपजहरुको बजारिकरणका लागि पहिचान गरिएका प्रास्तवित संरचानाहरुको पञ्चवर्षिय विवरण तलको तालिका नं. मा प्रस्तुत गरिएको छ ।

यस पालिकामाउत्पादित बस्तुहरुको ब्यवस्थितबजार विकास तथा प्रवद्र्धनकालागि छनौट भएका क्रियाकलापहरुमा १ वटा कृर्षि सहकारी स्थापना, ७ वटा सेलार घर, ५ वटा संकलन केन्द्र निर्माण, ७ वटा स्थानमा हाट बजार संचालन, ५ वटा चिलिङ्ग सेन्टर गरी जम्मा २५ संरचनाहरुको विकास तथाविस्तार

गरी समुदायले उत्पादन गरेका बस्तुहरुको सहजबिक्रीवितरणको अवस्था सृजना गर्नका लागि पाँच वर्ष भित्र सम्पन्न गर्ने गरी लक्ष्य निर्धारण गरिएको छ । साथै उत्पादक तथा ब्यवसायीहरुको ढुवानी सहजताको आधारमा संरचनाहरुको वडागत वा स्थान विशेषको आधारमा योजनाको विवरण तलको तालिका नं. ३८ मा उल्लेख गरिएको छ ।

मथि उल्लेखित लक्ष्य पूरा गर्नको लागि पालिकाको आफ्नो लगानीको साथै दातृ निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सहयोगको आशा गरिएको छ । यी क्रियाकलापहरुबाट पालिकाका सबै घरधुरीहरुले सेवा पाउने छन् भने सो क्षेत्रमा संलग्न ब्यक्तिहरुले स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारी प्राप्त गर्नेछन् ।

## ६.१.५ घरवारी ब्यवस्थापन तथा सिंचाई योजना

यस जीविकोपार्जन कार्यान्वयन योजना अन्तरगत गाउँपालिकाका प्रत्येक घरधुरीहरुमा यसका प्रत्येक घरधुरीमा पोषण बृद्धि तथा खाद्य सुरक्षालाई मध्यनजर गरी ५ वर्ष भित्र "प्रत्येक घरधुरी ब्यवस्थित घरवारी" भन्ने मूलमन्त्रलाई ध्यानमा राखी पालिकाका प्रत्येक घरधुरीमा ब्यवस्थित घरवारीलाई निरन्तरता दिइने लक्ष्य कायम गरिएको छ ।

यस पालिकामा जीविकोपार्जन र लघुउद्यमको प्रशस्त संभावनाहरुको साथै पोषण बृद्धिका लागि घरवारी ब्यवस्थापन पनि गर्नु पर्ने देखिन्छ । विभिन्न संघसंस्थाको सहयोगमा जीविकोपार्जनका क्रियाकलापहरु संचालन हुँदै आएको देखिए पनि ब्यवस्थित घरवारीको निरन्तरताको अभाव देखिन्छ । घरवारी व्यवस्थापन अन्तर्गत तरकारी खेती र फलफूल खेती प्रमुख रुपले कार्यान्वयन गर्न सकिन्छ । हाल गरिरहेको प्रयास र समुदायको चाहना अनुसार खासगरी मौसमी तथा बेमौसमी तरकारी खेती, फलफूल खेती, मसलाखेती, पशुवस्तुको लागि डालेघाँस जस्ता बालीनालीहरु लगाउँदै आइरहेको पाइन्छ । वडामा अवस्थित घरधुरीको आधारमा यस पालिकाका सबै घरधुरीमा घरवारी स्थापना गर्न सो क्रियाकलापहरुको प्रस्ताव वडागतरुपमा तयार भएको छ । कृषिको क्षेत्रमा उत्पादन बृद्धि गर्नको लागि सम्भाब्यताका आधारमा सिंचाई योजना निर्माणमा बिशेष जोड दिइएको छ । जुन जलउपयोग गुरुयोजनाको सिंचाई शिर्षक अन्तरगत यस पालिकाका लागि प्रस्ताव गरिएका सिंचाई योजनाहरु उल्लेख गरिएको छ । जस अन्तरगत बहुउपयोगी योजनाहरु, सिंचाई कुलो र आधुनिक सिंचाई प्रविधिहरु रहेका छन ।

## ६.१.६ ब्यावसायिक खेती तथा उत्पादनाका लागि प्राथमिकीकरण गरिएका मुख्य बालिहरु

यस गाउँपालिकाको वडास्तरिय सम्भाब्यता अध्ययन तथा योजना तर्जुमाको समयमा हरेक वडामा व्यवसायिक रुपमा गर्न सकिने तरकारी खेती, पशुपालन, मसला खेती, गैरकाष्ट बन पैदावारहरु, फलफूल खेती लगायत पकेट क्षेत्रका लागि ब्यापक छलफल गरी सहक्षेत्र बिष्लेषण गरिएको थियो । यस क्रममा सम्बन्धित समुदायका कृषकहरुको गत विगतको उत्पादन सिकाई तथा फाईदा र भबिष्यको सम्भावनाहरुलाई बिष्लेषण गरी हरेक क्षेत्रका मुख्य ३ देखी ५ वटा बालि तथा कृयाकलापहरुलाई प्राथमिकतामा राखेको छ र जसको माध्यमबाट अगामी दिनहरुमा उक्त कृयाकलापहरुको कार्यान्वयनमा सहजता आउनेछ । यसरी प्राथमिकरण गरिएका बाली तथा कृयाकलापहरुको वडागत विवरण तलको तालिका नं. ४७ मा उल्लेख गरिएको छ ।

तालिका -४७: प्राथमिकरण गरिएका बाली तथा कृयाकलापहरुको वडागत विवरण

| वडा अनुसार प्राथमिकीकरण गरिएका मुख्य वालिहरूको विवरण |
| --- |

| वडा नं | तरकारी बाली | व्यावसायिक मसला खेती | व्यावसायिक फलफुल खेती | पकेट क्षेत्र | व्यावसायिक गैरकाष्ठ बन पैदावार | व्यावसायिक पशुपालन | अन्य |
|---|---|---|---|---|---|---|---|
| 1 | आलु, सिमि, बन्दा, काउली, टमाटर, फर्सी | बेसार, अदुवा, टिमुर, प्याज, लसुन, अलैची | सुन्तला, आँप, केरा | सुन्तला, काउली, बन्दा, प्याज, सिमी, अलैची | टिमुर, लोक्ता, अल्लो, निगालो, | बाख्रा, भैसी | माहुरीपालन, कुखुरापालन, सिमी |
| 2 | आलु, सिमि, बन्दा, काउली, टमाटर, फर्सी | बेसार, अदुवा, टिमुर, प्याज, लसुन, अलैची | आँप, केरा, लिची, आरुबखडा | टमाटर, भटमास, आलु | बाँस, निगालो | बाख्रा, भैसी | मास, भटमास, सिमी |
| 3 | आलु, सिमि, बन्दा, काउली, टमाटर, फर्सी | बेसार, अदुवा, टिमुर, प्याज, लसुन, अलैची | केरा आँप, सुन्तला | सुन्तला, सिमी, बन्दा | टिमुर, लोक्ता, अल्लो, निगालो | बाख्रा, भैसी | माहुरीपालन, कुखुरापालन, सिमी |
| 4 | आलु, सिमि, बन्दा, काउली, टमाटर, फर्सी | बेसार, अदुवा, टिमुर, प्याज, लसुन, अलैची | केरा आँप, सुन्तला, आरुबखडा | टमाटर, आलु | टिमुर, लोक्ता, अल्लो, निगालो, लालीगुराँसको जुस | बाख्रा, भैसी | माहुरीपालन, कुखुरापालन, सिमी |
| 5 | आलु, सिमि, बन्दा, काउली, टमाटर, फर्सी | बेसार, अदुवा, टिमुर, प्याज, लसुन, अलैची | आँप, केरा, आरुबखडा | टमाटर, आलु, काउली, बन्दा | टिमुर, लोक्ता, अल्लो, निगालो, लालीगुराँसको जुस | बाख्रा, भैसी | माहुरीपालन, कुखुरापालन, सिमी |
| 6 | आलु, सिमि, बन्दा, काउली, टमाटर, फर्सी | बेसार, अदुवा, टिमुर, प्याज, लसुन, अलैची | आँप, सुन्तला, आरुबखडा | टमाटर, आलु, काउली, बन्दा | टिमुर, लोक्ता, अल्लो, निगालो, लालीगुराँसको जुस | बाख्रा, भैसी | माहुरीपालन, कुखुरापालन, सिमी |
| 7 | आलु, सिमि, बन्दा, काउली, टमाटर, फर्सी | बेसार, अदुवा, टिमुर, प्याज, लसुन, अलैची | आँप, सुन्तला | टमाटर, आलु, काउली, बन्दा | टिमुर, लोक्ता, अल्लो, निगालो, लालीगुराँसको जुस | बाख्रा, भैसी | माहुरीपालन, कुखुरापालन, सिमी |
| ८ | आलु, सिमि, बन्दा, काउली, टमाटर, फर्सी | बेसार, अदुवा, टिमुर, प्याज, लसुन, अलैची | आँप, केरा, आरुबखडा | टमाटर, आलु, काउली, बन्दा | टिमुर, लोक्ता, अल्लो, निगालो | बाख्रा, भैसी | माहुरीपालन, कुखुरापालन, सिमी |

### ६.१.७ जीविकोपार्जन कार्यान्वयन योजना रणनीति

जलउपयोग गुरुयोजनाको कार्यान्वयन संगै स्थानीय स्तरमा जीविकोपार्जनका अवसरहरु समेत हासिल गर्न सकिन्छ । पानी क्षेत्रका योजनाहरुको कार्यान्वयन संगै गरिने जीविकोपार्जन क्रियाकलापहरुले स्थानीय स्तरमा स्वरोजगार श्रृजना गरी स्थानीयको अर्थोपार्जनमा समेत टेवापुग्ने हुदा जलउपयोग गुरुयोजनासंगै जीविकोपार्जन कार्यान्वयन योजनाको समेत सफल कार्यान्वयन गर्ने जिम्मेवारी पालिकाहरुको रहन जान्छ । जीविकोपार्जन योजना कार्यान्वयनका लागि तपसिल अनुसारका नीतिहरु कार्यान्वयन गरिने छ ।

- आर्गनिक खेति प्रणाली नीति तर्जुमा गरी  कार्यान्वयन गर्ने ।
- व्यावसायिक कृषि नीति निर्माण तथा कार्यान्वयन गर्ने ।
- बजार व्यवस्थापन नीति निर्माण गर्ने ।
- उत्पादन तथा खरिद –आयत तथा निर्यात सम्वन्धित नीति तयार गरी कार्यान्वयन गर्ने ।

- प्रेत्यक वडामा बिउ भण्डारण नीति निर्माण गरी ८ वडामा बिउ भण्डारण (संकलन) केन्द्र स्थापना गर्ने ।
- व्यवसायिक अलैंची खेतिलाई प्राथमिकता दिईने छ र व्यवस्थित रुपमा भण्डारण व्यवस्था सहित प्रसोधनका लागि आधुनिक मेसिन र औजारको प्रयोगलाई प्राथकिता दिईने छ ।
- जीविकोपार्जन कार्यान्वयन योजनाको कार्यान्वयन गर्दा अनिवार्य रुपमा "एक घर एक ब्यवस्थित घरवारी" सुनिश्चिता कायम हुनेगरी योजना तर्जुमा गरिनेछ ।
- प्रत्येक घरधुरीको आयआर्जन बृद्धि गर्न पालिका को योजना तर्जुमा को पहिलो खुड्किलो बाटनैं स्थानीय क्षेत्रको सम्भाब्यतालाई मध्यनजर गरी छनौट भएको सह क्षेत्रलाई नैं प्राथमिकता दिन सबै सरोकारवालाहरुको संयुक्त योजना तर्जुमा बैठक गरी बजेट तथा कार्यक्रमहरु गरिनेछ । साथै कृषि उत्पादन पकेटको रुपमा ब्यवसायिक खेती प्रणाली लाई प्रवद्र्धधन गरिनेछ ।
- जीविकोपार्जन क्षेत्रमा काम गर्ने सबै कार्यालय तथा निकायहरुले अनिवार्य रुपमा यो जीविकोपार्जन कार्यान्वयन योजनाले निर्दिष्ट गरेका क्षेत्रहरुको दोहोरोपन नहुने गरी कार्यक्रम प्रत्येक आ.व. को योजना तर्जुमा गोष्ठी भन्दा अगावै संयुक्त रुपमा छनौट गर्ने र सोहि अनुसार कार्यान्वयन गर्ने तिर विशेष जोड दिइनेछ ताकि स्रोतबाट टाढा रहेका समुदायहरुले लाभ उठाउन सकुन ।
- यो जीविकोपार्जन कार्यान्वयन योजना कार्यान्वयन गर्दा कृषिमा आधारित सरोकारवालाहरु मुल्य श्रृखलाका सबै एजेन्डहरुको क्षमता विकासका क्रियाकलापहरुमा केन्द्रित गर्ने र बजारको श्रृखला मजबुद बनाउने तर्फ विशेष जोड दिइनेछ ।
- पालिकामा विद्यमान कृषि सहकारीहको अवस्थालाई मापन गरी उत्कृष्ट क्षमतावान वा आफ्ना शेयर सदस्यहरु प्रतिउत्तरदायि सहकारी संस्थाको क्षमता अभिबृद्धि गरी सक्षम सबल सहकारी विकास तथा परिचालनको नीति लिई बजारीकरणको क्षेत्रमा समेत क्षमता हेरी सहकारी मार्फत कारोवारको संजाल निर्माण गरिनेछ ।
- यसरी सहकारीको मूल्याँकन तथा अनुगमन पालिकाले आवधिक रुपमा गर्नेछ र आवश्यकताको आधारमा क्षमता विकासका क्रियाकलापहरु संचालन गर्नेछ । सहकारीलाई पालिकाको अर्थतन्त्रको एक खम्बाको रुपमा लिई जनतालाई लघु वित्तको सुलभ उपलब्धताको रुपमा परिचालन गर्न प्रोत्साहन गरिनेछ । पालिकामा समूहहरुमा हालसम्म छरिएर रहेको, सही रुपमा सदुपयोग हुन नसकेको पूँजिलाई एकिकृत गरी सहकारी मार्फत परिचालन गर्ने तर्फ विशेष ध्यानदिइनेछ ।
- जीविकोपार्जन प्रवर्द्धनका लागि पालिकाले यस जीविकोपार्जन कार्यान्वयन योजनालाई आवधिक रुपमा समिक्षा गर्नेछ र आवश्यकता र समय सापेक्ष यसको परिमार्जन गर्नेछ ।
- कृषिको उत्पादकत्व बृद्धि गर्न सिंचाई योजनाहरुलाई प्राथमिकता दिई निर्माण गरिनेछ ।
- पालिकामा श्रोतको उपलब्धताको आधारमा विभिन्न लघु तथा सानाउद्योग स्थापनामा जोड दिइनेछ र लघु उद्यम कार्यक्रमलाई दिगो बनाउन सहकारीसँग कार्यगत एकता तथा लगानीको लागि सम्बन्ध जोड्ने कार्यलाई मुर्त रुप दिइनेछ ।
- जीविकोपार्जनका मूख्यपात्रहरु जस्तैः सेवा तथा सामग्री प्रदायक हरु, उत्पादक समुह, उद्यमी, बजारका एजेन्डहरु, सहकारी, सहयोगी निकायहरु, पालिकाको बीचमा तिनिहरुको अवस्था समिक्षा तथा आगामी रणनिति तथा कार्य नीतिको बारेमा बृहत छलफल गरी आइपरेका समस्या समाधानका उपायहरुको खोजी गरी सुचारु गर्ने (श्रृखला बिग्रिन नदिन) उद्देश्यले समय समयमा समिक्षा बैठकहरु संचालन गरिनेछ ।

# अध्याय ७: गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधी

## ७.१ गुरुयोजनामा लगानीका लागि अल्प/ मध्यम/ दीर्घकालीन योजना

गुराँस गाउँपालिकाले देहाय अनुसारको अल्पकालीन, मध्यकालीन र दिर्घकालिन लक्ष्यहरु निर्धारण गरी योजना तर्जुमा गरेको छ ।

### पालिकाको अल्पकालीन लक्ष्य (आ.व. २०८१/८२ सम्ममा):

खानेपानी सेवा: ६०% आयोजनाहरुको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुराउने ।

- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ४०%
- सुरक्षित् खानेपानी व्यवस्था भएको सेवास्तर उपभोग गर्ने जनसंख्या २०%

सरसफाइ सेवा: सबै घरधुरी तथा मौसम अनुसार अस्थाई बसाइ गर्ने गरेको सबै घरहरुमा समेत सुरक्षित् चर्पीको प्रयोग गरेको हुनेछ ।

- सधैं चर्पीको प्रयोग गर्ने जनसंख्या ९८%
- व्यवस्थित चर्पी प्रयोग गर्ने अर्थात् साबुन पानीले हात धुने व्यवस्था भएको चर्पी प्रयोग गर्ने जनसंख्या ८०%
- अपांगता भएका व्यक्ति भएका घरहरुमा खानेपानी र शौचालयको पहुँच अपांगता मैत्री भएको घरसंख्या ८०%
- पूर्ण सरसफाइ अभियान सबै वडाहरुमा सञ्चालन भएको

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा: पालिकाको १५% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवा: सबै वडाहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण: उपयोगमा रहेका ४०% जलस्रोत क्षेत्रहरु संरक्षण भएको हुनेछ ।

### पालिकाको मध्यकालिन लक्ष्यहरु (आ.व. २०८४/८५ सम्ममा):

खानेपानी सेवा: सबै आयोजनाहरुको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुराउने ।

- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ५०%
- सुरक्षित् व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या ५०%

सरसफाइ सेवा: पालिका "पूर्ण सरसफाइ उन्मुख क्षेत्र" घोषणा भएको हुनेछ ।

- सबै वडाहरु पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा: पालिकाको ३०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवा: सबै वडाका ठुला बस्तीहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण: उपयोगमा रहेका १००% जलस्रोत क्षेत्रहरु संरक्षण भएको हुनेछ।

## पालिकाको दिर्घकालिन लक्ष्यहरु (आ.व. २०८७/८८ सम्ममा):

खानेपानी सेवा: सबै आयोजनाहरुको खानेपानी सेवास्तर सुरक्षित् व्यवस्था भएको स्तरमा पुराउने।

- सुरक्षित् व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या १००%

सरसफाइ सेवा: पालिका "पूर्ण सरसफाइ क्षेत्र" घोषणा भएको हुनेछ ।

- सबै वडाहरु पूर्ण सरसफाइ क्षेत्र घोषणा भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा: पालिकाको ५०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवा: पालिकाका सबै मुख्य बस्तीहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण: पालिकाका सबै जलस्रोत क्षेत्रहरु व्यवस्थित संरक्षण भएको हुनेछ।

## ७.२ पहिलो वर्षको कार्यान्वयन योजना

गुराँस गाउँ पालिकाको जलउपयोग गुरुयोजनाको पञ्चवर्षीय योजनामा उच्च प्राथमिकतामा रहेका आयोजनाहरु यस पहिलो आर्थिक वर्ष २०८०/८१ को लागी छनौट गरिएको छ ।

तालिका -४८: पहिलो वर्षको लागि तर्जुमा गरिएका खानेपानी योजनाहरु

| सि. नं. | योजनाको नाम | वडा नं. | योजनाको किसिम | योजनाको प्रकार | समेटिने बस्ती/ टोलहरू | लाभान्वित घरधुरी | अनुमानित लागत (ने.रु. '०००) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ढकढके लहरे काफल | ६ | नयाँ | ग्राभिटी | सानावल, गौरी टोल, भगवती टोल | १३० | १५०० | गाउँपालिका | |
| २ | सिल्पूगैरा खानेपानी | ६ | नयाँ | ग्राभिटी | बगौरा बजार, बाहुन टोल, गांडापानी ढुंगेमेला, खड्का टोल | ११० | १५०० | गाउँपालिका | |
| ३ | माथिल्लो गर्चा खानेपानी | ८ | नयाँ | ग्राभिटी | माथिल्लो गर्चा र पाल्ते | ५६ | १५०० | गाउँपालिका | |
| ४ | गैरी गाँउ खानेपानी योजना | ८ | नयाँ | ग्राभिटी | गैरी गाँउ माइस्थान | ५५ | १५०० | गाउँपालिका | |
| ५ | जुम्लीखोर लिफ्ट खापा | ८ | क्रमागत | लिफ्ट | ध्युपोखरी कालिपोखरी मालट्याचौर माथिल्लो गार्जा पुरानपानी | १२२ | १५०० | गाउँपालिका | |
| ६ | बेड्गाउँ थामा खानेपानी | १ | क्रमागत | ग्राभिटी | | | १५०० | गाउँपालिका | |
| ७ | मर्खे खानेपानी | ७ | क्रमागत | ग्राभिटी | | | १५०० | गाउँपालिका | |
| ८ | धरमपोखरा खानेपानी योजना | ८ | नयाँ | ग्राभिटी | धरमपोखरा | ८३ | १५०० | गाउँपालिका | |
| ९ | पिलाडी खानेपानी | ६ | क्रमागत | ग्राभिटी | | | १५०० | गाउँपालिका | |
| १० | डुंडा पोखरा खानेपानी | २ | क्रमागत | ग्राभिटी | | | १५०० | गाउँपालिका | |
| ११ | लात्ते लालिकांडा खानेपानी | ७ | क्रमागत | ग्राभिटी | | | १५०० | गाउँपालिका | |
| १२ | ओख्रेनी उगाडा खानेपानी | ७ | नयाँ | ग्राभिटी | | | १५०० | गाउँपालिका | |
| १३ | तिनखोली ताराखसे पातिकाँल्ला हुँदै छर्चि सेरीवाडा खानेपानी | ३ | नयाँ | लिफ्ट | छर्चि सेरीवाडा | १०० | १५०० | गाउँपालिका | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | दुवाड़ी ठुल्धारा | २ | नयाँ | लिफ्ट | सेरी वाडा सुरा सैन देउती स्थान | ७८ | १५०० | गाउँपालिका | |
| १५ | भाडे गैरा खा पा | ४ | मर्मत | लिफ्ट | गुरासे जिम्दारे टोल | ८० | १५०० | गाउँपालिका | |
| १६ | सल्लेरी काफलतोली खानेपानी योजना | १ | पुनः निर्माण | ग्राभिटी | काफलतोली | ५५ | १५०० | गाउँपालिका | |
| १७ | दमाईपहरा खानेपानि योजना | ७ | पुनः निर्माण | ग्राभिटी | स्कुलटोल माझ टोल, भैल्ला टोल, तङगुल टोल, धाराखोला टोल, रोकाडाँडा घटुटोल | ३९ | १५०० | गाउँपालिका | |
| १८ | चिलाउने रुख सियाला भैरी खा पा | ५ | नयाँ | ग्राभिटी | बुढाथाकी गिरि र अलैति गैरा | ७६ | १५०० | गाउँपालिका | |
| १९ | रयाजे खोला /साल टाकुरा | २ | मर्मत | ग्राभिटी | लम्चुडी | ९३ | १५०० | गाउँपालिका | |
| २० | झ्याझे भिउचुला खानेपानी | ६ र ८ | पुनः निर्माण | लिफ्ट | भिउचुला | ४०० | १५०० | गाउँपालिका | |
| २१ | तुसारे खोला खानेपानी योजना | ७ | नयाँ | लिफ्ट | दुधिला बाहुनगाँउ चादनी जिम्र | १०५ | १५०० | गाउँपालिका | |
| २२ | वर्देखोला खानेपानी | ३ | नयाँ | ग्राभिटी | सेरीवाडा | ३५ | १५०० | गाउँपालिका | |
| २३ | नैतले उत्तीसेनी रोल्पाली खोला थापा काफल खा पा | ५ | पुनः निर्माण | ग्राभिटी | नैतले आशे रामजाली थापा टोल | ५१ | १५०० | गाउँपालिका | |
| २४ | ठाँटी काफलमेला | ८ | नयाँ | ग्राभिटी | ठाँटीकाफलमेला | ५२ | १५०० | गाउँपालिका | |
| २५ | पांग्रेगैरा दोबाटो खा पा योजना | ४ | नयाँ | लिफ्ट | दोबाटो बंगाले दमार | ४२ | १५०० | गाउँपालिका | |
| २६ | खड्कबाडा पानीखोला खानेपानी योजना | १ | नयाँ | ग्राभिटी | खड्कबाडा | ११२ | १५०० | गाउँपालिका | |
| २७ | नया खर्क खानेपानी | ६ | नयाँ | लिफ्ट | नयाखर्क, डल्लेखाली, जम्बुगैरा, निगालपानी, दगुन्रे चौर, भिउचुला | ६० | १५०० | गाउँपालिका | |
| २८ | रेग पाताल खानेपानी | ६ | मर्मत | ग्राभिटी | बाहुन टोल | ३४ | १५०० | गाउँपालिका | |

तालिका -४९: पहिलो वर्षको लागि तर्जुमा गरिएको कुलो सिंचाइ योजनाहरु

| क्र.सं. | योजनाको नाम | वडा नं. | योजनाको प्रकार | योजनाको प्रकृती | लाभान्वित घरधुरी | क्षेत्रफल (रोपनी) | श्रोत नजिकको बस्ती | अनुमानित लागत (ने.रु. '०००) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सलतडा सिंचाई कुलो | ४ | सिंचाई कुलो | क्रमागत | ४० | ७३० | साल्दा | ७०० | गाउँपालिका | |
| २ | माथिल्लो सेट्टी सिचाई कुलो | १ | सिंचाई कुलो | क्रमागत | ३५ | ६५० | | ७०० | गाउँपालिका | |
| ३ | पिरेखोला लाम्तडा सिचाई कुलो | ६ | सिंचाई कुलो | क्रमागत | ४१ | ४८० | | ७०० | गाउँपालिका | |
| ४ | पातालखोला तल्लो सेट्टी सिचाई | १ | सिंचाई कुलो | क्रमागत | ५३ | ५५१ | | ७०० | गाउँपालिका | |
| ५ | पेटारी सिंचाइ कुलो मर्मत | ३ | सिंचाई कुलो | क्रमागत | ३० | १०० | पेटारी | ७०० | गाउँपालिका | |
| ६ | खड्काबाडा फेरखेत सिचाई | २ | सिंचाई कुलो | क्रमागत | ५० | ३५० | | ७०० | गाउँपालिका | |
| ७ | सेरीखेत सिचाई योजना | ४ | सिंचाई कुलो | क्रमागत | ४१ | ४१० | | ७०० | गाउँपालिका | |
| ९ | माथिल्लो दुर्गे | ३ | नहर | नया | ३० | ७० | पुनाकोट | ७०० | गाउँपालिका | |
| १० | ध्यापापुलिया देखि रावल खेत | ६ | सिंचाई कुलो | नया | २५ | ६०० | बाङ्गा | ७०० | गाउँपालिका | |
| ११ | मैनिखोला तल्लो सेट्टि सिचाई | १ | सिंचाई कुलो | नया | १०२ | ९०० | काफलतोली | ७०० | गाउँपालिका | |
| १२ | मैनखोला काफलतोली तल्लो सेट्टी | १ | सिंचाई कुलो | नया | ३१ | ४२५ | सिमेसाल | ७०० | गाउँपालिका | |
| १३ | तल्लो विउरेनी सेरा सिचाइ कुलो | ५ | सिंचाई कुलो | नया | ५० | १९० | सेरा | ७०० | गाउँपालिका | |
| १४ | गेरुपानी सिचाइ | ३ | पाईप लिफ्टिङ्ग | नया | ३० | ८० | साउनेपानी | ७०० | गाउँपालिका | |
| १५ | मैनखोला माथिल्ले सिमेसाल | १ | सिंचाई कुलो | नया | २९ | ६० | सिमेसाल | ७०० | गाउँपालिका | |
| १६ | लडेलता देखि धनागाडा | ७ | सिंचाई कुलो | नया | २५ | १५० | अधिकारी | ७०० | गाउँपालिका | |

तालिका -५०: पहिलो वर्षको लागि तर्जुमा गरिएका लघुसिंचाइ योजनाहरु

| क्र.सं. | योजनाको नाम | वडा नं. | योजनाको प्रकार | योजनाको प्रकृती | लाभान्वित घरधुरी | क्षेत्रफल (रोपनी) | श्रोत नजिकको बस्ती | अनुमानित लागत (ने.रु. '०००) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ठुलो खोला लालीकाँडा सिचाई | ७ | पाईप पोखरी | नया | ५८ | ५५ | लालीकाँडा | ७५० | गाउँपालिका | |
| २ | रझेना विउरी | २ | पाईप पोखरी | नया | ८२ | १८० | रजेना | ६५० | गाउँपालिका | |
| ३ | भ्याजेखोला सिचाई योजना | ८ | पाईप सिचाई | नया | ५० | १०५ | तल्लो गर्चा | ११८० | गाउँपालिका | |
| ४ | गेरुपानी सिचाइ | ३ | पाईप लिफ्टिङ्ग | नया | ३० | ८० | साउनेपानी | ९८० | गाउँपालिका | |
| ५ | दौरे घारी कुम खोला सिंचाई पोखरी | ४ | सिंचाई पोखरी | मर्मत | १७ | ८० | दौरेबारी | ४५० | गाउँपालिका | |
| ६ | कोप्चा सिचाई | ६ | पाईप | नया | २५ | २०५ | रेग | ४८० | गाउँपालिका | |
| ७ | कुतिखोला डलढुङ्गा सिंचाइ | ३ | पाईप | नया | ३० | ७० | पुनकोट | ३९० | गाउँपालिका | |
| ८ | मेहली निगालपानी काफलमेला सिचाइ | ५ | पाईप | नया | ५५ | ६५० | काफलमेला | ४५० | गाउँपालिका | |
| ९ | सिमटाङ्गकोट सिचाई योजना | ८ | पाईप पोखरी | नया | 29 | ९५ | सिम | ७५० | गाउँपालिका | |
| १० | जिम्र सिचाँई | ७ | पाईप पोखरी | नया | 35 | ७५ | जिम्र | ७५० | गाउँपालिका | |

तालिका -५१: पहिलो वर्षको लागि तर्जुमा गरिएका वातावरण तथा स्रोत संरक्षण योजनाहरु

| क्र.सं. | योजनाको नाम | वडा नं. | योजनाको प्रकार | योजनाको प्रकृती | लाभान्वित घरधुरी | श्रोत नजिकको बस्ती | अनुमानित लागत (ने.रु. '०००) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लामाकोइराला | २ | श्रोत संरक्षण, खोल्सी नियन्त्रण | नयाँ | ७० | लम्चुडी | ९५० | गाउँपालिका | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | सुख्खा पोखरी निर्माण | ८ | सुख्खा पोखरी | नयाँ | ४० | ध्युपोखरी माटेपोखरी साक्लाखोरीया जुम्लीखोर होलासो मारेको चौर कालीपोखरी माटेपोखरी वल्लो पुरानपानी छोटेपोखरा धरमपोखरा | ५६० | गाउँपालिका | |
| ३ | चोत्रेनी | ६ | श्रोत संरक्षण, वृक्षारोपण, तटबन्धन | नयाँ | ६७ | राना टोल | ११५० | गाउँपालिका | |
| ४ | लाटे देखि रति खोला | ४ | श्रोत संरक्षण, वृक्षारोपण, तटबन्धन | नयाँ | ३० | लाटे | ९८० | गाउँपालिका | |
| ५ | जार्फ डाँडा सुख्खा पोखरी | ३ | सुख्खा पोखरी | नयाँ | ३३ | नमस्ते टावर नजिक | ४५० | गाउँपालिका | |
| ६ | च्यानडाँडा सुख्खा पोखरी | ३ | सुख्खा पोखरी | नयाँ | १०० | च्यानडाँडा | ४५० | गाउँपालिका | |
| ७ | जार्फपातिकाल्ला सुख्खा पोखरी निर्माण | ३ | सुख्खा पोखरी | नयाँ | ५३ | चाल्स पातिकाल्ला | ४५० | गाउँपालिका | |
| ८ | नालाखोला तिखाखोला | ७ | वृक्षारोपण, तटबन्धन | नयाँ | ५८ | लालीकाँडा | ८५० | गाउँपालिका | |
| ९ | डाडापोखरा सुख्खा पोखरी नि | ५ | सुख्खा पोखरी | नयाँ | ३५ | डाडापोखरा | ४६० | गाउँपालिका | |
| १० | नाउली कुवा | १ | श्रोत संरक्षण | नयाँ | ८३ | भञ्ज्याग | ३५० | गाउँपालिका | |
| ११ | बन्डाली थान सुख्खा पोखरी | ३ | सुख्खा पोखरी | नयाँ | ३० | छर्चि | ४५० | गाउँपालिका | |
| १२ | सुख्खा पोखरी | ६ | सुख्खा पोखरी | नयाँ | १५ | भिउचुला, मेलपोखरा, रेग, | ४५० | गाउँपालिका | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जोरेबाँझ, रेगपाताल | | | |
| १३ | धाराखोला रझेना | २ | वृक्षारोपण | नयाँ | २०० | सेरिबाडा | २०० | गाउँपालिका | |
| १४ | सारदा वन वृक्षारोपण | ३ | वृक्षारोपण | नयाँ | ५३ | चाल्स पातिकाल्ला | २०० | गाउँपालिका | |
| १५ | मैलेपानी | ८ | श्रोत संरक्षण | नयाँ | २४ | गर्चा | २५० | गाउँपालिका | |
| १६ | बुडोखोला | ४ | श्रोत संरक्षण | नयाँ | ५६ | रतिखोला | ३५० | गाउँपालिका | |
| १७ | ठुलागैरा सुख्खा पोखरी निर्माण | ५ | सुख्खा पोखरी | नयाँ | २० | बडाकाँडा | ४५० | गाउँपालिका | |
| १८ | छौडेकाँडा सुख्खा पोखरी | ७ | सुख्खा पोखरी | नयाँ | २० | छौडेकाडा | ४५० | गाउँपालिका | |
| १९ | लामिडाडा | १ | पहिरो | नयाँ | ४२ | लामिडाडा | ७०० | गाउँपालिका | |
| २० | कुन्टापानी | ४ | श्रोत संरक्षण | नयाँ | २७ | पाल्त | २५० | गाउँपालिका | |
| २१ | वर्देखोला खानेपानी | ४ | श्रोत संरक्षण | नयाँ | १० | काबर काट मैनाखी | ४०० | गाउँपालिका | |
| २२ | ढाँडापानी खानेपानी ख | ४ | श्रोत संरक्षण | नयाँ | ४६ | चिसापानी | ४०० | गाउँपालिका | |
| २३ | भित्रीखोला खानेपानी | ४ | श्रोत संरक्षण | नयाँ | २७ | दोबाटो | ३५० | गाउँपालिका | |
| २४ | सरस्वती मा वि प्रावि शाखाको पहिरो नियन्त्रण | ३ | पहिरो नियन्त्रण | नयाँ | ७५ | चाल्स पातिकाल्ला | ८५० | गाउँपालिका | |
| २५ | रतिखोला तड्बन्धन योजना | ३ | तटबन्धन | नयाँ | ८ | रतिखोला | ७६० | गाउँपालिका | |
| २६ | सुखापोखरी | १ | सुख्खा पोखरी | नयाँ | ३४ | बेडुगाँउ | ४५० | गाउँपालिका | |
| २७ | वाउनडाडा | १ | पहिरो नियन्त्रण | नयाँ | ३३ | सेप्टि | ६८० | गाउँपालिका | |
| २८ | सिमसालधारा | १ | खोल्सी नियन्त्रण | नयाँ | १३ | पुर्नासैन | ४५० | गाउँपालिका | |
| २९ | रयाझे खोला | २ | खोल्सी नियन्त्रण | नयाँ | २५ | गयलसैन | ५०० | गाउँपालिका | |
| ३० | बेरुल्ली पानी | २ | श्रोत संरक्षण | नयाँ | ८ | बेरुल्ली | २५० | गाउँपालिका | |

तालिका -५२: पहिलो वर्षको लागि तर्जुमा गरिएको सुधारिएको पानीघट्ट योजना

| क्र.स. | योजनाको नाम | वडा नं. | श्रोतको नाम | योजनाको प्रकार | योजनाको प्रकृती | लाभान्वित घरधुरी | श्रोत नजिकको बस्ती | अनुमानित लागत (ने.रु. '०००) | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पिरेखोला लघु जल बिद्युत | ६ | पिरेखोला | लघु जल बिद्युत | मर्मत | २८० | तेस्राबाट | ३०० | गाउँपालिका | |
| २ | मैनखोला सुधारिएको पानीघट्ट | १ | मैनखोला ल घ १ | सुधारिएको पानीघट्ट | मर्मत | ७५ | सिमेसाल | ३०० | गाउँपालिका | |
| ३ | घट्टे खोला सुधारिएको घट्ट १ | ४ | घट्टे खोला | सुधारिएको पानीघट्ट | मर्मत | ५३ | पेटारी | ३०० | गाउँपालिका | |
| ४ | बिरोटा सुधारिएको पानीघट्ट | ५ | भैरी खोला | सुधारिएको पानीघट्ट | मर्मत | ५२ | गढीगाउ | ३०० | गाउँपालिका | |
| ५ | ओलारखेत मान ब. बुढाको सुधारिएको पानीघट्ट | ७ | ठुलोखोला | सुधारिएको पानीघट्ट | मर्मत | ४३ | खरेनि | ३०० | गाउँपालिका | |
| ६ | ओलारखेत मान ब. बुढाको सुधारिएको पानीघट्ट | ६ | ठुलोखोला | सुधारिएको पानीघट्ट | मर्मत | ६५ | जोरेबाँझ | ३०० | गाउँपालिका | |
| ७ | ओलारखेत मान ब. बुढाको सुधारिएको पानीघट्ट | ६ | ठुलोखोला | सुधारिएको पानीघट्ट | मर्मत | ६५ | जोरेबाँझ | ३०० | गाउँपालिका | |
| ८ | ओलारखेत मान ब. बुढाको सुधारिएको पानीघट्ट | ७ | झुज खोला | सुधारिएको पानीघट्ट | मर्मत | ६४ | तालकुना | ३०० | गाउँपालिका | |
| ९ | ओलारखेत मान ब. बुढाको सुधारिएको पानीघट्ट | ७ | झुज खोला | सुधारिएको पानीघट्ट | मर्मत | ६४ | आंगन | ३०० | गाउँपालिका | |
| १० | सल्लेरी खोला सुधारिएको पानीघट्ट | १ | सल्लेरी खोला | सुधारिएको पानीघट्ट | मर्मत | १२ | सल्लेरी | ३०० | गाउँपालिका | |
| ११ | पातला खोला सुधारिएको पानीघट्ट | १ | पातला खोला | सुधारिएको पानीघट्ट | मर्मत | १६ | पातलखोला | ३०० | गाउँपालिका | |
| १२ | लाल वीरको सुधारिएको पानीघट्ट | ४ | रति खोला | सुधारिएको पानीघट्ट | मर्मत | ७१ | लाटे | ३०० | गाउँपालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | टेक बहादुर बुढाको सुधारिएको पानीघट्ट | ४ | रति खोला | सुधारिएको पानीघट्ट | मर्मत | ७१ | लाटे | ३०० | गाउँपालिका | |
| १४ | रेशम केसीको सुधारिएको पानीघट्ट | ८ | झ्याजेखोला | सुधारिएको पानीघट्ट | मर्मत | ३१ | झ्याजे | ३०० | गाउँपालिका | |
| १५ | दिपक खत्रीको सुधारिएको पानीघट्ट | ८ | कालेखोला | सुधारिएको पानीघट्ट | मर्मत | ६३ | साउनेपानी | ३०० | गाउँपालिका | |
| १६ | लालविर वलीको सुधारिएको पानीघट्ट | ८ | पाल्तेखोला | सुधारिएको पानीघट्ट | मर्मत | १७ | टाङ्गकोट | ३०० | गाउँपालिका | |

तालिका -५३: पहिलो वर्षको लागि तर्जुमा गरिएका सरसफाइ योजनाहरु

| क्र.स. | योजनाको नाम | वडा नं. | योजनाको प्रस्तावित संरचनाहरु तथा लागत सम्वन्धित विवरण | | | कार्यान्वयन गर्ने जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | निर्माण हुने संरचना | संख्या | अनुमानित लागत (ने.रु. '०००) | | |
| १ | गुराँसे सार्बजनिक सौचालय निर्माण | ५ | सौचायल | १ | १५०० | गुराँस गाउँपालिका | |
| २ | तल्लो डुंगेश्वोर सार्बजनिक सौचालय निर्माण | २ | सौचायल | १ | १५०० | गुराँस गाउँपालिका | |
| ३ | पातिकान्ला सार्बजनिक सौचालय निर्माण | ३ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| ४ | धरमपोखरा सार्बजनिक सौचालय निर्माण | ८ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| ५ | बगौरा सार्बजनिक सौचालय निर्माण | ६ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| ६ | पातलखोला सार्बजनिक सौचालय निर्माण | १ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| ७ | घुम्ने बिसाउने सार्बजनिक सौचालय निर्माण | ७ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| ८ | देउतीस्थान सार्बजनिक सौचालय निर्माण | ३ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| ९ | घ्युपोखरी सार्बजनिक सौचालय निर्माण | ८ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| १० | भ्युचुला सार्बजनिक सौचालय निर्माण | ६ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| ११ | खड्कबाडा टिमिलेखोला सार्बजनिक सौचालय निर्माण | १ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| १२ | झुजखोला सार्बजनिक सौचालय निर्माण | ७ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| १३ | दोबाटो सार्बजनिक सौचालय निर्माण | ४ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| १४ | मिलनचौक सार्बजनिक सौचालय निर्माण | ६, ७, ८ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | सेट्टी सार्बजनिक सौचालय निर्माण | १ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| १६ | चिसापानी सार्बजनिक सौचालय निर्माण | ४ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| १७ | पुल्ते सार्बजनिक सौचालय निर्माण | ६ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| १८ | बुबईराखे सार्बजनिक सौचालय निर्माण | ५ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| १९ | गोगनपानी सार्बजनिक सौचालय निर्माण | ५ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| २० | चादनी चौक सार्बजनिक सौचालय निर्माण | ७ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| २१ | भ्युटावर सार्बजनिक सौचालय निर्माण | ५ | सौचायल | १ | १५०० | गुराँस गाउँपालिका | |
| २२ | एक घर एक फोहोर फाल्ने खाडल तथा कम्पोस्ट मल खाडल निर्माण कार्यक्रम | सबै | खाडल | १००० | २००० | गुराँस गाउँपालिका | |
| २३ | डुडापोखरा सार्बजनिक सौचालय निर्माण | २ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| २४ | कान्छी बजार सार्बजनिक सौचालय निर्माण | ५ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| २५ | लामातडा सार्बजनिक सौचालय निर्माण | ६ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| २६ | स्याउली बजार सार्बजनिक सौचालय निर्माण | २ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| २७ | ब्युराखेत सार्बजनिक सौचालय निर्माण | ५ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| २८ | शान्तीबजार सार्बजनिक सौचालय निर्माण | ५ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| २९ | रेगडाडा सार्बजनिक सौचालय निर्माण | ६ | सौचायल | १ | १२०० | गुराँस गाउँपालिका | |
| ३० | गुराँसे बजार फोहोर व्यवस्थापन | ४ | डम्पिंग साइट व्यवस्थापन | १ | १२०० | गुराँस गाउँपालिका | |
| ३१ | घोडाबास देखि तालपोखरी फोहोर व्यवस्थापन | ४ | डम्पिंग साइट व्यवस्थापन | १ | १२०० | गुराँस गाउँपालिका | |
| ३२ | सेट्टीदेखि तल्लो डुंगेश्वर फोहोर व्यवस्थापन | १, २ | डम्पिंग साइट व्यवस्थापन | १ | १२०० | गुराँस गाउँपालिका | |
| ३३ | धरमपोखरा फोहोर व्यवस्थापन | ८ | डम्पिंग साइट व्यवस्थापन | १ | १२०० | गुराँस गाउँपालिका | |
| ३४ | कान्छीबजार बुबईराखे फोहोर व्यवस्थापन | ६, ७ | डम्पिंग साइट व्यवस्थापन | १ | १२०० | गुराँस गाउँपालिका | |

## ७.३ बजारीकरण रणनीति तथा सरोकारवाला पहिचान


गुराँस गाउँपालिकाले जलउपयोग गुरुयोजना तयार भए पश्चात उच्च प्राथमिकतामा परेका आयोजनाहरु कार्यान्वयन गर्नका लागि लगानीको खोजी तथा कार्यरत विकास साझेदारहरुसंग आयोजना बाँडफाँट गरी आयोजना कार्यान्वयनको लागि सुनिश्चित गर्नेछ । गाउँपालिकाले गुरुयोजनाको प्रचारप्रसार गरी कार्यान्वयन गर्न लगानी जुटाउनका लागि गाउँपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा विकास साझेदार संघसंस्थाहरुसंग छलफल गरी सबैले जलउपयोग गुरुयोजनाको अवधारणा र प्राथमिकतालाई अवलम्बन गर्ने निर्णय गर्नेछन् । गुरुयोजना कार्यान्वयनका लागि तपसिलका रणनीति अपनाईने छन र यसका लागि सम्बन्धित समितिहरुलाई अझ सशक्त बनाइने छ ।

- गुराँस गाउँपालिकाको जलउपयोग गुरुयोजनाको सूचना प्रवाहको लागि यस गाउँपालिकाको वेबसाइटमा जलउपयोग गुरुयोजनाको अवधारणा, लक्ष्य, रणनीति र प्राथमिकतामा परेका आयोजनाहरुको विवरण आकर्षक रुपमा राखी उक्त आयोजनाहरुको कार्यान्वयन अवस्थाको मासिक रुपमा अद्यावधिक गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाले तयार गरेको गुरुयोजनाको प्रचारप्रसार गरी सङ्घीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालयहरु, विभागहरु, डिभिजन कार्यालयहरु, क्षेत्रिय आयोजनाहरुसंग लगानी सहकार्यका लागि समन्वय गर्ने नीति लिइनेछ ।
- गाउँपालिकास्तरका सरोकारवाला साझेदारहरुको आवश्यकता अनुसार समन्वय बैठक र अन्तक्रियाहरु आयोजना गरी गाउँपालिकाको गुरुयोजनाको प्राथमिकता अनुसारका आयोजना, यसका अवधारणा तथा रणनीति बमोजिम नयाँ आयोजनाहरु छनौट गर्ने तथा लगानी गर्ने प्रतिबद्धता सहितका कार्यक्रमहरु गर्ने नीति लिइनेछ ।
- गाउँपालिकास्तरमा जलउपयोग गुरुयोजनाको दीर्घकालिन सोच, लक्ष्य, रणनीति, तथा योजनाहरुको प्रचार प्रसार तथा समीक्षा गर्ने तथा जलस्रोत क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले तर्जुमा गरेका आयोजनामा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गर्ने नीति लिइनेछ ।
- जलउपयोग गुरुयोजनाको तथ्याङ्क अनुसारका जलस्रोतहरुको लगत, मूल-मुहान स्रोतको संरक्षण, सम्भाव्य उपयोग र लगानी सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु समय-समयमा सरोकारवालाहरु माझ सञ्चालन गर्ने नीति लिइनेछ ।
- क्षेत्रगत योजनाहरुमा लगानी सम्बन्धी दोहोरोपना हटाउन र गाउँपालिकाले प्राथमिकतामा राखेका जलस्रोत आयोजनाहरुमा लगानी केन्द्रित गर्न गाउँपालिकाको वार्षिक योजना तर्जुमा पूर्व विषयगत समितिका बैठकहरु मार्फत आगामी वर्षका योजना तथा कार्यक्रमहरु सरोकारवालाहरुसंगको उपलब्ध बजेट तथा सहकार्यका क्षेत्र अनुसार जलउपयोग गुरुयोजनामा प्राथमिकतामा रहेका आयोजनाहरु मध्येबाट बाँडफाँट गरी वार्षिक बजेट तथा कार्ययोजना बनाउने नीति लिइनेछ ।

गुराँस गाउँपालिकामा गुरुयोजना कार्यान्वयनको पहिलो वर्षमा जलस्रोत विकास क्षेत्रमा लगानी सहयोग गर्न सम्भाव्यता भएका मुख्यतया देहायका निकायहरु रहेका छन् ।

१. प्रदेश सरकार
२. सङ्घीय सरकार
३. हेल्भेटास नेपाल समेतका गुराँस गाउँपालिकामा कार्यरत विकास साझेदारहरु

गाउँपालिकाले जलउपयोग गुरुयोजनामा तर्जुमा भएका आयोजनाहरुमा सहकार्य गर्ने वा लगानी गर्ने सरोकारवालाहरुको पहिचान गर्नको लागि देहायको चित्रलाई ध्यानमा राखी गाउँपालिकाले लगानी गर्ने सरोकारवालाहरुको खोजि गर्नेछ ।




चित्र नं. १३ : जलस्रोत संरक्षण तथा जलउपयोग क्षेत्रका सरोकारवाला पहिचान चित्र

साथै पहिलो वर्षमा कार्यान्वयनका लागि तर्जुमा भएका जलस्रोत योजनाहरु हाल पहिचान भएका निकायहरुबाट मात्र लगानी सम्भव हुने नदेखिएकोले सरकारी निकाय, विकास साझेदार, गैरसरकारी संस्थाहरु र निजि क्षेत्रहरुलाई गुराँस गाउँपालिकाको जलउपयोग गुरुयोजना कार्यान्वनमा लगानी सहकार्य गर्नको लागि अनुरोध छ ।

| जल उपयोग गुरुयोजना कार्यान्वयन गर्न लगानी सहकार्य गर्ने सम्भावित सरोकारवालाहरु | | | | |
|---|---|---|---|---|
| सरोकारवाला संस्थाको नाम | क्रियाकलापको प्रकार | सम्भावित कार्य क्षेत्र (वडा/भुगोल) | निकाय /संस्थाको आर्थिक स्रोत (दातृ संस्था) | भविष्यमा सहकार्य हुन सक्ने क्षेत्र |
| **हेल्भेटास नेपाल** | जलस्रोत व्यवस्थापन | गाउँपालिकाका सबै वडाहरु | हेल्भेटास र च्यारिटी वाटर | खानेपानी, बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| **प्रदेश सरकार, खानेपानी डिभिजन कार्यालय** | खानेपानी, सरसफाइ तथा स्वच्छता | गाउँपालिकाका सबै वडाहरु | प्रदेश सरकार | खानेपानी, सरसफाइ, स्वच्छता, खानेपानी प्रशोधन प्रणाली निर्माण |
| **खानेपानी विभाग, सङ्घीय खानेपानी आयोजना कार्यालय** | खानेपानी, सरसफाइ तथा स्वच्छता | गाउँपालिकाका सबै वडाहरु | सङ्घीय सरकार, खानेपानी विभाग | खानेपानी, सरसफाइ, स्वच्छता, खानेपानी प्रशोधन प्रणाली निर्माण |
| **बैकल्पिक उर्जा प्रवर्धन केन्द्र** | जल उर्जा | गाउँपालिकाका सबै वडाहरु | नेपाल सरकार, बहु राष्ट्रिय सहयोग | लघु/साना जलविद्युत, सुधारिएको घट्ट, परम्परागत घट्ट, नयाँ, मर्मत विस्तार, क्षमता अभिवृद्धि , मर्मत सेवा केन्द्र स्थापना, अनुसन्धान, अध्ययन |
| **वन तथा भूसंरक्षण  विभाग** | वातावरण तथा पर्यावरण संरक्षण | गाउँपालिकाका सबै वडाहरु | सङ्घीय सरकार, वन तथा भूसंरक्षण  विभाग | वन संरक्षण, पहिरो नियन्त्रण, नदि नियन्त्रण, नर्सरी |
| **सिंचाई विभाग** | सिंचाइ | गाउँपालिकाका सबै वडाहरु | सङ्घीय सरकार, सिंचाइ विभाग | परम्परागत सिंचाइ, लघु सिंचाइ |
| **विकास सझेदारहरु र गैर सरकारी संस्थाहरु** | खानेपानी, सरसफाइ तथा स्वच्छता, विद्यालय वास, स्वास्थ्य, लैङ्गिक समानता तथा समावेशीकारण | गाउँपालिकाका सबै वडाहरु | विकास सझेदारहरु | खानेपानी, सरसफाइ तथा स्वच्छता, विद्यालय वास, अपाङ्गता  भएका व्यक्तिहरुको लागि कार्यक्रम, समावेशी कार्यक्रम , जनचेतना, स्वस्थ्य |

## ७.४ जलाधार/उपजलाधार क्षेत्र व्यवस्थापन रणनीति

गुराँस गाउँपालिकाले पालिका भित्र रहेका चार वटा उपजलाधार क्षेत्रहरुमा एकिकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तमा आधारित जलउपयोग गुरुयोजना लागु गरि जलाधार क्षेत्रको वातावरण तथा पर्यावरणमा वृद्धि गर्ने तथा जलस्रोतहरुको सन्तुलित, न्यायोचित तथा ईस्टतम उपयोग गरि सामाजिक न्यायमा आधारित सेवास्तरमा वृद्धि र आर्थिक सम्वृद्धि हासिल गर्ने रणनीति लिएको छ ।

यस पालिकामा मूल मुहानहरुको क्षमता सुख्खा महिनामा निकै नै कम हुने तथ्याङ्कले देखाएकोले मूलमुहान तथा खोला खोल्सी क्षेत्रहरुमा व्यापक रुपमा जलस्रोत संरक्षणका आयोजनाहरु तर्जुमा गरि कार्यान्वियन गर्ने नीति लिइनेछ । गुराँस गाउँपालिका पहाडी क्षेत्र भएको बर्षातको ४ महिनामा १५०० मिलिमिटर सम्म वर्षा हुने भएतापनि बर्षातको पानी सतहबाट बगेर गई केहि महिनामा नै पानीका मुहान तथा खोलाहरुमा पानीको बहाव निकै कम हुने गरेको छ । गुरु योजनामा तर्जुमा भएका जलस्रोत संरक्षणका आयोजनाहरु कार्यन्वयन गरी यस क्षेत्रको पहाडमा परेको बर्षातको पानीलाई जमिनमा वा जमिन भित्र सके सम्म धेरै परिमाण धारण गरि सुख्खा महिना सम्म पानी लाई भण्डारण गर्ने रणनीति लिइनेछ । यसरी यस क्षेत्रका पहाडहरु सुख्खा महिना सम्म रसिलो भई पानी भण्डारण टंकीको रुपमा कार्य गर्नेछ र तर्जुमा भएका जलउपयोगका आयोजनाहरुका लागि सुख्खा महिनामा समेत धेरै परिमाणमा पानी उपलब्ध हुनेछ । यसरी गुराँस गाउँपालिकाले पानीको पुर्नभरण, पुर्नधारण र पुनर्प्रयोग सिद्धान्तमा आधारित जलाधार संरक्षण गर्ने नीति लिइनेछ ।

## ७.५ गुरुयोजना पुनरालोकन तथा अध्यावधि गर्ने संयन्त्र

गुराँस गाउँपालिकाले जलउपयोग गुरुयोजना कार्यान्वयन, पुनराबलोकन तथा अद्यावधिक गर्नका लागि पालिका र वडाको निर्णय गर्ने र अनुगमन तथा समिक्षा गर्ने संरचनाहरुमा सुधार तथा समितिहरुलाई थप सक्रिय बनाइ देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

- गाउँ कार्यपालिकाले यस जलउपयोग गुरुयोजना कार्यन्वयनको लागि संस्थागत संरचनाहरुको विस्तार गर्ने र जलस्रोत सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुलाई थप सक्रिय बनाउने कार्य गर्नेछ । यसरी गाउँ कार्यपालिकाले जलउपयोग गुरुयोजना कार्यान्वयनको लागि यस गुरुयोजनाले परिकल्पना गरेको संस्थागत संरचनाहरुको विस्तार गरी सबैको जिम्मेवारी दिने कार्य गर्नेछ ।
- गाउँ कार्यपालिकाले गाउँपालिका स्तरमा यस जलउपयोग गुरुयोजना कार्यन्वयनको अनुगमन, समिक्षा, पुनराबलोकन, गुरुयोजना अद्यावधिक सम्बन्धी निर्णयहरु गर्नेछ ।
- गाउँ कार्यपालिकाले कार्यपालिका अन्तर्गतका समिति र उपसमितिहरुलाई यस जलउपयोग गुरुयोजना कार्यन्वयनका विभिन्न विषयहरु: खानेपानी, सिंचाइ, जलउर्जा, वातावरण तथा पर्यावरण, लैङ्गिक तथा समावेशी, सुशासन आदिमा अनुगमन गरी सुझावको लागि जिम्मेवारी दिनेछ ।
- गाउँपालिका स्तरीय जलस्रोत सरसफाइ तथा स्वच्छता समन्वय समितिले यस जलउपयोग गुरुयोजना कार्यान्वयनको अनुगमन गरी सुझाव दिनेछ । जस अन्तर्गत जलस्रोत सेवा सञ्चालन व्यवस्थापनको अवस्था, खानेपानीको गुणस्तर परिक्षण, खानेपानी सेवा स्तर उन्नति, लैङ्गिक तथा समावेशी रणनीति कार्यान्वयनको अवस्था, अपांगता भएका व्यक्तिहरुको सहभागिता र खानेपानीमा पहुँच आदिको स्थलगत अनुगमन तथा तथ्याङ्क विश्लेषण गरि सुझाव दिनेछ । यस समितिले मासिक रुपमा अनुगमन गरी निर्देशन/सुझाव दिनेछ ।

- वडा स्तरीय जलस्रोत सरसफाइ तथा स्वच्छता समन्वय समितिले यस जलउपयोग गुरुयोजना कार्यन्वयनको अवस्था प्रत्येक महिनामा अनुगमन गरी सुझाव दिनेछ ।
- टोल सरसफाइ समितिलाई सक्रिय बनाई यस जलउपयोग गुरुयोजना कार्यन्वयन गर्दा समावेशी र कोहि पनि नछुट्ने परिकल्पना गरे अनुसारको भएको अनुगमन गरि समावेशी सुनिस्चित गर्न सुझाव दिनेछ ।
- पालिका र वडास्तरका समिति र उपसमितिहरुको संरचनाहरुलाई थप समावेशी बनाइने छ।

गाउँपालिकाले यस जलउपयोग गुरुयोजना कार्यान्वयन गर्नको लागि पालिका र वडा कार्यालयको प्राविधिक कार्य गर्ने संरचनाहरुको विस्तार गरि देहाय बमोजिमका प्राविधिक कार्यहरु गर्नेछ ।

- गाउँपालिकामा जलस्रोतको प्राविधिक कार्य गर्नको लागि हाल रहेको खानेपानी इकाईलाई विस्तार गरी पानी परिक्षण प्रयोगशाला सहितको जलस्रोत शाखामा क्षमता विस्तार गरिने छ ।
- गाउँपालिका स्तरीय जलस्रोत शाखाले यस गुरुयोजना कार्यन्वयन गर्न प्राविधिक कार्य एवं जलस्रोतको गुणस्तर परिक्षण कार्य गर्नेछ ।
- साथै वडा कार्यालयहरुमा समेत जलस्रोत इकाई स्थापना गरिनेछ । यस इकाईको क्षमता विकास गरि जलस्रोत आयोजना सञ्चालन व्यवस्थापन कार्यन्वयन तथा सेवा प्रदायकहरुको क्षमता विकास गर्न प्राविधिक कार्य गर्नेछ ।
- गाउँपालिका स्तरमा पानी परिक्षण प्रयोगशाला स्थापना गरी क्षमता विकास गरिनेछ । यस प्रयोगशालाले नियमित पानी परिक्षण तथा खानेपानीको गुणस्तर सर्वेक्षण गरी विश्लेषण प्रस्तुत गरी सुझाव गर्नेछ ।

गाउँपालिकाले यस गुरुयोजना कार्यान्वयन गर्नको लागि जलस्रोत सेवा सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन तथा सेवास्तर उन्नति अवस्था सम्बन्धी तथ्याङ्क अध्यावधिक तथा विश्लेषण गर्ने संरचनाहरुको स्थापना तथा क्षमता विस्तार गरी देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

- जलस्रोत सेवा सञ्चालन व्यवस्थापन तथा सेवास्तर अवस्थाको तथ्याङ्क मासिक रुपमा अध्यावधिक गरी विश्लेषण गर्न जलस्रोत सेवाको तथ्याङ्क गाउँपालिका स्तरमा स्थापना गरिने छ । यो जलस्रोत तथ्याङ्क इकाई गाउँपालिका स्तरीय जलस्रोत शाखामा राखिने छ । जलस्रोत सेवा सञ्चालन व्यवस्थापन तथा सेवास्तर अवस्था विश्लेषण गर्ने कार्य यस इकाईले जलस्रोत शाखा, पानी परिक्षण प्रयोगशाला र सेवा प्रदायकहरुको समन्वयमा तथ्याङ्क अध्यावधिक गर्ने कार्य गर्नेछ ।
- यस जलस्रोत तथ्याङ्क इकाईले प्रत्येक महिना जलस्रोत सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकमा जलस्रोत सेवा सञ्चालन व्यवस्थापनको अवस्था र उपभोक्ताहरुलाई उपलब्ध गराएको सेवास्तरको अवस्था विश्लेषण गरी प्रस्तुत गर्नेछ ।
- प्रत्येक वर्ष जलस्रोत आयोजनाहरुको "उपभोक्ता सन्तुष्टि सर्वेक्षण" गरी पालिका स्तरीय जलस्रोत सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकमा प्रस्तुत गर्नेछ ।
- जलस्रोत सेवा प्रदयेकहरुको स्व-मुल्यांकन प्रतिबेदन वार्षिक रुपमा संकलन तथा अध्यावधिक गरी प्रत्येक आयोजनाको जलस्रोत सेवा सञ्चालन व्यवस्थापन अवस्था विश्लेषण गरी प्रतिवेदन प्रस्तुत गर्नेछ ।

## ७.६ गुरुयोजना कार्यान्वयन रणनीति

गुराँस गाउँपालिकाले यस जलउपयोग गुरुयोजना २०८०-२०८४ कार्यान्वयन गर्दा देहाय बमोजिमका रणनीतिहरु अवलम्वन गर्नेछ ।

**७.६.१ प्राथमिकतामा आधारित जलस्रोत आयोजना कार्यान्वयन रणनीति:**

यस गाउँपालिकाले जलउपयोग गुरुयोजनामा तर्जुमा भएका आयोजनाहरुको निर्धारित प्राथमिकता बमोजिम आयोजनाहरुको वार्षिक बजेट विनियोजन तथा कार्यान्वयन गर्ने नीति लिनेछ ।

**७.६.२ जलस्रोत आयोजना सञ्चालन तथा व्यवस्थापन रणनीति:**

- जलस्रोत आयोजना सञ्चालन व्यवस्थापनको लागि सेवा प्रदायकको क्षमता र अन्य उपलब्ध स्रोतको आधारमा जलस्रोत सेवा सञ्चालन व्यवस्थापन कार्यविधि लागु गरिनेछ । जलस्रोत सेवा सञ्चालन व्यवस्थापन कार्यविधि अन्तर्गत जलस्रोत आयोजनाहरुको सेवा सञ्चालन व्यवस्थापनका प्रामाणिक सञ्चालन विधिहरु (Standard Operating Procedure) को प्रयोग गरी आयोजनाहरुको सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन गरिनेछ जस अन्तर्गत जीवनचक्र खर्चको आधारमा जलस्रोत सेवा महशुल निर्धारण, सेवास्तर उन्नति अवस्था, जलस्रोतको क्षमता अनुगमन, पानीको गुणस्तर परीक्षण तथा अनुगमन, निरोधात्मक सम्भार, गुनासो व्यवस्थापन, लेखा व्यवस्थापन, स्वमुल्यांकन आदि समावेश रहनेछ ।

**७.६.३ समावेशी जलस्रोत रणनीति:**

- निर्धारित लक्ष्य हासिल गर्नको लागि यस गुरुयोजनाका क्रियाकलापहरु कार्यान्वयन गर्दा सम्भावित जोखिममा रहेका व्यक्तिहरुको आवश्यकतालाई सम्बोधन गरिने छ । यसरी कार्य गर्दा त्यस्ता व्यक्ति र वर्गलाई "कुनै हानी नगर्नुहोस" भन्ने सिद्धान्तलाई पालना गरिने छ।
- जलस्रोत आयोजनाको सेवा महशुल निर्धारण गर्दा महशुल तिर्न नसक्ने अति विपन्न घरधुरीहरु (महिला वा ज्येष्ठ नागरिक वा अपाङ्गता  भएका ब्यक्ति घरमुली भएका अति बिपन्न घरधुरीहरु समेत) पहिचान गरी उक्त घरधुरीहरुको लागि प्रत्येक वर्ष सहुलियत दरमा महशुल निर्धारण गर्ने नीति लिइनेछ । साथै एक वर्षमा उक्त घरपरिवारको आय वृद्धि गरी महशुल तिर्न सक्ने बनाउनको लागि आयआर्जन मुलक क्रियाकलाप गर्न जलस्रोत सेवा प्रदायक संस्थालाई उक्त घरपरिवारहरुलाई सहयोग गर्न अनुरोध गरिने छ ।
- जलस्रोत आयोजनाको सेवास्तर वृद्धि गर्दा कोहि पनि नछुट्ने गरी महिला, पुरुष, बालबालिका, अल्पसंख्यक, पिछडिएका र जोखिममा रहेका जातजाति सबैको लागि सेवा उपलब्ध हुने गरी कार्यक्रम लागु गरिनेछ । आयोजनामा सहभागी गराउनको लागि आयोजना निर्माण र सेवा शुल्कमा यस्ता सिमान्तकृत वर्गहरुलाई विशेष क्षमता अनुसारको सहभागिता वा सरकार वा समुदायले विशेष सहुलियत दिने नीति लिईनेछ । ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरुलाई यस गुरुयोजनाको कार्यान्वयनमा अनिवार्य अवलम्वन गरिनेछ ।
- गुरुयोजना कार्यान्वयन एवम् जलस्रोत आयोजना सञ्चालन व्यवस्थापनका प्रत्येक तहका निर्णय प्रक्रियामा महिला, दलित, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, आदिको सहभागिता सुनिश्चित गरिनेछ ।

### ७.६.४ अपाङ्गता भएका व्यक्तिहरुको लागि जलस्रोत रणनीति:

- खानेपानीमा पहुँचको लागि अरुको सहयोग आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि अरुको सहयोग आवश्यक पर्ने स्तरीकरणको आधारमा प्राथमिकीकरण गरी पहुँच पुराउने साथै जलउपयोग गुरुयोजना तर्जुमा/अद्यावधिक गर्दा, जलस्रोत आयोजनाको डीपीआर बनाउँदा, क्षमता अभिवृद्धि कार्यक्रम बनाउँदा र कार्यान्वयन गर्दा अपाङ्गता भएका व्यक्तिहरुको स्थानीय संस्थासंगको सहभागितामा गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको खान र स्वच्छता ब्यबहारमा पानीको पहुँच सुनिश्चित गर्नको लागि सरसफाइ तथा स्वच्छता ब्यबहार परिवर्तनका कार्यक्रमहरु गाउँपालिकाको पहलमा अपाङ्गता भएका व्यक्तिहरुको संस्था र स्थानीय सरकारको सहभागितामा गरिने छ ।

### ७.६.५ जलस्रोत आयोजना कार्यान्वयन तथा नीति निर्माण रणनीति:

- गुरुयोजना कार्यान्वयन गर्दा मापदण्ड बनाई लागु गरिनेछ एवम् नियमन गरिनेछ । यसका लागि गाउँपालिकाले आवश्यक मापदण्ड, कार्यविधि, ऐन तथा निर्देशिका तयार गरी लागु गर्नेछ ।
- साथै यस गुरुयोजना कार्यान्वयन गर्नको लागि गाउँपालिकाले गाउँपालिका र वडास्तरमा आवश्यक संस्थागत संरचना विस्तार तथा क्षमता विकास गर्नेछ । यस रणनीति अनुसारका संस्थागत संरचनाहरु विस्तार गरी जिम्मेवारी दिनेछ ।
- गाउँपालिकाले जलउपयोग गुरुयोजना कार्यान्वयनको लागि गुरुयोजनाको आधारमा वार्षिक योजना तर्जुमा गरी आवश्यक वार्षिक बजेट विनियोजन गर्नेछ । साथै प्रदेश सरकार, सङ्घीय सरकार र विकास साझेदारहरुसंग यस जलउपयोग गुरुयोजना कार्यान्वयन गर्न सहकार्यका लागि पहल गर्नेछ ।

गुराँस गाउँपालिकाले जलउपयोग गुरुयोजना कार्यान्वयन गर्नको लागि देहाय अनुसारका संस्थागत संरचना तथा जिम्मेवारी रहने रणनीति लिएको छ ।

<u>निर्णय गर्ने संस्थागत संरचना:</u> यस गाउँपालिकाको गाउँ कार्यपालिकाले जलउपयोग गुरुयोजना कार्यान्वयन सम्बन्धी सम्पूर्ण निर्णयहरु गर्नेछ । साथै गुरुयोजना बजारीकरणको प्रमुख जिम्मेवारी समेत गाउँ कार्यपालिकाको हुनेछ ।

<u>कार्यान्वयन गर्ने संस्थागत संरचना</u>: जलउपयोग गुरुयोजनाको कार्यान्वयन गाउँ कार्यपालिका अन्तर्गतको जलस्रोत व्यवस्थापन बोर्ड वा जलस्रोत शाखाले गर्नेछ ।

<u>अनुगमन गर्ने संस्थागत संरचना:</u> जलउपयोग गुरुयोजना कार्यान्वयनको अनुगमन जलस्रोत/खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले गर्नेछ ।

**अस्वीकरण:**

यो प्रतिवेदन गुराँस गाउँपालिका र हेल्भेटास नेपालको आर्थिक सहयोग तथा सोसेक नेपालको प्राबिधिक तथा सहजिकणका कारण सम्भव भएको हो । यस प्रतिवेदन भित्रका विषयवस्तु र सामग्री गुराँस गाउँपालिकाको एकल जिम्मेवारी हुन् र तिनले हेल्भेटास नेपाल र सोसेक नेपालको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।